घिरिंग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ

# घिरिंग गाउँपालिकाको आवधिक योजना

## अन्तिम प्रतिवेदन

असाढ २०७८

Submitted By:
NPES-EERC-Eco Zone (JV)
Amarsingh-10, Pokhara

# आभार

घिरिंग गाउँपालिकाको आवधिक योजनाको तर्जुमा गर्ने कार्य प्रदान गर्नु भएकोमा सर्वप्रथम घिरिंग गाउँपालिकाका अध्यक्ष श्री रन बहादुर थापा ज्यू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौ। साथै योजना तर्जुमा प्रक्रिया अगाडी बढाउन आवश्यक सहयोग तथा समन्वय गरिदिनु भएकोमा प्रशासकिय अधिकृत श्री रमेश सुवेदी ज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछौ। स्थलगत अध्ययन तथा योजना तर्जुमा प्रक्रियाका क्रममा आवश्यक सहोयोग तथा समन्वय गरिदिनु भएकोमा गाउँपालिका योजना शाखा प्रमुख ई. ज्योति थापा (निमित्त सव ई. विदुर मराठा) ज्यू लाई पनि धन्यवाद दिन चाहन्छौ। साथै स्थलगत अध्ययन क्रममा सहयोग तथा समन्वय गरिदिनुहुने गाउँपालिकाका कर्मचारी, वडा अध्यक्ष तथा छलफलमा सहभागीता जनाई आवश्यक जानकारी तथा सरसल्लाह प्रदान गर्नुहुने सम्पूर्ण स्थानीयहरुलाई धन्यवाद दिन चाहन्छौ।

परामर्शदाता
**NPES-EERC-Eco Zone (JV)**

# विकास तथा सम्वृद्धिको यात्रा

## अध्यक्ष

नेपालको संविधान २०७२ ले कल्पना गरे अनुसार स्थानीय निकाय पुर्नसंरचना गर्दै अधिकार सम्पन्न स्थानीय तह संञ्चालन भईरहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निदिष्ट गरे अनुसार हरेक स्थानीय तहले एकीकृत योजना तयार गर्नु पर्ने व्यवस्था गरेको छ । यसै परिप्रेक्ष्यमा घिरिङ गाउँपालिकाले गाउँपालिकाको आवाधिक विकास योजना तयार गरेको हो । यस योजना पुस्तिका घिरिङ गाउँपालिकाको बार्षिक, आवधिक तथा रणनितिक योजना तर्जुमाको लागि आधारभूत दस्तावेजको रुपमा रहनेछ । साथै यस दस्तावेजलाई आधिकारिक योजना दस्तावेजको रुपमा सबै सरोकारवालाहरुले प्रयोग गर्न सक्नेछन् । यस योजनाले संकेत गरेका लक्ष्य तथा रणनीतिहरु आगामी आर्थिक बर्षहरुको लागि विकास योजना छनौट तथा प्राथमिकिरणमा सहयोग पुग्ने भएकोले यस योजना अनुसार गाउँपालिकाको आगामी योजनाहरु छनौट तथा कार्यान्वयन हुदै जानेछन् । साथै यस गाउँपालिकासँग समन्वय र साझेदारीमा कामगर्ने सवै संघसंस्था, नीजि क्षेत्र र सवै निकायले यसै आवधिक योजनामा उल्लेख भएका लक्ष्य उद्धेश्य अनुसार आफ्ना बार्षिक गतिविधि कार्यान्वयन गर्दैजानु पर्छ ।

यस घिरिङ गाउँपालिकाको आवधिक योजना तयारी प्रकृयामा सहयोग गर्नुहुने गाउँपालिकाका सम्पूर्ण कार्यपालिका सदस्य ज्यूहरु, वडाका निर्वाचित जनप्रतिनिधिज्यूहरु, गाउँपालिका कार्यालयका कर्मचारी, वडा कार्यालयका कर्मचारी, राजनैतिक दल, बुद्धिजिवी, समाजसेवी, बिषयगत कार्यालयहरु लगायत यस कार्यमा औपचारिक तथा अनौपचारिक रुपमा संलग्न हुनुहुने सवैमा गाउँपालिकाको तर्फवाट हार्दिक  धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा, यस घिरिङ  गाउँपालिकाको आवधिक गाउँ विकास योजना तयारीका सम्पूर्ण प्रकृयामा प्राविधिक सहयोग उपलब्ध गराउनुहुने सहयोगी संस्था NPES-EERC-*E*co *Z*one (JV) लाई विशेष कृतज्ञता ज्ञापन गर्दछु ।

.....................

रन बहादुर राना

अध्यक्ष

**घिरिङ गाउँपालिका**

## उपाध्यक्ष

नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधीनमा रही यस गाउँपालिकाको दिगो र द्रुत विकासका लागि "कृषि, पर्यटन, एतिहासिक धरोहर सम्बृद्ध घिरिङ निर्माणमा हाम्रो सरोकार" भन्ने सोचका साथ यो आवधिक योजना तयार गरिएको छ । घिरिंग गाउँपालिकाको विकासको पहिलो मार्गचित्र भएकाले यसमा समयअनुसार सुधार गर्दै यसले निर्दिष्ट गरेको दूरदृष्टिमा आधारित लक्ष्य र उद्दे श्य प्राप्त गर्न निरन्तर ने तृत्वदायी भूमिका खेलिने छ।

यस आवधिक योजनाले जनताको सहभागितामा समग्र गाउँपालिकाले आमूल रूपान्तरण गरे र नेपालको संविधानले परिकल्पना गरे अनुसारको समाजवाद उन्मुख समाज निर्माण गर्ने लक्ष्य लिएको छ। यस गाउँपालिकाले निर्दिष्ट गरेका विकासका सिद्धान्त, दूरदृष्टि, लक्ष्य, उद्दे श्य, रणनीति, कार्यनीति, कार्यक्रम र क्रियाकलापहरू त्यस दिशातर्फ उन्मुख हुने गरी निर्माण गरिएका छन्।

गाउँपालिकाबासिहरुको खुसी र समृद्धि नै यस आवधिक यो जनाको पहिलो र अन्तिम लक्ष्य हो। पालिकावासीहरूमा समर्पित यस आवधिक योजना तयार गर्न विविध पक्षहरूमा सहयो गर्नुहुने पालिकाका सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, अमूल्य सल्लाह उपलब्ध गराउनुहुने सम्पूर्ण राजनीतिक पार्टीका नेता तथा कार्यकर्ता, शिक्षिका÷शिक्षक र छलफलमा सहभागी सम्पूर्ण गाउँ पालिकावासी दिदी÷बहिनी तथा दाजु÷भाइ अनि विज्ञ समूहका सदस् यहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु।

................................

सरस्वती घिमिरे (सिग्देल)

उपाध्यक्ष

**घिरिङ गाउँपालिका**

# प्रमुख प्रशासकीय अधिकृत

"कृषि, पर्यटन, एतिहासिक धरोहर सम्बृद्ध घिरिङ निर्माणमा हाम्रो सरोकार " भन्ने लक्ष्यको साथ घिरिंग गाउँपालिकाको अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना छनौट गरी आबधिक योजना २०७८/७९ – २०८२/८३ निर्माण गरिएको छ । यस गाउँपालिकाको विकास र सम्बृद्धिका लागि पहिचान गरीएका प्राथमिकताहरु, किटान भएका कार्यक्रमहरु तथा योजनाहरु विनियोजन भएको बजेटको प्रभावकारीता स्थानीय स्तरमा त्यतीबेला मात्र देखिन जान्छ जति बेला यी सबै कार्यक्रमहरुमा प्रत्यक्ष लाभान्वित सरोकारवाला जनताको स्वःस्फूर्त रुपमा अधिकतम् जनसहभागिता, साझेदारी प्राप्त हुने गरी प्रभावकारी हुन जानेछन् ।

यो आवधिक योजनाका तर्जुमाका क्रममा गाउँपालिकालाई अत्यन्त खुला हिंदयका साथ सौहार्दपूर्ण सहयोग गर्नुहुने आदरणीय अध्यक्ष, उपाध्यक्ष ज्यू, सम्पूर्ण निर्वाचित जनप्रतिनिधिज्यूहरु, लक्ष्य, योजना र नीति कार्यक्रमप्रति ऐक्यबद्धता प्रर्दशन गर्नुहुने सबै राजनीतिक दलका नेतृत्ववर्गहरु, विषयगत दक्षता ज्ञान सहित रायसुझाव, सल्लाह प्रदान गर्नुहुने विषयगत कार्यालयका प्रमुख एवं राष्ट्रसेवकहरु आवधिक योजनामा तर्जुमा खट्ने ५ वटै वडाका सचिव र कर्मचारी साथीहरु प्रति धन्यवाद दिन चाहन्छु । साथै यस आबधिक योजनाको छलफल कार्यक्रममा उपस्थित भई गहन राय सुझाव सल्लाह दिनुहुने पालिका स्तिथ सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनीधिहरु, विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरु र योजना तयार पार्ने परामर्शदाता NPES-EERC-Eco Zone (JV) का सम्पूर्ण सदस्यहरु लाई विशेष आभार प्रकट गर्न चाहन्छु ।

...............................

रमेश सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

**घिरिङ गाउँपालिका**

# बिषय सूची


परिच्छेद १ परिचय ..... 2

१.१ पृष्ठभूमि ..... 2

१.२ गाउँपालिकाको आवधिक योजनाको औचित्य ..... 3

१.३ योजना तर्जुमाको उद्देश्य ..... 4

१.४ आवधिक योजना सम्बन्धि कानुनी तथा नीतिगत ब्यवस्थाः ..... 4

१.५ आवधिक योजना तर्जुमा तथा प्रक्रिया ..... 7

१.५ अध्ययनको सीमा ..... 7

परिच्छेद २ बस्तुस्थिति विश्लेषण ..... 9

२.१ गाउँपालिकाको परिचय ..... 9

२.२ भौगोलिक अवस्थिति ..... 9

२.३ नदीनाला तथा तालपोखरी ..... 11

२.४ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू ..... 11

२.५ वन तथा वनस्पती ..... 11

२.६ स्थानीय चाडपर्व तथा जात्रा र मेला ..... 14

२.७ कृषि ..... 14

२.८ पशुपालन ..... 14

२.९ जनसंख्या विवरण तथा बनौट ..... 14

परिच्छेद ३ योजनाको अवधारणा र प्रारुप ..... 16

३.१ दीर्घकालिन सोच तथा ध्येय ..... 16

३.२ लक्ष्य ..... 17

३.३ उद्देश्य ..... 17

३.४ समष्टीगत रणनीतिहरु ..... 18

३.५ नतिजा तालिका ..... 18

परिच्छेद ४ आर्थिक विकास योजना ..... 19

४.१ वस्तुस्थिति विश्लेषण ..... 19

४.२ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ..... 22

परिच्छेद ५ सामाजिक विकास योजना ..... 32

५.१ वस्तुस्थिति विश्लेषण ..... 32

परिच्छेद ६ भौतिक पूर्वाधार विकास योजना ..... 40

६.१ वस्तुस्थिति विश्लेषण ..... 40

६.२ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ..... 43

६.२.४ कार्यक्रम तथा योजना ..... 44

परिच्छेद ७ वातावरण, वन तथा विपद् व्यवस्थापन योजना ........ 47
७.१ वस्तुस्थिति विश्लेषण ........ 47
७.१.१ वन तथा जैविक विविधता ........ 47
७.१.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन ........ 49
समस्या तथा चुनौती........ 49
७.१.३ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन ........ 49
७.१.४ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ........ 50
**७.२ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम** ........ 51
७.२.१ लक्ष्य........ 51
७.२.२ उद्देश्य ........ 51
७.२.३ विषयगत रणनीति तथा कार्यनीति ........ 51
७.२.३ प्रमुख रणनीतिक कार्यक्रम आयोजना (कार्यान्वयन योजना)........ 55
परिच्छेद ८ संस्थागत विकास तथा सुशासन योजना ........ 60
**रणनीति**........ 62
परिच्छेद ९ गाउँपालिका गौरवका योजना ........ 66
परिच्छेद १० कार्यान्वयन व्यवस्था........ 69
**१०.१ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना** ........ 69
**१०.२ स्रोत अनुमान तथा प्रक्षेपण**........ 71
**१०.४ स्रोत परिचालन रणनीति** ........ 76
**१०.५ आवधिक विकास योजना कार्यान्वयन**........ 77
**१०.६ अनुगमन तथा मूल्याङ्कन**........ 77
अनुसूचीहरु........ 80


INDEX MAP OF GHIRING RURAL MUNICIPALITY
Map No: 01
NEPAL
CHINA
INDIA
Sudur Pashchim Province
Karnali Province
Lumbini Province
Gandaki Province
Bagmati Province
Province 2
Province 1
TANAHUN DISTRICT
Shuklagandaki
Bhimad
Ghiring
Myagde
Vyas
Rhishing
Bhanu
Bandipur
Anbukhaireni
Devghat
SYANGJA
KASKI
LAMJUNG
GORKHA
DHADING
CHITAWAN
NAWALPUR
PALPA
PARBAT
PROVINCE-4
MUSTANG
MANANG
GORKHA
LAMJUNG
KASKI
TANAHUN
SYANGJA
PARBAT
MYAGDI
BAGLUNG
DOLPA
GHIRING RURAL MUNICIPALITY
Ghiring
Bhimad
Rhishing
Bulingtar
Bungdikali
Rampur
Chapakot
Harinas
Biruwa
Legend
Province Boundary
Ghiring Rural Municipal Boundary
Ghiring Rural Municipality
[PERIODIC PLAN]
Submitted To:
Office of Rural Municipal Executive
Ghiring Rural Municipality
Pokharichaap, Tanahun
Prepared By:
NPES-EERC-Eco Zone JV
Amarsingh-10, Pokhara
Coordinate System: Modified UTM84
Projection: Transverse Mercator
Datum: Everest Adj 1937
False Easting: 500,000.0000
False Northing: 0.0000
Central Meridian: 84.0000
Scale Factor: 0.9999
Latitude Of Origin: 0.0000
Units: Meter

# परिच्छेद १ परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ जारी भई सकेपछि नेपालको एकात्मकबाट संघीय व्यवस्था तिरको यात्राले संस्थागतरुप लिएको छ । यसरी गाउँपालिकालाई स्थानीय स्तरको विकास र निर्माणका लागि योजना तथा बजेट तर्जुमा गर्ने, कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी प्राप्त भएको छ । यसै व्यवस्थालाई थप परिभाषितगरी स्थानीय सरकारलाई जिम्मेवार बनाउनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी गरेको छ। यी सबै नीति नियमहरूले गाउँपालिकालाई राज्यको स्थानीय स्तरको कार्यकारी, व्यवस्थापकीय र केही न्यायिक अधिकार प्रदानगरी पूर्ण अधिकार सहितको स्थानीय सरकारको रूपमा स्थापना गरेको छ । यसरी स्थापना भएको गाउँपालिकाले जनतालाई सरल, छिटो छरितो र जनताले सुशासनको अनुभूति गर्नेगरी विकास, निर्माण र सेवा प्रवाहको काम गर्नेछ भन्ने कानुनी व्यवस्था र संवैधानिक परिकल्पना गरेको पाईन्छ । सोही व्यवस्था अनुरुप गाउँपालिकाले जनताको सर्वाधिक नजिकको सहजकर्ता भएर स्थानीय तहका सबै प्रकारका विकास र निर्माणका काम गर्न शुरुवात गरिसकेकोछ ।

यसरी हालको संघीय संरचनामा गाउँपालिका स्थानीय तहको पहिलो र स्थानीय जनताको सबैभन्दा नजिक रहेको स्वायत्त गाउँसरकारको रूपमा रहेकोछ । गाउँपालिकाले आफ्नो क्षेत्रको सबैखाले विकासको प्रक्रियालाई अघि बढाउनका लागि नेपाल सरकार र प्रदेश सरकारका निर्देशन र कानूनहरूको पालना गर्नुपर्ने हुन्छ । यस्ता व्यवस्था र राज्यको परिकल्पना अनुसार गाउँपालिकाले आफ्नो जिम्मेवारीलाई सरल र प्रभावकारी रूपले पूरा गर्नका लागि आफ्नो क्षेत्रको वार्षिक योजना र बजेट तर्जुमा गर्नु एउटा प्रमुख काम रहेको छ ।

यस्ता बार्षिक योजनाहरूलाई पारदर्शी, दीर्घकालीन सोचबाट निर्देशित र प्राथमिकतामा आधारित बनाउनका लागि निर्वाचनबाट आएका जनप्रतिनिधिहरूको पूर्ण अवधिका लागि एउटा आवधिक पञ्चबर्षीय योजना बनाउनुपर्ने आवश्यकता थियो । स्थानीय सरकार संचालन ऐन २०७४ ले पनि स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ अवस्थालाई विश्लेषण गरी वस्तुपरक ढंगले पञ्चबर्षीय योजना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । तर नेपालमा पहिलो पटक संघीयताको कार्यान्वयन गरिएको र स्थानीय तहको सरकार संचालनका लागि पर्याप्त पूर्व तयारी गर्न नसकिएकोले गाउँपालिकाले आफ्नो आन्तरिक व्यवस्था मिलाउँदा र सबै प्रक्रिया बुझ्दा ४ वर्ष पूरा हुन लागि सक्यो । यी विविध कारणहरूले गर्दा निर्वाचित जनप्रतिनिधिहरूको पूर्ण कार्यकाल अर्थात आ. व. २०७४।७५ देखि २०७८।७९ सम्मका लागि आवधिक पञ्चबर्षीय योजना निर्माणगर्न सम्भव भएन । ढिलै भएपनि निर्वाचित जनप्रतिनिधिहरूको कार्यकालको चौथो बर्ष अर्थात आ.व २०७८।७९ देखि लागु हुने गरी यो पञ्चबर्षीय आवधिक योजना निर्माण गर्ने प्रयास भएको छ ।

आवधिक योजना निर्माणका लागि गाउँपालिकाको गाउँपार्श्वचित्र (वस्तुगत विवरण) पहिलो आवश्यकता हो । उक्त बस्तुगत विवरणले ल्याएका तथ्य, तथ्याङ्कको विश्लेषण गरी सहभागितात्मक ढंगले गाउँपालिकाले आवधिक पञ्चबर्षीय योजना तर्जुमा गर्नुपर्ने हुन्छ । यसरी आवधिक योजना निर्माण गर्दा सहभागितामूलक प्रक्रिया अपनाउनु पर्ने र नतिजामूलक ढंगले योजनाहरूको छनौट र प्राथमिकीकरण गर्नुपर्ने भन्ने नेपाल सरकारको निर्देशनमा उल्लेख छ । त्यसैगरी प्रदेश सरकारको नीति, लक्ष, उद्देश्य र समय सीमा समेतको अनुकुल हुने गरी गाउँपालिकाले आफ्नो आवधिक योजना तर्जुमा गर्नुपर्ने हो । यसका साथै सुशासन, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, लैङ्गिक

तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित बिषयहरूलाई समेत ध्यान दिनु पर्ने हुन्छ। यसरी निर्माण गरिएको आवधिक योजना वस्तुनिष्ट हुन सक्ने कुरा राज्यले परिकल्पना गरेको छ। सोही अनुरुप नै यो आवधिक योजना निर्माण गर्ने प्रयास गरिएको छ।

यस परिप्रेक्ष्यमा नेपाल सरकारले समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन सोच अगाडि सारेको छ भने यस घिरिङ गाउँपालिकाले परामर्शदाता कम्पनी एनपीईएस-ईईआरसी-इकोजोन जे भी को प्राविधिक सहयोगमा गाउँपालिकाको विकासलाई दीर्घकालीन सोच, रणनीति तथा प्राथमिकताहरूसहित योजनाबद्ध हिसाबले अघि बढाउन यो आवधिक योजना निर्माण तर्जुमा गरी जारी गरेको छ।

## १.२ गाउँपालिकाको आवधिक योजनाको औचित्य

वर्तमान ऐन तथा नियमावलीहरूले गाउँपालिकाका बिषयगत समितिहरूलाई गाउँपालिका स्तरमा योजना तर्जुमा गर्नका लागि जिम्मेवार बनाएको छ। तीनै बिषयगत समितिका संयोजक लगायत सदस्यहरूको अगुवाईमा तयार हुने गाउँपालिको आवधिक योजना यस्तो दस्तावेज हो जसले गाउँपालिकाको समग्र विकास प्रयासलाई एउटा निश्चित दिशाबोध गर्दछ। गाउँपालिकाको समग्र वस्तुस्थितिलाई विश्लेषणगरी तयार पारेको पञ्चबर्षीय योजनाले बार्षिक योजनाको छनौट तथा प्राथमिकीकरण गर्न सजिलो र पारदर्शी बनाउँदछ।

घिरिङ गाउँपालिका जस्तो गाउँपालिकामा केन्द्र तथा प्रादेशिक सरकारबाट आउने नियमित अनुदान र आफ्नो आम्दानीबाट मात्र स्थानीय जनताले चाहना गरे अनुसारका विकासका योजनाहरू सम्पन्न गर्न कठिनाई हुन्छ। वस्तुपरक ढंगले तयार पारिएको पञ्चबर्षीय योजना छ भने आफ्नो नियमित स्रोत बाहेक प्रदेश वा केन्द्र सरकारबाट आशा गरिएका योजनाहरू माग गर्न र आफ्नो मागलाई पुष्टिगर्न यस दस्तावेजले एउटा बलियो आधार प्रदान गर्दछ।

त्यसैगरी गाउँ वा जिल्लामा कामगर्ने स्वदेशी तथा विदेशी गैरसरकारी निकायहरूलाई एकद्बार प्रणालीमा ल्याउने भन्ने नेपाल सरकारको परिकल्पना छ। त्यस्ता संस्थाहरूलाई आफ्नो क्षेत्रमा गाउँपालिकाले आधिकारिक रूपमा तोकेको प्राथमिकतामा कामगर्ने वातावरण मिलाउन पनि यस प्रकारको योजनाले सहयोग गर्दछ। सहयोग गर्ने मात्र नभएर त्यस्ता संघ संस्थाहरूलाई गाउँपालिकाले पाँच बर्षका लागि तोकेका कार्यक्रम र प्राथमिकतामा योगदान पुग्ने गरी काम गर्न यो दस्तावेजले निर्देशित समेत गर्दछ।

समग्रमा गाउँपालिकाको आवधिक योजना भनेको गाउँपालिकाको आगामी पाँचबर्षको विकासको मार्ग चित्र हो। यसले विकासका प्राथमिकता, मोटामोटी रूपमा आँकलन गरिएको बजेट तथा आम्दानीका सम्भाव्य स्रोतहरू समेतको किटान गरेको हुन्छ। यस प्रकारको लामो समयको योजनाबाट हरेक बर्ष बार्षिक योजना तर्जुमा गर्ने समयमा के गर्ने ? कहाँ गर्ने ? जस्ता विवादका बिषयहरू न्यूनीकरण हुँदै जानेछन्। आवधिक योजनाले जनप्रतिनिधिहरू माथि हरेक बर्ष बार्षिक योजना बनाउने समयमा आउने अनावश्यक दवावलाई कमगर्न पनि सहयोग गर्दछ किनभने बार्षिक योजनाको छनौट र बजेट विभाजन आवधिक योजनाको आधारमा गरिन्छ जसलेगर्दा बार्षिक योजना प्रकृया पारदर्शी, व्यवस्थित र छिटो छरितोढंगले निर्माणगर्न सकिने खालको हुन जान्छ।

आवधिक योजना निर्माण र सफल कार्यान्वयन गर्नु भनेको सुशासनको एउटा आधार स्तम्भ खडा गर्नु वा बलियो बनाउनु पनि हो। आवधिक योजनाले आफ्नै गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरूलाई जे मनलाग्यो त्यही गर्नबाट

केही हदसम्म रोक्ने काम गर्दछ । यस प्रकारको योजनाले उपलब्ध भएको सीमित श्रोत साधनको अधिकतम उपयोग गर्नेगरी बार्षिक कार्यक्रमहरूलाई क्रमबद्ध र चरणबद्ध योजनाको ढाँचामा ढाल्न मद्दत गर्दछ जसले गर्दा गाउँपालिकाको स्रोत संकलन र प्राप्त स्रोतको खर्चलाई व्यवस्थित र पारदर्शी बनाउन सहयोग पुग्दछ । यसरी पारदर्शी भएर स्रोतको सदुपयोग गर्नु भनेको शासन प्रणालीलाई सुशासनतर्फ अगाडि बढाउनु पनि हो ।

## १.३ योजना तर्जुमाको उद्देश्य

गाउँपालिका क्षेत्रको समग्र विकासको दीर्घकालीन सोच, निर्धारित अवधिको लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र तोकिएको लक्ष्य प्राप्त गर्नकालागि आवश्यक रणनीति तथा कार्यनीतिहरू पहिचान गरी परिभाषित गर्ने मार्गचित्र सहितको दस्तावेज नै आवधिक योजना हो । यस्तो आवधिक योजनाले निश्चित अवधिकालागि विकास र निर्माणको सन्दर्भमा गाउँपालिकालाई आफूले चाहेको गन्तव्यतर्फ डोऱ्याउने काम गर्दछ । गाउँपालिका वाहेक स्थानीय स्तरमा कार्यरत सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई समेत विकासको एउटै मुलधारमा ल्याई गाउँपालिकाको नेतृत्वमा योजनाबद्ध र एकीकृत विकास प्रक्रियालाई मार्गदर्शन गर्नसक्ने खालको दस्तावेज निर्माण गर्नु गाउँपालिकाको आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य हो । समग्र उद्देश्यहरूलाई बुंदागत रूपमा यस प्रकार राखिएको छ ।

१. गाउँपालिकाले तयार गरेको गाउँपालिकाको वस्तुगत विवरणका आधारमा गाउँपालिका क्षेत्रको विकास तथा परिवर्तनको दीर्घकालिन सोच, निर्धारित अवधिको लक्ष, उद्देश्य, रणनीति र लगानीको प्राथमिकता निर्धारण गर्ने ।
२. गाउँपालिका क्षेत्रभित्र रहेका र बाहिरबाट प्राप्त गर्न सकिने सम्भावना देखिएका श्रोतको अवस्था विश्लेषण गरी गाउँपालिकाबासी तथा सरोकारवालाको चाहाना तथा सहभागितात्मक छलफलका आधारमा गाउँपालिकाको विकासको पाँच बर्षको खाका तयार गर्ने ।
३. गाउँपालिकाको विकास प्रयासलाई मार्गदर्शन गर्ने सन्दर्भमा आशा गरिएका उपलव्धीहरू प्राप्त गर्नका लागि आवश्यक पर्ने कार्यनीति तथा आगामी पाँच बर्षका लागि प्रमुख कार्यक्रमहरू निश्चित गर्ने ।
४. गाउँपालिका क्षेत्रको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासकालागि साझेदार तथा सरोकारवालाहरूलाई एकैथलोमा राखी विकासमा साझा उत्तरदायित्व सिर्जना गर्न सहयोग गर्ने खालको दस्तावेज निर्माण गर्ने ।
५. आगामी पाँच बर्षसम्म गरिने काम र नीति सम्बन्धी छलफल मार्फत सबै तहका सरकार तथा प्रशासन संयन्त्रमा कामगर्ने जनप्रतिनिधि तथा कर्मचारीहरू जनताका सेवक हुन् भन्ने कुराको विश्वसनीयता बढाउने ।
६. गाउँपालिकाको विकास प्रयासहरूको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका तथा जिम्मेवारीको (के कामको अनुगमन कस्ले र कहिले र कसरी गर्ने) निश्चित गर्ने ।

## १.४ आवधिक योजना सम्बन्धि कानुनी तथा नीतिगत ब्यवस्थाः

सर्बप्रथम नेपालको संविधान २०७२ स्थानीय सरकारको योजनावद्ध विकासको प्रेरणाको स्रोत हो । यसै संविधानको भावनालाई थप प्रस्ट्याउनका लागि जारी गरिएको स्थानीय सरकार संचालन ऐन २०७४ ले किन र कसरी योजनावद्ध

विकास अगाडि बढाउने भन्ने कुरा विस्तृत रूपमा बताएको छ। नेपालमा संघीय पद्धतिको पहिलो पटक कार्यान्वयन भएको हुँदा यस्ता कानुनी व्यवस्थाहरू अझै पनि बन्दै जाने र व्यवस्थित हुँदै जाने क्रममा छन्।

गाउँपालिकाले आफ्नो आवधिक योजना निर्माणगर्दा नेपालको संविधान, यस अन्तर्गतका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र राज्यले अख्तियार गरेका विकास नीतिहरूसंग प्रतिकुल नहुने गरी निर्माण गर्नु पर्दछ। त्यसैगरी संविधान तथा अन्य कानूनहरूले तोकेका स्थानीय तहको अधिकारहरू, संघीय एवं प्रदेशस्तरीय कानून तथा स्थानीय सरकार आफैले बनाएका कानून र नीतिसँग पनि यस्तो योजना बाझिनु हुँदैन । राज्यको नीति एकातिर र गाउँपालिकाको योजना अर्कैतिर हुन सक्तैन। यसका साथै आवधिक योजना बनाउदा राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रहरू, जस्तै – सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई समेत ध्यान दिनु पर्ने हुन्छ। यी नै नीतिगत व्यवस्था अनुसार गाउँपालिकाले आवधिक योजना बनाउँदा ध्यान दिनु पर्ने पक्षहरू तल उल्लेख गरिएकोछ।

१. **अधिकतम सहभागितामा निर्माण गर्ने:** गाउँपालिकाले आवधिक योजना तर्जुमा गर्दा स्थानीय बुद्धिजीवि, विषयविज्ञ, समाजका अनुभवी व्यक्तित्वहरू, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागिता गराउनु पर्ने हुन्छ।

२. **बनाउने मात्र नभएर कार्यान्वयन गर्ने मनसायले बनाउने:** गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरूको सूची, प्राथमिकता, कार्यान्वयन गरिने बर्ष र सम्भाव्य स्रोतको समेत पहिचान गरी आवधिक योजनाले निर्दिष्ट गरेका प्राथमिकताका आधारमा बार्षिक योजना बनाउने परिपाटीलाई सुनिश्चित गर्नु पर्ने हुन्छ।

३. **विश्वसनीय आधार सहितको योजना बनाउने:** आवधिक योजनामा आयोजनाहरूको मोटामोटी संभाव्यता अध्ययनको आधारमा आवश्यकपर्ने स्रोत र साधनको पूर्वानूमान, केन्द्र तथा प्रादेशिक सरकारबाट समेत सहयोगको अपेक्षा गरिने हुनाले त्यस्ता आयोजनाहरू साझेदारीमा संचालन गर्नका लागि विश्वसनीय आधार खुलाउनु पर्ने हुन्छ ।

४. **पहिलेनै चलिरहेका योजना राखिरहनु नपर्ने:** केन्द्र वा प्रदेश सरकारले गाउँपालिका क्षेत्रभित्र धैरैबर्षमा सम्पन्न हुने गरी विशेष योजनाका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरिसकेका आयोजनाहरू सोही प्रक्रिया बमोजिम कार्यान्वयन गर्नु पर्ने हुन्छ। यसका लागि आवधिक योजनामा पार्नका लागि राखिरहनु पर्दैन तर त्यस्ता आयोजनाहरूमा गाउँपालिकाले गर्नु पर्ने समन्वय र सहजीकरणको काम आवधिक योजनामा राख्नु पर्ने हुन्छ।

५. **सबै खालका योजनाको समन्वय र अनुगमन गाउँपालिकाले गर्ने सोच राख्ने:** जुनसुकै स्तरको सरकारको लगानीमा स्थानीय स्तरमा कार्यान्वयन गरिएका विकास आयोजनाहरूको आवश्यक समन्वय तथा अनुगमनको काम स्थानीय सरकारको हुने हुँदा यो पक्ष र जिम्मेवारीलाई आवधिक योजनाले पथ प्रदर्शन गर्न सक्नु पर्दछ।

६. **सबै सरोकारवालाहरूलाई एउटै धारमा ल्याउन मार्गप्रसस्त गर्ने:** गैरसरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँगको समन्वयमा रही कार्य गर्नुपर्ने र आफ्नो बार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनु पर्ने एवं स्थानीय

तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने कानूनी व्यवस्थालाई आवधिक योजनाले आत्मसात गर्नु पर्ने हुन्छ ।

७. **दरिलो स्थानीय सरकारको जिम्मेवारी झल्काउनेः** नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र कुनै पनि अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय तहसँगको समन्वयमा आफ्ना आयोजनाहरू संचालन गर्नुपर्ने कुरालाई आवधिक योजनाले थप जोड दिनुपर्ने हुन्छ ।

यस घिरिङ गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा संवैधानिक व्यवस्था तथा स्थानीय सरकार संचालन सम्बन्धी कानूनहरूका अतिरिक्त देहायअनुसार कानूनी तथा नीतिगत दस्तावेजहरूलाई पनि कानुनी आधारका रूपमा लिइएको छ ।

- नेपालको संविधान
- दिगो विकास लक्ष्य (सन् २०१५–२०३०)
- नेपाल सरकाबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्यविस्तृतीकरण प्रतिवेदन
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघ र प्रदेश सरकारले जारी गरेका विषयगत नीति, कानून तथा मापदण्ड (भूउपयोग नीति, कृषि विकास रणनीति, पर्यटन नीति, वन तथा वातावरण ऐन, विद्यालय क्षेत्र सुधार योजना तथा १५ बर्षे स्वास्थ्य क्षेत्र रणनीति, वहुक्षेत्रीय पोषण योजना, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड आदि)
- नेपाल सरकारको दीर्घकालिन सोच, पन्ध्रौ राष्ट्रिय योजना
- गण्डकी प्रदेश सरकारको प्रथम पन्च वर्षीय योजना (२०७६/७७ -२०८०/८१)
- नेपाल सरकार तथा प्रदेश सरकारको मध्यमकालीन खर्च संरचना
- नेपाल सरकार, प्रदेश सरकारबाट राजस्व बाँडफाँड, वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक तथा विशेष अनुदान, स्थानीय आय (कर शुल्क, सेवा शुल्क तथा दस्तुर), जनसहभागिता आदि
- विकासका अन्तरसम्बन्धित (साझा) विषयहरु (लैंगिक समानता तथा समावेशीकरण, सुशासन, वातावरण तथा विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन आदि )
- नेपाल सरकार र प्रदेश सरकारको अवलम्बन गरेका आर्थिक नीतिहरु
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरु तथा नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिवद्धताहरु

## १.५ आवधिक योजना तर्जुमा तथा प्रक्रिया

यस घिरिङ गाउँपालिकाको विस्तृत स्वरुपको आवधिक योजना गाउँ कार्यपालिकाबाट तयार गरी गराई गाउँपालिका सभाबाट स्वीकृत गरी लागु गर्ने गाउँपालिका कार्यकारी परिषदको सोच र निर्णय बमोजिम देहायबमोजिमको विधि तथा प्रक्रिया अनुसार यो आवधिक योजना तर्जुमा गरिएको छ ।

क. **आवधिक योजना तर्जुमा कार्यविधि तयारी तथा स्वीकृतिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ को व्यवस्था तथा घिरिङ गाउँपालिकाको आर्थिक ऐन २०७४ अनुसार गाउँपालिकाको आर्थिक बर्ष २०७५।७६ को वार्षिक निति तथा कार्यक्रमआवधिक योजना तर्जुमामा गर्ने भन्ने गाउँपालिकाले मिति २०७५।०३|१० मा निर्णय गरेको थियो ।

ख. **योजना तयारी कार्याशालाः** यस गाउँपालिकाको आवधिक योजना तर्जुमा सम्बन्धी प्रारम्भिक छलफल गर्नका लागि एक गोष्ठी २०७७ चैत ८ गते गाउँपालिकाको आयोजना र एनपीईएस-ईईआरसी-इकोजोन जेभीको सहजीकरणमा गाउँपालिका केन्द्र आयोजना गरिएको थियो । यो कार्यशालामा गोष्ठीमा सामान्यरुपमा आवधिक योजना तर्जुमा के कसरी गर्ने भन्ने प्रक्रियाको बारेमा छलफल भयो । त्यस छलफल पश्चात वडास्तर को सूचना संकलन, प्रमुख समस्या र विगत बर्षका विकास योजनाको बारेमा ५ वटै वडामा छलफल आयोजना गरिएको थियो ।

ग. **वस्तुस्थिति विश्लेषणः** घिरिङ गाउँपालिकाले तयार पारेको पार्श्वचित्र अर्थात वस्तुगत विवरण जुनमा गाउँपालिकाको भौगोलिक तथा भौतिक अवस्थिति, जनसांखिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्था सहितको विषयगत वस्तुस्थिति विवरण समावेश गरिएको छ । उक्त विवरणमा उल्लेखित तथ्य र तथ्याङ्कलाई आवधिक योजना निर्माणको आधार लिइएकोछ । यसै वस्तुगत विवरण तथा छलफलहरूबाट आएका जानकारीहरूका आधारमा गाउँपालिकाको विषयगत वस्तुस्थिति विश्लेषण गरिएको छ ।

घ. **योजना दस्तावेज मस्यौदा तयारीः** योजना तयारी कार्यशाला गोष्ठीमा भएको छलफल र विश्लेषणका निचोडका आधारमा तथा विवरणका आधारमा योजना दस्तावेजको मस्यौदा तयार गरियो । योजना दस्तावेजलाई मुख्य रूपमा परिचय, योजनाको अवधारणा तथा प्रारुप, आवधिक योजना र समग्र नतिजा तालिका सहित १० परिच्छेदमा विभाजन गरिएको छ । स्थानीय तहका अधिकार क्षेत्रका सवै विषयहरू र प्राविधिक पक्षहरूलाई तार्किक र वस्तुनिष्ट रूपमा प्रस्तुत गरी अन्य योजनाविद् तथा विषयविज्ञहरूको समेत सुझाब लिई यो आवधिक योजना दस्तावेज लेखन तथा मस्यौदा तयारी गर्ने कार्य सम्पन्न गरियो ।

ङ. **योजना प्रमाणीकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारीः** कोभिड -१९ को नया भेरियेंट सहितको दोस्रो लहर को संक्रमण बढ्दै गएको सन्धर्भमा नेपाल सरकार द्वारा २०७८ बैशाख ६ गते जारी राजपत्रमा उल्लेख भए बमोजिम सभा सम्मेलन तथा अत्यवास्यक कार्य हरु को लागि निर्देशन जारी भएको अनुसार स्वास्थ्य मापदण्ड पुरा गरि २०७८/०३/१३ गते सम्पन्न गरियो ।

## १.५ अध्ययनको सीमा

यस गाउँपाललिकाको आवधिक योजना तर्जुमा प्रकृयालाई सके सम्म वस्तुनिष्ट, व्यवहारिक र सर्वसाधारणले बुझ्न सक्ने दस्तवेजको रूपमा तयार गर्ने भन्ने यस गाउँपालिकाको सोच र सोही अनुसार गर्ने परामर्शदाता संस्था यस गाउँपाललिकाको आवधिक योजना तर्जुमा प्रकृयालाई सकेसम्म वस्तुनिष्ट, व्यवहारिक र सर्बसाधारणले बुझ्न सक्ने

दस्तावेजको रूपमा तयार गर्ने भन्ने यस गाउँपालिकाको सोच र सोही अनुसार गर्ने परामर्शदाता संस्थाको प्रयास हुँदा हुँदै पनि केही सीमाहरू रहन गएका हुनसक्छन। त्यस्ता सीमाहरू छोटकरीमा यस प्रकार छन्।

१. आवधिक योजना तर्जुमा गर्ने सिलसिलामा गाउँपालिकाले उपलव्ध गराएको वस्तुगत विवरणमा उल्लेखित तथ्याङ्कहरूलाई प्रयोग गरिएको छ। यो विवरणको विश्वसनीयता आफैंमा एउटा सीमा हुन सक्तछ।

२. समय, भौगोलिक अवस्था र स्रोतको सीमितताले गर्दा योजना निर्माण गर्ने विज्ञ समूहका सबै सदस्यहरूले सबै वडाहरूको स्थलगत भ्रमण गर्न नसकेको अवस्था रहेको छ।

३. स्थानीय जनताको अपेक्षा, भौगोलिक अवस्था र सीमित साधन र स्रोत भएको गाउँपालिका भएका कारणले आवधिक योजनामा धेरै भन्दा धेरै प्रदेश र केन्द्र सरकारको सहयोगको आशामा योजना र बजेट राखिएको छ। त्यसैले पनि यो आवधिक योजनाको बजेट बढी महत्वकांक्षी देखिन गएको छ।

# परिच्छेद २ बस्तुस्थिति विश्लेषण

## २.१ गाउँपालिकाको परिचय

नेपालको एकीकरण पुर्व गण्डकी क्षेत्रको बाइसे राज्य मध्ये घिरिंग पनि एक रहेको थियो र घिरिङमा समाल वंशीय राजाको शासन चलेको थियो। तनहुँका राजा दिग्विजय सेनको समयमा गलेखामकोट, मिरलुङ्ग, घिरिङ्ग, गजरकोट, रामकोट र ढोर राज्यहरु तनहुँ राज्य विलय गराईएको थियो।

हाल तनहुँ जिल्लाको मध्य दक्षिण भागमा अवस्थित यस गाउँपालिका नेपालको संविधानको घोषणा अनुसार राज्य पुनसंरचना अन्तर्गत नेपालको गण्डकी प्रदेश, तनहुँ जिल्लामा रहेको छ। यस गाउँपालिका साविक गजरकोट गा.वि.सको ८ वटा वडा, साभुङ्ग भगवतीपुर गा.वि.स को ८ वटा वडा, घिरिङ्ग सुन्धाराको ९ वडा, राम्जाकोट गा.वि.स.को १ वटा वडा, माझकोट गा.वि.स.को १ वटा वडा मिली बनेको छ। यस गाउँपालिकाको पूर्वमा ऋषिङ गाउँपालिका, पश्चिममा पाल्पा र स्याङ्जा जिल्ला, उत्तर भिमाद ना.पा. र स्याङ्जा जिल्ला र दक्षिणमा नवलपरासी र पाल्पा जिल्ला पर्दछन्। यस गाउँपालिकाको प्रशासनिक कार्य साविक गजरकोट गाउँ विकास समितिको कार्यालयबाट हुने गरेको छ।

| गाउँपालिकाको राजनीतिक विभाजन | | |
|---|---|---|
| **हालको वडा** | **साविक भएका गाविसहरु** | **साविक गाविसका वडाहरु** |
| १ | गजरकोट | २,४,५,६,७ |
| | घिरिङ सुन्धारा | ३ |
| २ | गजरकोट | १,३,८ |
| | घिरिङ सुन्धारा | २,८,९ |
| ३ | घिरिङ सुन्धारा | ४,५,६,७ |
| | साभुङ्ग भगवतीपुर | ८ |
| | माझकोट | ६ |
| ४ | घिरिङ सुन्धारा | १ |
| | राम्जाकोट | ९ |
| | साभुङ्ग भगवतीपुर | १,५,९ |
| ५ | साभुङ्ग भगवतीपुर | ३,४,६,७ |

## २.२ भौगोलिक अवस्थिति

यस गाउँपालिकाको सिमानाले पाल्पा, स्याङ्जा जिल्ला र नवलपरासी गरी ३ वटा जिल्ला छोएको छ। यसको पूर्व–दक्षिणमा नवलपरासी जिल्लाको बौदिकाली गा.पा, दक्षिण–पश्चिममा पाल्पा जिल्लाको रामपुर र निश्दी गा.पा पर्दछ। त्यसैगरि पश्चिम उत्तरमा स्याङजा जिल्लाको चापाकोट र हरिनास गा.पा पर्दछन। पहाडी भिरालो धरातलीय स्वरुपले बनेको यस गाउँपालिका समुन्द्र सतह देखि ३०० मीटर देखि १००० मिटर सम्मको उचाईमा फैलिएर रहेको यस गाउँपालिका २७' ७०' ६" देखि २७' ५८' ४८" सम्मको उत्तरी अक्षांस र ८४' ०१' २१" देखि ८४' ०५' १.०४" पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ। यस गाउँपालिकाको कुल क्षेत्रफल करिब १२६ वर्ग किलोमीटर रहेको छ। यस गाउँपालिकाको केन्द्र तनहुँ जिल्लाको सदरमुकाम दमौलीबाट ५४ किलोमिटर को दुरी मा रहेको छ भने पृथ्वी

राजमार्गको खैरेनीटार बजारबाट भिमाद हुँदै १ घण्टा मा पुग्न सकिन्छ ।



## २.३ नदीनाला तथा तालपोखरी

यस गाउँपालिकामा रहेका मुख्य नदिमा पाल्पा र नवलपुरको सिमाना भै बग्ने कालिगण्डकी नदि रहेको छ। यस गाउँपालिकामा रहेका अन्य खोलाहरु गोफा खोला, फदुवा खोला, नौली खोला मुख्य हुन्। गाउँपालिकाका विभिन्न स्थानहरू भएर बग्ने यी नदीनाला तथा खोलाहरूले प्रशस्त जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता नदीनाला, खोलाहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेला बखत आंशिकरुपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास, र अव्यवस्थित निर्माणले प्राकृतिक नदीनाला तथा खोलाहरूमा भूक्षय भई पुरिने क्रम जारी छ।

## २.४ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषी, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ। विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले पूरा विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ।

प्राकृतिक नदी, खोलाहरू र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने भएकोले आन्तरिक तथा बाह्य पर्यटकहरूको भ्रमण हुने गर्दछ। पर्यटकीय तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण मानिने काल भैरब मन्दिर, कामधेनु ढुंगा मन्दिर, राज भंगेर, मंदारकाली गुफा यस गाउँपालिकाको मुख्य धार्मिक स्थलहरु हुन्। त्यसै गरि घिरिंगकोट, थानीमाई, शिवालय यस गाउँपालिकाको मुख्य एतिहासिक स्थानको रुपमा रहेको छ। यसका अतिरिक्त स–साना मन्दिर, चर्च आदि यहाँका विभिन्न धार्मिक आस्था र मान्यता राख्नेहरूका लागि पवित्र र दर्शन गर्ने स्थानहरू हुन् जस्ले यस गाउँपालिकको विविधता प्रस्तुत गरेका छन।

यस गाउँपालिकामा स्वच्छ हावापानी लगायत मनोरम दृष्य भएका धार्मिक स्थलहरू, मन्दिर तथा ठाउँ ठाउँमा स–साना गुफा रहेका कारण पर्यटकका लागि सम्भावना बोकेको क्षेत्रको रूपमा लिन सकिन्छ। यहाँ भएका पर्यटकीय स्थलहरूलाई व्यवसायिक रूपमा लैजाने हो भने यहाँ रोजगारीका अवसरहरू पनि सिर्जना हुने सम्भावना देखिन्छ।

१. दृश्यावलोकन, यात्रा तथा साईकल यात्राका लागि,
२. कृषि पर्यटकका लागि गाउँपालिका क्षेत्रमा रहेका टनेला, टहरा र आधुनिक र पुरातन मिश्रित खेती प्रणालीका लागि
३. दैनिक वनभोज, वनस्पति अवलोकनका लागि
४. ध्यान तथा आत्मशान्तिका लागि

## २.५ वन तथा वनस्पती

यस गाउँपालिकाको जम्मा जमिनको ५६.९ (७२०६.८३ हेक्टर) प्रतिशत वनक्षेत्रले ढाकेको छ। यस क्षेत्रमा साल, चिलाउने, कटुस,सल्लो, उतिस, देवदार र धुपी मुख्य रुख प्रजाति हुन्। गैरकाष्ठ प्रजातिहरूमा लौठे सल्लो, पाखनवेद, हातेजडी, सतुवा, पाँचऔंले, अत्तिस, चिराइतो, पदमचाल, काकरसिरा, बोझो, डेमच्चा , बनलसुन, भ्याकुर, तामा बाँस आदि प्रमुख हुन्। यसै गरी गाउँपालिकामा पाईने विभिन्न वन्यजन्तुहरूमा दुम्सी ,बाँदर, स्याल, बँदेल, चितुवा,

भालु आदि तथा चराचुरुङ्गीहरूमा ढुकुर, बकुल्ला, चिल, कालिज, सिम कुखुरा, गिद्ध, कोइली, जुरेली, भंगेरा, फिस्टा, सुँगा, चिवे, मयुर, जलेवा, कोकले, धोविचरा, माटिकोरी, तोपचरा, निलकण्ठ आदि प्रजातिका चराचुरुङ्गीहरू पाइन्छन् । घिस्रने जन्तुहरू गोमन, छेपारो, अजिँगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग तथा विभिन्न माछा प्रजातिहरू असला, कत्ले, सहर, बाम, र उभयचरमा पाहा पाइन्छ ।

वनसंग सम्बन्धित चुनौतीहरू पनि धेरै छन् । जङ्गल र सिमसार क्षेत्रमा स्थानीय समुदायको बढ्दो हस्तक्षेप, छाडा छाडिने घरेलु जनावरबाट वन विनाश, चोरीका कारण संरक्षित वन विनाश, विकास निर्माण सम्बन्धी गतिविधि र अव्यवस्थित बस्तीहरूको कारणले प्राकृतिक स्रोतको दोहन अनियन्त्रित रूपमा हुँदै आएको अवस्था छ ।


Map No: 05
LANDCOVER MAP
GHIRING RURAL MUNICIPALITY
Rhishing
Bhimad
Bulingtar
Bungdikali
Nisdi
Rampur
Chapakot
Harinas
Khairenitar-Bhimad-Ghumarighat Road
Kaligandaki NS Corridor
W-1
W-2
W-3
W-4
W-5
Coordinate System: Modified UTM84
Projection: Transverse Mercator
Datum: Everest Adj 1937
False Easting: 500,000.0000
False Northing: 0.0000
Central Meridian: 84.0000
Scale Factor: 0.9999
Latitude Of Origin: 0.0000
Units: Meter
Legend
Other Municipal Boundary
Ward Boundary
Strategic Road Network
Rural Road Network
Landcover Category
Built up
Bush
Cultivation
Forest
Sand
Waterbodies
[PERIODIC PLAN]
Submitted To:
Office of Rural Municipal Executive
Ghiring Rural Municipality
Pokharichaap, Tanahun
Prepared By:
NPES-EERC-Eco Zone JV
Amarsingh-10, Pokhara
LOCATION INDEX
NEPAL
CHINA
INDIA
0 0.75 1.5 3 4.5 6
Km

## २.६ स्थानीय चाडपर्व तथा जात्रा र मेला

यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश मगर तथा हिन्दु धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाती र सम्प्रदायका आ–आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, होली, चैते दशैं, साउने–माघे संक्रान्ती, माघी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी–हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंशी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, क्रिशमस डे, नयाँ वर्ष, आदि चाडपर्वहरू रहेका छन् ।

## २.७ कृषि

कृषि क्षेत्र घिरिङको आर्थिक क्षेत्रको प्रमुख आधार भएकाले स्थानीय उत्पादनको वृद्धि र विकास गर्न तथा बजारीकरण गर्न तर्फ विशेष ध्यान दिनु पर्ने देखिन्छ । तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ । यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा वृद्धि हुनु र खेती योग्य जमिनको अभाव विस्तारै सिर्जना हुनु पनि हो । कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सबै ठाउँमा सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानु यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुन् ।

यस गाउँपालिकाभित्र उत्पादन हुने खाद्यान्न बालीमा धान, मकै, गहुँ, कोदो, जौ, फापर हुन भने फलफुलमा कागती, सुन्तला, आरु वखडा, नास्पाती, अम्बा, केरा हुन । यस्तै दलहन बालीमा मास, केराउ, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, तिल उत्पादन हुन्छ भने तरकारी खेती आलु, बन्दा, प्याज, काउली, भिन्डी, लसुन, टमाटर, गाँजर हुन।

## २.८ पशुपालन

घिरिङ गाउँपालिकामा पशुपालन एक प्रमुख पेशाको रुपमा रही आएको भएतापनि पशु व्यवसायलाई उत्पादक र व्यवसायिक रुपमा विस्तार गर्न सकिएको छैन । विशेषगरी गाई, भैसी, बाख्रा, सुँगुर, बुंगुर, कुखुरा, परेवा र हाँस नै यहाँका मुख्य घरपालुवा जनावर हुन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरूको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाख्रा र बंगुरतर्फ उन्नत जातका भालेहरूसँग प्रजनन गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरूमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन ।

## २.९ जनसंख्या विवरण तथा बनौट

गाउँपालिकाको डिजिटल प्रोफायल २०७७ अनुसार यस गाउँपालिकाको जम्मा घरधुरी ३,३७७ र जनसंख्या १९,३१८ रहेको छ । जसमा पुरुष जनसंख्या कुल ८,२२५ (४२.६%) र महिला जनसंख्या कुल ११,०९३ (५७.४ % रहेको देखिन्छ । यस सम्बन्धी वडागत विवरण देहाय बमोजिम तालिकामा रहेको छ ।

| वडा नम्बर | जनसंख्या | | | घरधुरी | क्षेत्रफ़ल (वर्ग किमि) | जनघनत्व | औसत परिवारको आकार |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | | | | |
| १ | १८१५ | २३७४ | ४१८९ | ९८१ | १९.२९ | 217.2 | 4.3 |
| २ | १५५० | २०६७ | ३६१७ | ७५७ | ३१.४४ | 115.1 | 4.8 |
| ३ | १४९३ | २०३९ | ३५३२ | ७५३ | २२.६८ | 155.7 | 4.7 |
| ४ | १८७५ | २४८१ | ४३५६ | ८७९ | ४१.३४ | 105.4 | 5.0 |
| ५ | १४९२ | २१३२ | ३६२४ | ७६७ | ११.८१ | 306.9 | 4.7 |
| **जम्मा** | **८,२२५** | **११,०९३** | **१९,३१८** | **३,३७७** | **१२६.५६** | **१५२.६** | **५.७** |

*स्रोतःडिजिटल प्रोफायल,घिरिंग  गाउँपालिका, २०७७*



# परिच्छेद ३ योजनाको अवधारणा र प्रारुप

## ३.१ दीर्घकालिन सोच तथा ध्येय

वस्तुस्थिति विश्लेषण विवरण तथा गाउँपालिकाको स्थिति पत्र (प्रोफाइल), द्वितीय स्रोतवाट प्राप्त आधार सूचना तथा आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीमा प्रस्तुत गाउँपालिकाको वस्तुस्थिति विश्लेषण, सहभागितामूलक छलफल तथा परामर्शका आधारमा विकासका संभावना, अग्रणी क्षेत्र र गाउँपालिकावासीले चाहेको अवस्थालाई मध्यनजर गर्दै देहायअनुसार दीर्घकालिन सोच तयार गरिएको छ :

**"कृषि, पर्यटन, एतिहासिक धरोहर**

**सम्बृद्ध घिरिङ निर्माणमा हाम्रो सरोकार "**

गाउँपालिकाको उपरोक्त दीर्घकालिन सोचलाई साकार पार्न कृषि, पर्यटन,वातावरण र शिक्षालाई उच्च प्राथमिकता दिई देहायअनुसार विकासको निर्देशन सिद्धान्त तय गरिएको छ ।

१. **पर्यटन, कृषि, र शिक्षा क्षेत्रमा उच्च प्राथमिकताः** गुणस्तरीय शिक्षा, पर्यटन तथा कृषिको विकास, विस्तार र प्रवधर्नद्वारा समृद्धिको आधार तयार गरिनेछ ।

२. **स्थानीय अर्थतन्त्रको विकास र विस्तारः** संघ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य, उद्देश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्यको माध्यमद्वारा स्थानीय अर्थतन्त्रको विकास र विस्तार गरी समृद्धिको आधार तयार गरिनेछ ।

३. **व्यवस्थित भू–उपयोग र योजनाबद्ध विकासः** राष्ट्रिय भू–उपयोग नीति २०७६ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भू–उपयोगको नीति तर्जुमा तथा पालना अभिबृद्धि गर्ने संयन्त्र र कानूनी र नीतिगत व्यवस्था गरिनेछ । भूउपयोग नीति अनुसार निर्धारण भूउपयोग क्षेत्रअनुसार हरियाली विकास, फोहोरमैला व्यवस्थापन र प्रदुषण नियन्त्रण गरी वातावरणीय स्वच्छता कायम गरिनेछ ।

४. **उत्पादनमूलक, जलवायु तथा विपद् उत्थान्शील पूर्वाधारः** भू–उपयोग योजनाको आधारमा बस्ती तथा भौतिक पूर्वाधार विकास, पर्यटन तथा कृषि विकास जस्ता विषय क्षेत्रगत रणनीतिक/गुरुयोजना तर्जुमा गरी सो अनुसार पूर्वाधार विकास र सुविधा अभिबृद्धि गरिनेछ । पूर्वाधार तथा संरचना निर्माण गर्दा रोजगार, उत्पादन तथा आयमूलक क्षेत्रमा जोड दिने नीति अवलम्बन गरिनेछ । साथै पूर्वाधार निर्माण गर्दा जलवायु अनुकुलन आयोजनामा विशेष प्राथमिकता दिने तथा संरचना निर्माण गर्दा वातावरण संरक्षण ऐन, नियम तथा कार्यविधि अनुसार वायोइञ्जिनियरिङ्ग र संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ । कोभिड १९ र सो पश्चातको अवस्थालाई ध्यानमा राखी कृषि उत्पादन, प्रशोधन र स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित घरेलु उद्योग विकास लगायत आर्थिक पुनलार्भका कार्यक्रम प्राथमिकतासाथ संचालन गरिनेछ ।

५. **प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनः** वडा कार्यालय तथा गाउँपालिकालाई प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको रुपमा विकास गर्दै जनतालाई शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी, सरसरफाई लगायतका सेवा सुविधा प्रत्याभूति गरिनेछ । यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस

योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धीको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ।

६. **अन्तर सरकार, निजी, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्य:** पूर्वाधार निर्माण तथा संचालन, सेवा प्रवाहमा अन्तर सरकार, निजी, गैर सरकारी, सहकारी र समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धीलाई प्रभावकारी गरिनेछ। कृषि पशुपालन, व्यवसाय सेवा, उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाई, गैर सरकारी र सहकारी संस्थासँग करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्था गरी स्थानीय सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाईनेछ। साथै विकास निर्माण कार्यमा निजी, गैर सरकारी, सहकारी र समुदायको लगानी र साझेदारी अभिबृद्धि गरिनेछ।

७. **समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्द्धन** : सुशासन, विकास र समृद्धि मुलुक निर्माण अवको कार्यसूचीको रुपमा रहेको छ। यस सन्दर्भमा सुशासन विकास र समृद्धि पूर्वशर्तको रुपमा रहेको छ। सुशासनको लागि विद्यमान सबै खालका विभेद तथा वह िष्करणको अन्त्य, कानून तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शीता र जवाफदेहिताको उच्चतम अभ्यास गरिनेछ। राजनीति तथा समाजमा बढ्दै गईरहेको अराजकता र भ्रष्टाचारको विरुद्ध सदाचार पद्धति अबलम्बन र सामाजिक जवाफदेहिता सम्बन्धी संयन्त्रहरुको एकीकृत र सचेत अभ्यास गरिने छ। यस प्रक्रियामा नागरिक समाजसँग साझेदारी गरिनेछ।

८. **सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापन:** विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाईनेछ। यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ।

## ३.२ लक्ष्य

यो आवधिक योजना गाउँपालिकाको दीर्घकालिन सोच प्राप्त गर्ने आधार योजनाको रुपमा रहनेछ। यस गाउँपालिकाको प्रथम आवधिक योजनाको लक्ष्य **"कृषिको व्यवसायीकरण, पर्यटनको विकास, शिक्षा र आधारभूत स्वास्थ्यको सुनिश्चितता, संस्कृतिको प्रवर्द्धनद्वारा सभ्य, शिक्षित, समावेशी, हरियाली र विकसित घिरिङको आधार तयार गर्ने"** निर्धारण गरिएकोछ।

## ३.३ उद्देश्य

यस प्रथम आवधिक योजना गाउँपालिकाको **"कृषि, पर्यटन, एतिहासिक धरोहर सम्बृद्ध घिरिङ निर्माणमा हाम्रो सरोकार "** दीर्घकालिन सोच प्राप्त गर्ने आधार योजनाको रुपमा रहने छ। गाउँपालिकाको दीर्घकालिन सोच तर्फ उन्मुख हुन "सभ्य, शिक्षित, समावेशी, हरियाली र विकसित घिरिङ आधार तयार हुने" गाउँपालिकाको समष्टिगत लक्ष्य लिइएको छ। गाउँपालिकाको दीर्घकालिन सोच अनुरुप उपरोक्त लक्ष्य हासिल गर्न आवधिक विकास योजनाले देहायअनुसारको उद्देश्य लिइएको छ।

१. कृषि पर्यटन र सहकारीको व्यवसायिक प्रवर्द्धन गरी रोजगारी र आयमा गुणात्मक तथा दिगो वृद्धि गर्नु

२. स्वस्थ्य, सिर्जनशील, शिक्षित र सीपयुक्त मानव संशाधनको विकास गर्नु

३. पूर्वाधारको दिगो, सुरक्षित र भरपर्दो विकास र अन्तरआवद्धता व्यवस्थित र सहज बनाउनु

४. हरियाली, वातावरणीय स्वच्छता र जलाधारका श्रोतको दिगो उपयोग सुनिश्चित गर्नु

५. सेवा प्रवाह, कार्यसम्पादन र जवाफदेहिताको स्तर अभिबृद्धि गर्नु

## ३.४ समष्टीगत रणनीतिहरु

प्रथम आवधिक विकास योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका रणनीतिहरु अवलम्बन गरिनेछ ।

१. कृषि तथा पशुपन्छी उत्पादन प्रोत्साहन, प्रवर्द्धन, व्यवसायीकरण, आधुनिकीकरण र विविधीकरण गरी कृषकलाई उद्योगी बनाउने,
२. ऐतिहासिक, साँस्कृतिक र कृषि पर्यटनको विकास तथा प्रवर्द्धन गर्ने
३. गुणस्तरीय तथा व्यवसायिक शिक्षा, आधारभूत स्वास्थ्य, सरसफाई तथा खानेपानी सेवा सुविधा, सशक्तीकरण र समावेशीकरण सुनिश्चित गर्ने,
४. यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा, पर्यटन र संचारका पूर्वाधारको विस्तार र स्तरोन्नति गर्ने,
५. विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दिगो बनाउने,
६. अन्तर सरकार सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई सुदृढ बनाउने,

## ३.५ नतिजा तालिका

गाउँपालिकाको विकास प्रयासलाई योजनाबद्ध रुपमा दीर्घकालिन सोच तथा ध्येय तर्फ उन्मुख तथा अग्रसर गराउन र लक्ष्य, उद्देश्य तथा अपेक्षित नतिजा हासिल गर्न परिवर्तनको सिद्धान्त अनुसार नतिजामूलक योजनाको ढाँचामा आवधिक विकास योजना तर्जुमा गरिएकोछ । स्थानीय तहको अधिकार क्षेत्रलाई योजनामा आर्थिक, सामाजिक, पूर्वाधार विकास, वन तथा वातावरण र संस्थागत विकास र सुशासन क्षेत्रहरुमा एकीकृत गरिएको छ । परिवर्तनको सिद्धान्त अनुसार योजनाको पहिलो पाँच बर्ष अवधिका लागि तयार गाउँपालिकाको समष्टिगत विकासको एकीकृत नतिजा तालिका अनुसूची १ अनुसार प्रस्तुत गरिएको छ ।

# परिच्छेद ४ आर्थिक विकास योजना

## ४.१ वस्तुस्थिति विश्लेषण

### ४.१.१ कृषि विकास

**विद्यमान अवस्था, संभावना र अवसर**

नेपाल सरकारले गरेका धेरै अन्तर्राष्ट्रिय प्रतिबद्धता मध्ये एक हो दिगो विकासको लक्ष्य जसमा सन् २०३० सम्ममा भोकमुक्त विश्व बनाउने लक्ष्य अनुरुप नेपाल सरकारले वि.सं. २०७७ सम्ममा खाद्यान्नमा आत्मनिर्भर हुने एवम् पाँच वर्षभित्र कृषि उत्पादकत्व दोब्बर गर्ने प्रतिबद्धता जनाएको छ। गाउँपालिका क्षेत्रमा ४०.९ प्रतिसत क्षेत्रफलमा प्रमुख रुपमा मकै, कोदो, गहुँ, जौ, तोरी जस्ता वालीको उत्पादन भैरहेको छ। खेती कार्य परम्परागत प्रणालीमा नै रहेको र गाउँपालिकाका करीव ९० प्रतिशत घरपरिवार नै संलग्न रहेको देखिन्छ। स्थानीय अर्थतन्त्रमा उल्लेखनीय योगदान दिनसक्ने कागती अमिला जातका फलफूल, नासपाती, आरु, काफल,अदुवा तरकारीः (मौसमी) फर्सी, चिचिन्डा, घिरौला, काँक्रो, करेला, बरेला, सिमी, बोडी, लौका, खोर्सानी, साग, प्याज, छयापी, केराउ, जरिंगो, मुला, धनिया, वकुल्ला, टाटे, भण्टारुख टमाटर तथा खुर्सानी खेतीका लागि उपयुक्त हावापानी रहेको देखिएको छ। स्थानीयस्तरमा उत्पादन भैरहेको वालीहरुको यथोचित संरक्षण तथा प्रवर्द्धन हुन सके तथा अन्य व्यवसायिक तथा औद्योगिक वालीहरुको उत्पादन हुन सकेमा स्थानीय अर्थतन्त्रमा उल्लेखनीय योगदान दिनसक्ने देखिन्छ। खाद्य सुरक्षातर्फ आफ्नै उत्पादनले वर्षैभरी खान पुग्ने परिवार ४० प्रतिशत रहेको छ। व्यवसायिक उत्पादनका लागि उन्नत प्रविधिहरुको प्रयोगको शुरुवात भैसकेको देखिन्छ। यसका लागि प्लाष्टिक घरमा खेती, यान्त्रिक उपकरणहरुको प्रयोग भएको देखिन्छ। आवश्यक जनशक्तिको विकास, वजार पूर्वाधारहरुको विकास तथा वजार संजाल निर्माण गर्नेजस्ता कार्य गर्न सकेमा यस उपक्षेत्रको विकास गर्न सकिने संभावना रहेको देखिन्छ।

**समस्या तथा चुनौती**

निर्वाहमुखी खेती प्रणाली हुनु, खेतीमा पनि बँदेल र बाँदरजस्ता जंगली जनावारको कारण क्षति हुनु, लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, स्थानीय रैथाने जातको संरक्षण हुन नसक्नु, पकेट खेती विकास कार्यक्रम नहुनु एव प्रवर्द्धनात्मक कार्यक्रम संचालन नहुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन्। अन्य समस्याहरुमा माटोको नियमित परीक्षण नहुनु, कोल्ड स्टोरको सुविधा नहुनु, आवश्यक श्रमशक्तिको अभाव हुनु, वजार व्यवस्था नहुनु, प्राविधिक जनशक्तिको अभाव हुनुजस्ता समस्याहरु पनि विद्यमान रहेका देखिन्छन्। यसका साथै व्यवसायिक ज्ञान तथा सूचनाको कमी, आधुनिक तथा महिलामैत्री प्रविधिको अभाव, कृषि बजारको कमी, वित्तीय संस्थाको कमी, कृषि विमाको अभ्यासको कमी, संकलन केन्द्रको अभाव मुख्य चुनौतीको रुपमा रहेका छन्।

स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातीका बीउ बिजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरुले माग र आवश्यकता अनुसारको वोट विरुवा प्राप्त गर्न सकेका छैन। रैथाने बीउ विजनको उपलब्धता र संरक्षण नहुँदा वाह्य तथा आनुबांशिक जातिय शुद्धता र गुणस्तर कम हुने बीउविजनको प्रयोग गर्नु पर्ने वाध्यता रहेको छ। सो बीउ विजन समेत समयमा उपलब्ध हुन सकिरहेको अवस्था छैन। जलवायु परिवर्तनको असरका कारण

बालीमा देखापर्ने हानीकारक झार तथा किराहरुको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा बृद्धि भइरहेको छ ।

### ४.१.२ सिंचाई

**विद्यमान अवस्था, संभावना र अवसर**

गाउँपालिकामा सिंचाईका लागि हालसम्म प्रयोगमा रहेका प्रविधिहरुमा कूलो, पाईप थोपा सिंचाई रहेका छन् । सिंचाईका लागि यस गाउँपालिकामा रहेका खोला नालाहरुलाई प्रमुख श्रोतको सतह र लिफ्ट सिंचाई प्रणाली दिगो व्यवस्थापनबाट खेतीयोग्य भूमिमा सिंचाई सुविधा विस्तार गर्न संभावना रहेको छ ।

**समस्या तथा चुनौती**

संचालित सबै सिंचाई आयोजनाको नियमित रुपमा मर्मत सम्भार नहुनु, सिंचाईका श्रोतहरुको संरक्षण नहुनु एवं सिंचाई सुविधाबाट बञ्चित क्षेत्रका लागि बैकल्पिक सुविधाको कमी मुख्य चुनौतीको रुपमा रहेको देखिन्छ ।

### ४.१.३ पशु विकास

**विद्यमान अवस्था, संभावना र अवसर**

गाउँपालिका क्षेत्रमा करीव ९ प्रतिशत परिवार पशुपालनमा संलग्न रहेको देखिन्छ । पशुपालन गर्ने किसानहरुले वार्षिक रुपमा १,५०० खसीबोका बाख्रापालन गरिहेका तथा सोबाट वार्षिक ३५,००० के.जी. मासु उत्पादन भैरहेको, तथा कुखुरापालनबाट वार्षिक लगभग १२ हजार के.जी. मासु उत्पादन हुने गरेको देखिन्छ । पशु विकासका लागि गाउँपालिका क्षेत्रमा पर्याप्त चरण क्षेत्रको विकास गर्न सकिने, पशुजन्य उत्पादनको वजारको सम्भावना रहेको एवं उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य गर्न सकेमा यस क्षेत्रमा पशुपालन कार्यलाई थप व्यवसायिक वनाउन सकिने देखिन्छ ।

**समस्या तथा चुनौती**

उन्नत जातको गाईभैसी, बाख्रापालन नहुनु, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी, उन्नत घाँसको व्यवस्था नहुनु तथा दक्ष प्राविधिकको सेवा विस्तार हुन नसक्नु, सरल कर्जाको व्यवस्था नहुनु, उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य अझैपनि चुनौतीको रुपमा रहिरहेको छ । एग्रोभेटको अभाव, उन्नत जातका घाँसहरुको कमी, दक्ष जनशक्तिको अभाव, पशु स्वास्थ्य उपकरणको कमी, नश्ल सुधारको कमी, चरन क्षेत्रको कमी, भेटेरीनरी प्रसार सेवाको कमीजस्ता पक्षपनि थप समस्याको रुपमा रहेका छन् ।

### ४.१.४ पर्यटन तथा सँस्कृति

**विद्यमान अवस्था, संभावना र अवसर**

यस गाउँपालिका पर्यटन विकासको प्रमुख सम्भावना भएको क्षेत्रमध्ये एक हो । यस गाउँपालिकाको काल भैरब मन्दिर, कामधेनु ढुंगा मन्दिर, राज भंगेर आदि यहाँका प्रसिद्ध मन्दिरहरू हुन् । त्यसैगरी यस गाउँपालिकाको अधिकांश क्षेत्र जैविक विविधता र दृश्यावलोकनको लागि महत्वपूर्ण रहेको छ । मन्दिरको संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार

तथा ग्रामीण एवम् कृषि पर्यटन विकास र प्रवर्द्धन गर्न तथा गाउँपालिका क्षेत्रका अन्य पर्यटकीय महत्वका क्षेत्रको समेत समुचित विकासको संभावना प्रशस्त देखिन्छ ।

**समस्या तथा चुनौती**

ऐतिहासिक एवं धार्मिक क्षेत्रको संरक्षण एवं प्रवर्द्धन प्रभावकारी नहुनु, पर्यटकीय क्षेत्रको पहिचान एवं संभावनाका लागि कुनै योजना नहुनु, व्यवस्थित रुपमा होमस्टे लगायत पर्यटकीय सुविधाहरुको उपलव्धतामा कमी, सुरक्षित पर्यटनप्रति आश्वस्त पार्न नसक्नु एवं व्यवस्थित होटल नहुनु, पर्यटन प्रवर्द्धनको निम्ति आवश्यक नीतिनियम तथा ज्ञानको अभाव, पर्यटकीय विकासको लागि आवश्यकीय सूचना, बाटो, धारा, पथ प्रदर्शकहरु होटल व्यवसाय, बैंक, वित्तीय संस्था आदिको अभाव प्रमुख समस्याको रुपमा रहेको छ ।

### ४.१.५ उद्योग, व्यापार तथा व्यवसाय

**विद्यमान अवस्था, संभावना र अवसर**

गाउँपालिकाको मुख्य व्यापारिक केन्द्रहरू धेनुग देउँराली, मानपुर, घिरिंग सुन्धारा आदि ठाउँहरु हुन् । यी बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ । साना व्यवसायमा करिव ४०० जना संलग्न रहेको देखिन्छ । यस गाउँपालिकामा हाल सानाठूला ईट्टा भट्टी, ब्लक तथा घरेलु उद्योगहरु संचालनमा रहेका छन् । यस गाउँपालिकामा विशेष गरी कृषि तथा पशुजन्य उपज सम्बन्धी उद्योगको संभावना रहेको छ । गाउँपालिका क्षेत्रमा खनिजजन्य पदार्थको संभावना रहेकोले सो को प्राविधिक संभाव्यता अध्ययन गरी उत्खनन तथा प्रशोधन कार्य गर्न सकेमा स्थानीय अर्थतन्त्रमा विशेष योगदान पुग्न सक्ने देखिन्छ ।

**समस्या तथा चुनौती**

उद्योग संचालन सम्बन्धी पर्याप्त सीप तथा जानकारीको कमी हुनु, उद्योग सिर्जना, विकास र संचालन सम्बन्धी तालीम पर्याप्त नहुनु, परम्परागत व्यवसायलाई आधुनिकीकरण गर्न नसक्नु, उद्योग संचालनका लागि वित्तीय पहुँच नहुनु तथा स्थानीयस्तरमा दक्ष जनशक्तिको उपलव्धता नहुनु प्रमुख समस्याको रुपमा रहेको देखिन्छ । यसका अतिरिक्त उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यवसायिक परामर्श सेवा तथा सूचना कमीजस्ता उद्योग व्यवसाय विकासको चुनौतीको रुपमा रहेका छन् ।

### ४.१.६ बैंक, वित्तीय तथा सहकारी

**विद्यमान अवस्था, संभावना र अवसर**

वित्तीय पहुँच तथा सेवाको लागि गाउँपालिकामा हाल १ वटा बाणिज्य वैंक शाखा सेवा , ३ लघु बित्त तथा १ बचत तथा ऋण सहकारीकोबाट वित्तीय सेवा उपलब्ध भैरहेको छ । गाउँपालिकाका करीव ६० प्रतिशत घरपरिवार बैंक तथा वित्तीय सेवाको पहुँचमा रहेको देखिन्छ ।

**समस्या तथा चुनौती**

सहकारी संचालनमा कर्मचारी एवं पदाधिकारीहरुको क्षमतामा कमी, सहकारीहरुको नियमित एवं प्रभावकारी अनुगमन नहुनु, वित्तीयसंस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एवं व्यवसायको लागि ऋणको जोखिम उठाउने

क्षमतामा कमी, स्थानीयहरुमा आम्दानी तथा बचतको मात्रामा अत्यन्तै कमी रहनु यस क्षेत्रको विस्तारका लागि चुनौतीको रुपमा रहेको छ ।

## ४.२ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको कृषि तथा पशु विकास, पर्यटन विकास र विस्तार, उद्योग व्यापार तथा व्यवसाय, सहकारी, बैंक तथा वित्तीय सेवा सुविधा लगागत स्थानीय तहको लागि उपलब्ध आर्थिक अधिकार क्षेत्रको लक्ष्य, उद्देश्य, परिमाण, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ लक्ष्य

गाउँपालिकाको आर्थिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ ।

- कृषि, पर्यटन र सहकारीको व्यवसायिक प्रवर्द्धन मार्फत आर्थिक उपार्जन र रोजगारीको अवसर श्रृजना गरी समृद्ध घिरिङ निर्माण हुने

### ४.२.२ उद्देश्य

गाउँपालिकाको आर्थिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन् ।

१. स्थानीय भूगोल अनुसार प्रविधिको प्रयोग मार्फत कृषि उत्पादनको बृद्धि, व्यावसायीकरण र आधुनिकीकरण भएको हुनेछ ।
२. खेतीयोग्य जमीनमा भरपर्दो सिंचाई सुविधा उपलब्ध भएको हुनेछ ।
३. परम्परागत पशुपालन पेशाको आधुनिकीकरण र व्यावसायीकरण भएको हुनेछ ।
४. पर्यटकीय पूर्वाधार, सेवा तथा सुविधाको विकास, विस्तार तथा स्तरोन्नति गरी घिरिङको छुट्टै पहिचान कायम भएको हुनेछ ।
५. स्थानीय साँस्कृतिक, ऐतिहासिक स्थानको संरक्षण र प्रवर्द्धन भएको हुनेछ ।
६. स्थानीय कच्चा पदार्थ, कृषिमा आधारित उद्योग व्यवसायको सिर्जना, विकास र उत्पादनमा बृद्धि भएको हुनेछ ।
७. बैंक तथा वित्तीय सेवामा लक्षित वर्गको पहुँच बृद्धि भएको हुनेछ ।

### ४.२.३ रणनीति तथा कार्यनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि विषयगत क्षेत्रगत रुपमा देहायनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ ।

**विषयगत क्षेत्र/उपक्षेत्रअनुसार रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **क. कृषि तथा पशुपंक्षीय विकास** | |
| १. कृषि तथा पशुपन्छी उत्पादन प्रवर्द्धन, व्यवसायीकरण, | १. स्थानीयस्तरमा वीउ तथा बेर्नाको उत्पादन र सहज आपूर्तिका लागि कृषि सहकारी तथा अगुवा कृषकलाई प्रोत्साहन गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| आधुनिकीकरण र विविधीकरण गरी कृषकलाई उद्यमी बनाउने | २. फलफुल, तरकारी, मसलाबाली, मौरी, पुष्पखेती, च्याउ, गाईभैसी र वाख्रापालनमा केन्द्रित गरी नमूना कृषि फर्म मोडेलको रुपमा संचालन गरिनेछ ।<br>३. बाँझो जमीन राख्ने प्रवृतिलाई न्यूनीकरण गर्न अनुदान एवं प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ । बाँझो जमीनको पहिचान, बाँझो रहनुको कारण समेत पहिचान गरी उपयुक्त बालीको उत्पादन कार्यमा प्रोत्साहन गरिनेछ ।<br>४. खाद्य तथा तरकारी उत्पादन बृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाई सुविधा विस्तार गर्दै जाने नीति लिइने छ ।<br>५. संचालित सिंचाई कूलो, पोखरी र अन्य आयोजनाको नियमित मर्मत सम्भारका लागि आवश्यक कोषको व्यवस्था गरिने छ ।<br>६. व्यवसायिक उत्पादनमा संलग्न किसानलाई प्रोत्साहित गर्न वार्षिक रुपमा उत्कृष्ट कृषक छनौट गरी पुरस्कृत गरिने छ ।<br>७. घरदैलो गरी पशु सेवा प्रसार र पशु स्वास्थ्य सेवा सहज र भरपर्दो बनाइने छ ।<br>८. पशु विकास पकेट क्षेत्रका सार्वजनिक र निजी जग्गामा भुई तथा डालेघाँसको ब्लक स्थापना गरी पशु आहारको न्यूनतालाई पुरा गरिनेछ । |
| २. कृषि र पशुपंक्षीजन्य उत्पादन, पकेट क्षेत्र संचालन मार्फत व्यवसायिक प्रवर्द्धन गरी बजारीकरण गर्ने | १. एक गाउँ एक उत्पादन अवधारणा अनुसार कृषि, पशुपन्छी, मौरीपालन पकेट क्षेत्रहरु पहिचान तथा निर्धारण गरी यस सम्बन्धी सेवा, सुविधा र प्रविधि एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिने छ ।<br>२. वडास्तरमा जैविक खेती प्रवर्द्धन गर्न अगुवा कृषक, कृषक समूह वा सहकारी र निजी क्षेत्र परिचालन गरिने छ ।<br>३. कृषि तथा पशुपालन पकेट क्षेत्रहरुमा कृषि तथा पशुजन्य उत्पादन, संकलन, प्रशोधन केन्द्रको विकास गरिने छ ।<br>४. तरकारी, फलफूल, दुध उत्पादन पकेट क्षेत्रलाई लक्षित गरी कृषि तथा पशुपन्छीजन्य उपजहरुको संकलन र चिस्यान केन्द्रको विकास र विस्तार गरिनेछ ।<br>५. स्थानीय उद्यमी, व्यवसायी, सहकारीको साझेदारीमा खेती, कृषि उपज प्रशोधन, पशपंक्षी पालन, उत्पादन, प्रशोधन उद्योग तथा केन्द्र स्थापनामा जोड दिइनेछ ।<br>६. इच्छुक युवा, लक्षित वर्ग र कृषकहरुका लागि कृषि उद्यम सिर्जना र विकास सम्बन्धी तालिम संचालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. कृषि र पशुपंक्षीजन्य उपजको विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्वको वृद्धि गर्ने | १. जैविक मल तथा विषादीको उत्पादन एवं प्रयोग गर्न कृषकलाई सचेतना, उत्पादन प्रविधि र प्रसार कार्यक्रम संचालनको व्यवस्था गरिनेछ। <br> २. स्थानीय कृषकको माग, स्थानीय जातमा आधारित विशिष्टकृत एक वडामा एक वहुउद्देश्यीय कृषि नर्सरीको स्थापना गरी विरुवाको उपलब्धतालाई सहज गराइने छ। <br> ३. अमिला जातका फलफूल आदिको पकेट क्षेत्र पहिचान गरी स्थान, माटो र हावापानी अनुसारको बाली छनौट गरी व्यवसायिक उत्पादनको लागि कृषि प्रसार तथा प्रविधि हस्तान्तरण गरिनेछ। <br> ४. कृषि एम्बुलेन्स तथा एग्रो उपज विक्रीका लागि गाउँपालिकास्तरमा एग्रो कम्पनी स्थापना गरी संचालन गरिनेछ। |
| ४. दक्ष जनशक्तिको व्यवस्थापन मार्फत प्रभावकारी सेवा प्रवाह गर्ने | १. कृषि तथा पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्न स्थानीय स्तरमा एक वडा एक नमूना कृषि फार्म र एक पशु प्राविधिक व्यवस्था गरिनेछ। <br> २. कृषि सेवा प्रवाह र प्रविधि प्रसारमा गैसस, निजि कम्पनी तथा समुदायमा आधारित संस्थासँग सेवा करार जस्ता वैकल्पिक प्रणाली कृषि प्रसार तथा प्राविधिक सेवा प्रदान गरिनेछ। <br> ३. माटो विज्ञान लगायत कृषि र पशु विकाससँग सम्बधित अध्ययन अनुसन्धान तथा प्रविधि हस्तान्तरणका लागि नेपाल सरकार र प्रदेश सरकारका संबन्धित निकाय एवं विश्वविद्यालय, शैक्षिक तथा अनुसन्धानमूलक संस्थासँग समन्वय, साझेदारी र सहकार्य गरिनेछ। |
| ५. कृषकलाई कृषि यान्त्रिकीकरण सहयोग गर्ने | १. कृषकलाई अत्यावश्यक यन्त्र उपकरण उपलब्ध गराउन आवश्यक प्रवर्द्धनात्मक तथा प्रोत्साहनका कार्यक्रम संचालन गरिने छ। <br> २. नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्रसँग समन्वय गरी कृषि औजार तथा यन्त्रहरुको उपलब्ध गराउने व्यवस्था गरिनेछ। <br> ३. कृषकहरुको लागि श्रममा आधारित उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरणका प्रविधि हस्तान्तरण व्यवस्था गरिनेछ। <br> ४. कृषि सामग्री, बिमा, ऋण, शित भण्डार, संकलन, प्रशोधन र विक्री केन्द्र, बजारीकरण र कृषि सूचनामा किसानको सहज पहुँच अभिबृद्धि गरिनेछ। |
| **ख. पर्यटन तथा सँस्कृति** | |
| १. पर्यटकीय क्षेत्रहरुको निर्क्योल गरी नक्शाङ्कन, संरक्षण, विकास र प्रवर्द्धन गर्ने | १. गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोको प्राथमिकता आधारमा पर्यटन क्षेत्रको पूर्वाधार विकास र सेवा सुविधा अभिबृद्धि लगायतका कार्यहरु चरणबद्ध रुपमा कार्यान्वयन गरिनेछ। <br> २. पर्यटकीय स्थल र सम्पदाको संरक्षण, सम्वर्द्धन गरी पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गरिनेछ। <br> ३. निजी क्षेत्र र समुदायसँग साझेदारीमा पर्यटन प्रवर्द्धन र विकासका कार्यहरु संचालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. पर्यटकीय सम्पदा र सेवा विस्तार गर्न प्रचार प्रसार अभिबृद्धि गर्ने | १. प्राकृतिक, दृश्यावलोकन, धार्मिक, साँस्कृतिक, कृषि र ग्रामीण जनजीवनमा आधारित दिगो पर्यटनको विकास गरिनेछ।<br>२. स्थानीय संस्कृति एवं रितीरिवाजको प्रवर्द्धन सहित होम स्टे कार्यक्रम संचालन गरिने छ।<br>३. कृषि तथा पशुपालन पकेट क्षेत्रजस्ता एकीकृत कृषि फर्म सहित कृषि पर्यटनको विकास र विस्तार गरिनेछ।<br>४. पर्यटन विकास र विस्तार कार्यलाई सम्पदाको संरक्षण सम्बर्द्धनसँग एकीकृत गरी संचालन गरिनेछ।<br>५. निजी क्षेत्रसँग साझेदारी गरी गाउँपालिकाको संभाव्य पर्यटकीय स्थलहरुमा पर्यटकीय पूर्वाधार लगायत सेवासुविधा विकास र विस्तार गरिनेछ। |
| ३. पर्यटन विकासको माध्यमद्वारा दिगो रोजगारी सिर्जना र आय वृद्धि गर्ने | १. पर्यटन विकास विशेष गरी युवा, महिला र लक्षित वर्गमा रोजगारी सृजना र आय बृद्धि गरिने छ।<br>२. कृषि, उद्यम र पूर्वाधार विकाससँग एकीकृत गरी पर्यटन विकासको कार्यक्रम संचालन गरिने छ।<br>३. पर्यटन क्षेत्रबाट प्राप्त आयको लक्षित समुदायसम्म पुऱ्याउन विकासका कार्यक्रमलाई लक्षित वर्ग र समुदाय प्राथमिकता दिई संचालन गरिने छ। |
| ४. पर्यटन विकासलाई गाउँपालिकाको पहिचान क्षेत्रको रुपमा विकास र प्रवर्द्धन गर्न आधारभुत पूर्वाधार तथा संरचनाहरु तयार गर्ने | १. गाउँपालिकामा पर्यटन विकास तथा साँस्कृतिक संरक्षण समिति र कार्यपालिका कार्यालयमा शाखा गठन गरी पर्यटन विकास, सँस्कृति संरक्षण र प्रवर्धन सम्बन्धी कार्यहरु व्यवस्थित रुपमा संचालन गरिनेछ।<br>२. स्थानीय सँस्कृति, कला तथा रहनसहनलाई पर्यटन विकाससँग आवद्ध गरी संरक्षण र प्रवर्धन गरिनेछ।<br>३. पर्यटन विकास र साँस्कृतिक सम्पदा संरक्षण कार्यमा प्राथमिकता दिई लगानी अभिबृद्धि गरिनेछ।<br>४. पर्यटन तथा सँस्कृति प्रवर्धन लागि निजि, समुदाय, विकास साझेदारी र सहकार्यमा अभिबृद्धि गरिनेछ। |
| ५. स्थानीय साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक श्रोत सम्पदाको संरक्षण र प्रवर्द्धन गरी पर्यटन विकासको अवसरमा अभिबृद्धि गर्ने | १. स्थानीय युवालाई कला साँस्कृतिक, सो को मौलिकता, संरक्षण र उपयोग बारे अध्ययन अनुसन्धान गर्न अभिप्रेरित गरिनेछ।<br>२. होमस्टे संचालन गरी कला साँस्कृति लाई पर्यटन विकाससँग आवद्ध गरिनेछ।<br>३. मगर समुदायसँग सम्बन्धित कला, साँस्कृतिक र भेषभुषाको संरक्षण र प्रवर्द्धन गर्न पहल गरिनेछ।<br>४. आरन, भाडावर्तन, हाते सामान निर्माण, सिलाई बुनाई जस्ता परम्परागत सिल्पी पेशालाई नयाँ प्रविधि हस्तान्तरण गरी व्यावसायिक बनाइनेछ।<br>५. कला, साँस्कृतिक, चलन, भेषभुषाको मौलिकता उपयोग बारे प्रकाशन, प्रसारण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ६. प्रदर्शनी र सूचना प्रविधिको प्रयोग गनरी कला तथा संस्कृति प्रवर्धन गरिनेछ। |
| **ग. उद्योग र व्यापार** | |
| १. स्थानीय स्रोत साधन, कच्चा पदार्थ, श्रम, सीप र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने | १. कृषि, पशु र वनमा आधारित उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी उद्योगको स्थापना र संचालन गरिनेछ। <br> २. स्थानीय उद्यमी, व्यवसायी, सहकारीको साझेदारीमा कृषि प्रशोधन, दाना उद्योग तथा केन्द्र स्थापनामा जोड दिइनेछ। <br> ३. युवालाई लक्षित गरी सीप र उद्यमशीलता विकास सम्बन्धी तालिम कार्यक्रम संचालन गरिनेछ। <br> ४. स्थानीय समुदायलाई उद्योगको लागि आवश्यक कच्चा पदार्थको उत्पादनमा आधारित सचेतना, सीप र प्रविधि हस्तान्तरण गरिनेछ। <br> ५. उद्यम व्यवसाय संचालनमा एकल महिला, भूमिहीन, अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिईनेछ। <br> ६. लघु उद्यम प्रवर्द्धन तथा विकासका लागि रणनीतिक योजना तर्जुमा गरिनेछ सो को आधारमा रही गाउँपालिकास्तरीय कार्यविधि वनाई लागू गरिनेछ। |
| २. स्थानीय खानी र खनिजजन्य पदार्थको अध्ययन अनुसन्धान र उत्खननको व्यवस्था गर्ने | १. गाउँपालिका क्षेत्रमा संभाव्य खनिजजन्य पदार्थको अध्ययन अनुसन्धान तथा पहिचान गरी क्षेत्र नक्शाकंन गरिनेछ। <br> २. संभाव्य खनिजजन्य पदार्थ उत्खनन् गर्न सम्बन्धित निकायसँग वहश र पैरवी गरिनेछ। <br> ३. स्थानीय खनिजन्य पदार्थमा आधारित उद्योग स्थापना प्रोत्साहन गर्ने |
| ३. उद्यम विकास सेवा प्रवाह गर्न सेवा करार गर्ने | १. उद्यम विकास सेवा (उद्यमशीलता विकास तालिम, सीप र प्रविधि हस्तान्तरण, मुल्य श्रृंखला विश्लेषण, बजार सेवा, वित्तीय र कानूनी) प्रवाह गर्न प्रतिस्पर्धात्मक रुपमा पेशागत दक्षता भएको गैर सरकारी वा निजी सँग सेवा करार गरी सेवा प्रवाह गरिनेछ। <br> २. संघीय ऐनको व्यवस्था अनुसार उद्योग व्यवस्था दर्ता, नवीकरण, खारेजी सम्बन्धी कार्यविधि तर्जुमा गरी गाउँपालिमा उद्योग, व्यवसाय दर्ता, नवीकरण, खारेजीको व्यवस्था सुचारु गरिनेछ। <br> ३. बहुउद्देश्यीय सहकारी संस्था मार्फत वडाहरुमा कोशेली घर तथा स्थानीय वस्तुको संकलन तथा आउटलेटको विस्तार गरिनेछ। |
| **घ. बैंक, वित्तीय तथा सहकारी सेवा** | |
| १. गाउँपालिकाको बासिन्दाको लागि व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच बृद्धि गर्ने | १. बैंकिङ लगानी कृषि क्षेत्रमा बृद्धि गर्न पैरवी गरिने छ। <br> २. वित्तीय साक्षरताका कार्यक्रम संचालन गरिने छ। <br> ३. आर्थिक कारोवार विस्तारका लागि बैंक तथा वित्तीय शाखा विस्तार सहजीकरण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. सहकारी संस्थाहरुको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिबृद्धि गरिने छ। |
| २. युवालाई लक्षित गरी उत्पादन, रोजगारी आयमा बृद्धि गर्ने | १. वेरोजगार युवालाई प्राथमिकता दिई कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम, व्यवसाय संचालनमा प्रोत्साहित गरिनेछ।<br>२. वैदेशिक रोजगारीमा रहेका परिवार, फर्केका र जान लागेका युवालाई कृषि, पशुपालन, वन, माछा र पर्यटनमा आधारित उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी उद्योग व्यवसाय संचालनको लागि उद्यमशीलता, सीप विकास तालिम, परामर्श सेवा र सहयोगको एकीकृत प्याकेज कार्यक्रम संचालन गरिने छ। |

### ४.२.४ कार्यक्रम तथा योजना (कार्यान्वयन योजना)

आवधिक योजनाको लक्ष्य प्राप्तिको लागि संचालन गर्ने विषयगत कार्यक्रम तथा योजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यविभाजन देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम र आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजारमा) | स्थानगत, लक्षित वर्ग वा आयोजनाको विवरण |
|---|---|---|---|---|---|
| | | आधार बर्ष (०७८/०७९) | कुल लक्ष्य (२०८२/८३) | | |
| **प्रतिफल १.१ कृषि विकास** | | | | | |
| १.१तथ्यांक संकलन तथा अभिलेखीकरण | पटक | ० | १ | 1,000 | कृषि क्षेत्र तथा पशु सेवाको वस्तु स्थिति (Profile) तयार गर्ने |
| १.२ कृषि विकास तथा पशु सेवा रणनीतिक योजना तर्जुमा | पटक | ० | १ | 1,000 | विस्तृत खाका सहितको कृषि तथा पशु सेवा विकास क्षेत्रको योजना तर्जुमा गर्ने |
| १.३ व्यवहारिक खाद्य नीति कार्यक्रम | पटक | ० | १ | 800 | |
| १.४ कृषि तथा पशु सेवा केन्द्रको स्थापना तथा स्तरोन्नती (ल्याव सहित) | संख्या | ० | ५ | 20,000 | गापाको आवश्यकता हेरी |

| | | | | | |
|---|---|---|---|---|---|
| १.५ व्यवसायिक कृषि उत्पादन पकेट विकास कार्यक्रम | संख्या | ० | ५ | 12,500 | |
| १.६ खाद्यान्न तथा तरकारी उन्नत विजबृद्धि तथा प्रागारिक मल अनुदान कार्यक्रम | घरधुरी | १०० | ३,३७७ | 40,524 | गापाका किसानको माग र उत्पादन क्षमताको आधारमा |
| १.७ स्थानीय विउ संरक्षण तथा प्रबर्द्धन र प्रमाणीकरण | प्रकार | १ | ४ | 10,000 | |
| १.८ कृषि सहकारी मार्फत बजारीकरण र प्रबर्द्धन कार्यक्रम | वटा | ५ | १० | 10,000 | सवै वडामा रायो, मकै, केराउ, आलु जातका स्थानीय विउको प्रयोगलाई प्रोत्साहन गर्ने |
| १.९ कृषि व्यवसायिक प्रोत्साहन कार्यक्रम | जना | १० | २०० | 10,000 | प्रत्येक वडामा न्युनतम २ वटा सहकारी मार्फत गर्ने |
| १.१० संकलन केन्द्र तथा हाटबजार स्थापना तथा प्रबर्द्धन कार्यक्रम | वटा | ५ | २५ | 10,000 | प्रत्येक वडामा आवश्यकता हेरी गर्ने |
| १.११ पशु तथा कृषि प्राबिधिक शिक्षा प्रबर्द्धन कार्यक्रम | जना | ५ | २५ | 5,000 | गापा ले आवश्यक ठानेको स्थानमा |
| १.१२ बहुउद्देश्यीय कृषि नर्सरी स्थापना र संचालन | संख्या | ० | २ | 3,000 | गापाको पायक पर्ने स्थानमा |
| १.१३ जैविक मल तथा विषादी प्रवर्द्धन कार्यक्रम (गोठ तथा भकारो सुधार कार्यक्रम समेत | संख्या | ० | ५ | 6,000 | व्यवसायिक कृषक लक्षित गरी घरपरिवारमा तह वा निजी क्षेत्रमा संस्थागत रुपमा भर्मी कम्पोष्ट |
| १.१४ व्यवसायिक फलफूल उत्पादन पकेट विकास कार्यक्रम (मौरीपालन समेत) | रोपनी | ० | २,००० | 6,000 | - अमिला जातका फलफूलः<br>- नास्पाती र ओखरः १००० रोपनी<br>- मौरी घारः कम्तीमा १०० घार १वडामा स्थापना |
| १.१५ कृषि व्यावसाय क्षमता विकास कार्यक्रम | संख्या | ० | ४० | 2,000 | - उत्पादक व्यवसायी अन्तर्क्रिया<br>- अध्ययन अवलोकन भ्रमण<br>- कृषक समूह तथा सहकारीको वजारीकरण क्षमता विकास<br>- वजार संजाल विकास तालीम |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१६ कृषि सम्बन्धी सालबसाली कार्यक्रम | पटक | १ | ५ | 10,000 | सशर्त अनुदान र अन्य बजेटबाट संचालन गर्ने |
| **कृषि विकास जम्मा** | | | | **147,824** | |
| **प्रतिफल १.२: सिंचाई विकास** | | | | | |
| २.१ डि.पि.आर सहित संभावित अध्ययन | वटा | ० | ३ | 2,700 | |
| २.२ बैकल्पिक सिंचाई विकास कार्यक्रम | संख्या | ० | ५ | 15,000 | आकाशे पोखरी, साना मुहान संरक्षण, संकलन पोखरी सहित पाईप, लिफ्ट सिंचाई आदि) |
| **सिंचाई विकास जम्मा** | | | | **17,700** | |
| **प्रतिफल १.३ : पशु विकास तथा सेवा** | | | | | |
| ३.१ पशुपंछी श्रोत केन्द्रको स्थापना ( भैसी,वाख्रा, कुखुरा) | पटक | ० | ६ | 60,000 | सवै वडामा |
| ३.२ पशु आहार व्यवस्थापन दाना, घाँस | घरधुरी | १,१०० | ३,००० | 27,000 | सवै वडामा |
| ३.३ नश्ल सुधार कार्यक्रम | घरपरिवार | १,४०० | २,५०० | 15,000 | सवै वडामा |
| ३.४ व्यवसायिक पशुपालन कार्यक्रम | संख्या | | ५ | 10,000 | - बाख्रापालन फर्मः वटा<br>- गाईभैंसीपालन फर्मः वटा<br>- बंगूरपालन फर्मः वटा कुखुरापालनः वटा<br>- माछापालनः वटा |
| ३.५ पशु स्वास्थ्य प्राविधिकको व्यवस्था | जना | ० | ५ | 1,500 | एक वडा एक पशु प्राविधिक |
| ३.६पशुजन्य उत्पादन र प्रशोधन पूर्वाधार विकास कार्यक्रम | संख्या | ३ | ६ | 60,000 | - दूग्ध संकलन, चिस्यान केन्द : वटा<br>- स्वस्थ मासु विक्री तथा वधस्थल निर्माणः वटा |
| ३.७ पशु तथा कृषि विमा कार्यक्रम | प्रतिशत | ६० | ९० | 2,000 | - सवै वडामा |
| ३.८पशुसेवा सालवसाली कार्यक्रम | पटक | ० | | | |
| **पशुसेवा जम्मा** | | | | **175,500** | |

| | | | | | |
|---|---|---|---|---|---|
| **प्रतिफल १.४: पर्यटन विकास** | | | | | |
| ४.१ पर्यटन गुरुयोजना तयारी डि.पि.आर सहित | संख्या | ० | १ | 1,000 | प्रमुख पर्यटकीय क्षेत्र, सेवा र सुविधा पहिचान, नक्शाङ्कन, विकास र विस्तार सम्बन्धी स्थानगत र रणनीति समावेश गर्ने |
| ४.२ पर्यटन पूर्वाधार विकास कार्यक्रम | संख्या | ० | ५ | 100,000 | - पर्यटन क्षेत्रको पूर्वाधार<br>- पर्यटन सूचना केन्द्र<br>- साँस्कृतिक सूचना केन्द\| |
| ४.४ पर्यटकीय सेवा क्षमता विकास कार्यक्रम | संख्या | ० | ५ | 10,000 | - होमस्टे<br>- ग्रामीण कृषि पर्यटन<br>- पर्यटन सेवा क्षमता विकास<br>- पदमार्ग |
| ४.५ पर्यटन सालबसाली कार्यक्रम | पटक | १ | | 200 | |
| **पर्यटन विकास जम्मा** | | | | **111,200** | |
| **प्रतिफल १.५ उद्योग र व्यवसाय विकास** | | | | | |
| ५.१ खनिज पदार्थको उत्खननका लागि संभाव्यता अध्ययन | पटक | ० | १ | 7,000 | गापास्तर |
| ५.२ उद्यमशीलता विकास तालीम | जना | ० | ३०० | 1,000 | गापामा माग अनुसार |
| ५.३ व्यवसाय विस्तार तालीम | जना | ० | २०० | 6,000 | गापास्तर |
| ५.४ साना तथा लघु कृषिमा आधारित उद्योग प्रवर्द्धन कार्यक्रम | संख्या | ० | १० | 100,000 | - कृषि उपज प्रशोधन<br>- पशुजन्य उपज प्रशोधन<br>- जडिबुटी प्रशोधन |
| ५.५ कोशेली (सौगात) घर संचालन | संख्या | ० | १ | 1,000 | |
| **उद्योग तथा व्यवसाय जम्मा** | | | | **115,000** | |
| **प्रतिफल १.६: बैंक तथा वित्तीय सेवा** | | | | | |
| | पटक | ० | १५ | | - वित्तीय साक्षरता |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.१ सहकारी क्षमता अभिवृद्धि कार्यक्रम | | | | 6,000 | - संस्थागत क्षमता विकास |
| ६.२ बैकिंग सेवा विस्तार | वटा | १ | ५ | 5,000 | - सवै वडामा बैकिंग पँहुच विस्तार |
| ६.३ विमा सेवा विस्तार तथा प्रवर्द्धन कार्यक्रम | वटा | ४३ | १०० | 10,000 | - सवै वडामा |
| **वैक, वित्तीय सेवा तथा रोजगारी जम्मा** | | | | **21,000** | |
| **आर्थिक विकास कूल जम्मा** | | | | **588,224** | |

# परिच्छेद ५ सामाजिक विकास योजना

## ५.१ वस्तुस्थिति विश्लेषण

सामाजिक विकास शीर्षक अन्तर्गत स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, युवा तथा खेलकुद विकास; कला, सँस्कृति, भाषा र साहित्य र लक्षित समुदाय उत्थान तथा सामाजिक समावेसीकरण जस्ता कार्यक्रमहरू पर्दछन्। यिनै बिषय क्षेत्रका सेवा र सुविधाको गुणस्तर र पहुँचले समग्र सामाजिक विकासको अवस्थालाई चित्रण गर्दछ।

### ५.१.१ शिक्षा

**विद्यमान अवस्था, संभावना तथा अवसर**

वर्तमान युगमा शिक्षा मानव विकासको अभिन्न अंग हो जसले मानव जीवनलाई एउटा निश्चित उचाईसम्म पुऱ्याउनलाई मदत पुऱ्याउँदछ। शिक्षाको महत्व तथा आवश्यकता आजको समयमा दिनानुदिन बढ्दै गइरहेको छ। आजको युगमा शैक्षिक क्षेत्रमा उचित सुधार गर्न सकियो भने मात्र आउँदो पुस्ताले नगरको मुहार फेर्न सक्षम हुनेछ भन्ने आशा गर्न सकिन्छ। बर्तमान समयमा शिक्षण पद्धतिहरु समयानुकूल परिवर्तन हुँदै गइरहेका छन्। विगतको जस्तो पारम्पारिक शिक्षाका भरले आजको प्रतिस्पर्धात्मक समाजमा आउँदो पुस्ताले उन्नति गर्न सक्तैन। यस्तो अवस्थामा स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार आफ्नो गाउँपालिका भित्र रहेका सार्वजनिक विद्यालयको व्यवस्थापन लगायतको अधिकार र जिम्मेवारी स्थानीय सरकारमा आएको छ। तदनुसार जिल्ला शिक्षा कार्यालय विघटन भै अधिकार, जिम्मेवारी र कर्मचारी समेत गाउँपालिकामा हस्तान्तरण भै सकेको अवस्था छ। यो अवस्थामा यस गाउँपालिकाले आफ्ना क्षेत्रमा रहेका शिक्षण संस्थाहरूको संस्थागत विकासगरी जनताले चाहना गरे अनुरूपको गुणस्तरयूक्त शिक्षा दिक्षाको व्यवस्था मिलाउनु पर्ने अवस्था छ।

घिरिङ गाउँपालिकामा साक्षरता दर ६७.५२ % रहेको छ। महिला साक्षरता (६०.९%) र पुरुष साक्षरता (७६.६%) रहेको देखिन्छ।

घिरिङ गाउँपालिकामा बालविकास केन्द्र संख्या १९ रहेको पाइन्छ। यसैगरी आधारभुत तहका कक्षा १–५ सम्म संचालन हुने विद्यालय संख्या २८ र कक्षा ६–८ सम्म संचालन हुने विद्यालय संख्या ६ , माध्यमिक तहको साधारण धार पढाई हुने कक्षा ९–१० सम्मको विद्यालय संख्या ५ , कक्षा ११–१२ सम्मको विद्यालय संख्या २ गरी जम्मा ४१ सामुदायिक विद्यालयहरू यस गाउँपालिकामा संचालित छन् र सामुदायिक विद्यालयमा संचालित स्रोतकेन्द्र संख्या १ रहेको छ।

**समस्या र चुनौती**

विद्यालयको संख्या ठीकै रहेको भए पनि पूर्वाधारको उचित व्यवस्था हुन नसकेको, प्रयोगात्मक शिक्षाका लागि प्रयोगशालाको अभाव रहेको, ICT को प्रयोग भई नरहेको, बिषय शिक्षकहरुलाई तालिमको उचित व्यवस्था नहुनु आदि शिक्षा क्षेत्रका समस्याहरु हुन्। अन्य समस्याहरुमा विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु, कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु, दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु, दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर बढी हुनु, विद्यालयहरू आर्थिक रुपले कमजोर हुनु रहेका छन्।

### ५.१.२ स्वास्थ्य

**विद्यमान अवस्था, संभावना तथा अवसर**

स्वास्थ्य सेवा सम्बन्धी तथ्यांकका आधारमा स्वास्थ्य चौकी ४, क्लिनिक ३ गरि जम्मा ७ वटा संस्थाहरु रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन्। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ। गाउँमा ठूला अस्पतालहरू हालसम्म निर्माण नभएको हुँदा ठूला रोगहरूको उपचार गर्नका लागि यहाँका गाउँबासीहरू स्वास्थ्य सेवाका लागि नजिकको सहर भिमाद, पोखरा वा काठमाडौं जानुपर्ने बाध्यता छ र ग्रामिण भेगका बासिन्दाहरुका लागी अझ कठिनाई झेल्नु पर्ने अवस्था रहेको छ।

**समस्या र चुनौती**

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवाको कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदरको सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको गम्भीरता सम्बन्धी बुझाइमा कमी, औषधी उपचार प्रणाली माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्युन गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

**५.१.३ खानेपानी तथा सरसफाई**

**विद्यमान अवस्था, संभावना तथा अवसर**

घिरिङ गाउँपालिकाको खानेपानीको प्रमुख स्रोत धारा तथा पाइप भएको देखिन्छ। गाउँका ३०४८ ( ९०.३ प्रतिशत) परिवारहरूले सबैभन्दा बढी धारा तथा पाइप प्रयोग गरेको पाइएको छ। ती बाहेक खुला कुवाको पानी प्रयोग गर्ने घरधुरी संख्या ८२ (०.८ प्रतिशत), मूल धाराको पानी प्रयोग गर्ने घरधुरी संख्या १८५ (५.५ प्रतिशत), नदी तथा खोलाको पानी प्रयोग गर्ने घरधुरी १ (०.०३ प्रतिशत) र ढाकिएको कुवाको पानी प्रयोग गर्ने घरधुरी ८२ (२.४३ प्रतिशत) रहेको छ।

गाउँमा शौचालय प्रयोग गरेका घरपरिवारहरूमा सबैभन्दा धेरै फ्लस भएको (सेफ्टि ट्याङ्की तथा सार्वजनिक ढल) आधुनिक शौचालय प्रयोग गर्नेको परिवार २४७२ (७३.२ प्रतिशत) रहेको छ। दोस्रोमा साधारण शौचालयको प्रयोग गर्नेको संख्या ८६५ (२५.६१ प्रतिशत) देखिएको छ। यस गाउँपालिकामा केवल ३१ घरपरिवारमा शौचालयको सुविधा नभएको अवस्था छ। *(स्रोत –गाउँपालिकाको डिजिटल प्रोफायल )*

**समस्या र चुनौती**

यहाँ संचालन भएका खानेपानीका योजनाहरुको उचित मर्मत संबारको अभावमा जिर्ण रुपमा रहेका छन। कतिपय स्थानमा लिफ्ट गरेर खानेपानी योजना संचालन गर्नु पर्ने कारणले प्राविधिक कठीनाई पर्न सक्ने देखिन्छ।

यस गाउँपालिकाका घरपरिवारमा शौचालयको व्यवस्था सबै घरमा पुगेको भएतापनि आगामी दिनमा पूर्ण सरसफाइको दिशा तर्फ गाउँपालिकाको ध्यान जानु आवश्यक देखिन्छ। जसको लागि गाउँघरमा जनचेतना जगाउने विभिन्न कार्यक्रमहरू संचालन गर्नुपर्ने अति आवश्यक देखिएको छ।

**५.१.४ युवा तथा खेलकुद**

### विद्यमान अवस्था, संभावना तथा अवसर

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको चौतर्फी विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस गाउँपालिकामा खेलकुदका लागि विभिन्न स्थानहरूमा खेलकुद मैदान रहेको देखिन्छ। गाउँ घरमा भलिबल खेल निकै लोकप्रिय रहेको हुनाले गाउँपालिकाको प्रत्येक गाउँ वा स्थानमा एउटा सानो-तिनो खेलकुद मैदान रहेको छ। यसैगरी गाउँको विद्यालयको हाताभित्र र गाउँपालिकाको कार्यालय मा पनि खेलमैदान रहेको पाइन्छ। गाउँका विभिन्न स्थानहरूमा विश्रामका लागि पाटीपौवा तथा चौताराहरू रहेको पाइन्छ।

### समस्या र चुनौती

खेलकुदको लागि केहीमात्र पूर्वाधार तयार भएको देखिएतापनि समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारीरिक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्युन लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। केही पाटीपौवाहरू क्षतीग्रस्त भएको छ र तिनीहरूलाई हालसम्म मर्मत तथा सम्भारको लागि कुनै कार्य अगाडि बढेको देखिदैन।

### ५.१.५ कला, सँस्कृति, भाषा तथा साहित्य

### विद्यमान अवस्था, संभावना तथा अवसर

घिरिङ गाउँपालिका कला तथा सँस्कृतिले सम्पन्न गाउँपालिका हो। पर्यटकीय तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण मानिने काल भैरब मन्दिर, कामधेनु ढुंगा मन्दिर, राज भंगेर, मंदारकाली गुफा यस गाउँपालिकाको मुख्य धार्मिक स्थलहरु हुन्। त्यसै गरि घिरिंगकोट, थानीमाई, शिवालय यस गाउँपालिकाको मुख्य एतिहासिक स्थानको रुपमा रहेको छ . यसका अतिरिक्त स–साना मन्दिर, चर्च आदि यहाँका विभिन्न धार्मिक आस्था र मान्यता राख्नेहरूका लागि पवित्र र दर्शन गर्ने स्थानहरू हुन् जस्ले यस गाउँपालिकको विविधता प्रस्तुत गरेका छन। यहाँ मगर जातिको बहुल्यता छ र उनीहरु आफ्नो भाषा सँस्कृतिको जगेर्नाका लागि अत्यन्त जागरुक र उत्साहित छन।

### समस्या र चुनौती

गाउँपालिका कला, सँस्कृतिमा धनी भईकन पनि यहाँ बोलिने विभिन्न लोकभाषाहरुको संरक्षण र प्रबर्द्धन हुन नसक्नु दुखद पक्ष हो। यसैले यहाँ बोलिने विभिन्न लोकभाषाहरुका लिपिहरुको संरक्षण गर्नु जरुरी छ।

### ५.१.६ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण

### विद्यमान अवस्था, संभावना तथा अवसर

लैङ्गिक समानता भन्नाले लिङ्गका आधार भेदभाव रहित अवसरहरुमा पहुँच पाउनुलाई बुझिन्छ। नेपाल जस्तो पुरुष प्रधान देशमा लैङ्गिक समानता चर्चाको विषय बनेको छ। महिलाहरुको हक अधिकारको रक्षाका लागि महिलाहरुको सरकारी सँस्थाहरुमा ३३% सहभागिताको नीति अवलम्बन गरिएकोछ। लैङ्गिक समानताले केवल महिलाहरुमा मात्र सीमित नभएर यस्को दायरा समलिङ्गी तथा उभयलिङ्गीसम्मलाई **(LGBT – Lesbian, Gay, Bi-sexual and Transgender)** समेट्न पुग्दछ। सामाजिक समावेशिता भन्नाले सँस्थागत अवरोध

हटाई र सेवा सुविधाहरु बृद्धि गरी विभिन्न जातजाति, लिङ्ग, धर्म र सम्प्रदायका व्यक्ति तथा समूहका मानिसहरुको विकासको अवसरमा पहुँच बृद्धि गर्नु हो । यसो गर्नका लागि नीति, नियम तथा सामाजिक व्यवहारमा परिवर्तन र सीमान्तकृत मानिसहरुलाई हेर्ने र व्यवहार गर्ने दृष्टिकोणमा परिवर्तन हुनु जरुरी छ । सामाजिक क्षेत्रमा तर्जुमा गरी कार्यान्वयन गरिने कार्यक्रमहरु सामाजिक समावेशीको दृष्टिबाट हुनु जरुरी छ ।

गाउँपालिका क्षेत्रमा बसोवास गर्ने सबै जात, जाती, लिंग, धर्म र सम्प्रदायका व्यक्तिहरूको सार्वजनिक जीवनमा समानुपातिक सहभागितालाई सुनिश्चित गर्ने र समाजमा शान्ति, सुरक्षा र अमन चैन कायम गर्ने बिषय सामाजिक समावेशीकरण र सुरक्षा अन्तर्गत पर्दछन् । यस सन्दर्भमा यो आवधिक योजना तर्जुमागर्ने सिलसिलामा भएका गोष्ठीहरूमा छलफल हुँदा उत्साहजनक प्रगतिहरू सुन्नमा आएका छन् । जस्तै यस गाउँपालिकामा महिलाहरूलाई सार्वजनिक काममा अगाडि ल्याउनकालागि बिभिन्न महिला समूहहरू गठन भएका, विद्यालयमा छात्राहरूको संख्या क्रमशः बृद्धि हुंदै गएको, उपभोक्ता समूहहरूमा महिला तथा दलितहरूको सहभागिता प्रभावकारी भएको, महिला हिंसामा क्रमशः कमी आएको, सम्पत्तिमा महिलाको हक बढ्दै गएको र महिलाको नेतृत्व गर्ने क्षमतामा बृद्धि भएको कुरा आएको छ । हालको अवस्थामा गाउँपालिकामा पूर्णतया अमनचैन र शान्ति सुरक्षाको प्रत्याभुती भएको अवस्था छ । यो ज्यादै सह्रानीय र अरु समग्र विकासको लागि अत्यावश्यक पक्ष हो ।

**समस्या र चुनौती**

धेरै राम्रा कुराहरू हुँदाहुंदै पनि अझै गर्नुपर्ने कामहरू धेरै बाँकी छ । सामाजिक समावेशीकरणको क्षेत्रमा पर्याप्त बजेट तथा कार्यक्रमहरू जान नसकेको, महिला समूहहरूको सकृयतामा कमी रहेको, सामाजिक विभेद निर्मुल हुन नसकेको, छुवाछुत केही मात्रामा कायमै रहेको, पैत्रिक सम्पत्तिमा महिला र पुरुषको समान अधिकार कायम हुन नसकेको र महिलाहरूको आर्थिक कारोवारको पहुँचमा कमी आदि यो बिषयगत क्षेत्रमा रहेका समस्या तथा चुनौती रहेको छन् । गाउँपालिका भित्र रहेका बिभिन्न खालका अपांगता भएका व्यक्तिहरूको ज्ञान, सीप र क्षमताको विकास गरी स्वरोजगारीका अवसरहरू सृजना गर्न केही प्रयास भएको भए पनि पर्याप्त हुन नसकेको अबस्था छ ।

## ५.२ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

### ५.२.१ लक्ष्य

**लक्ष्यः** आधारभूत, शिक्षा, स्वास्थ्य, सामाजिक न्याय, सुरक्षा, सेवा तथा सुविधाको पहुँचमा गुणस्तरीय ढंगले दिगो सुधार गरी गाउँपालिकाबासीको जीवनयापनलाई सरल, सुलभ र सुखी बनाउने ।

### ५.२.२ उद्देश्य

**उद्देश्यः** सामाजिक विकास बिषयगत क्षेत्रको लक्ष्य प्राप्त गर्नको लागि निम्न अनुसारका उद्देश्यहरु निर्धारण गरिएको छ ।

१. विद्यालयहरूको भौतिक पूर्वाधारको सुधारगर्दै सार्वजनिक विद्यालय शिक्षामा पहुँच र गुणस्तर बृद्धि भएको हुनेछ ।
२. आधारभूत स्वास्थ्य सेवा तथा सुविधाको उपलब्धता तथा गुणस्तरमा वृद्धि भएको हुनेछ ।
३. खानेपानी तथा सरसफाई सेवा सुविधाको उपलब्धता र गुणस्तरमा वृद्धि भएको हुनेछ ।

४. विपन्न तथा लक्षित वर्ग, जेष्ट नागरिक, एकल महिला तथा दलितको क्षमता, सहभागिता र उनीहरुको आधारभूत सेवा तथा सुविधाको पहुँचमा वृद्धि भएको हुनेछ।
५. सु–संस्कृत, सिर्जनशील र व्यवसायिक युवाशक्तिको विकास भएको हुनेछ।
६. स्थानीय कला, संस्कृति र सम्पदाको संरक्षण तथा प्रवर्द्धन भएको हुनेछ।

### ५.२.३ रणनीति तथा कार्यनीति

**रणनीति तथा कार्यनीति**

सामाजिक विकास बिषयगत क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्त गर्नका लागि आवश्यक रणनीति तथा कार्यनीतिको तर्जुमा गर्नु पर्ने हुन्छ। यस्का लागि निम्न अनुसारका रणनीति तथा कार्यनीतिहरु तर्जुमा गरिएका छन्।

**रणनीति**

१. सामुदायिक विद्यालयका शिक्षकलाई कुनै पनि राजनितिक दलको कार्यकर्ताको रूपमा काम गर्नबाट निरुत्साहित गर्ने।
२. विकासको लागि आएको बजेटबाट तलव खाने गरी स्थानीय स्रोतबाट शिक्षक भर्ना गर्ने विगतको परिपाटीलाई निरुत्साहित गर्ने।
३. सामुदायिक विद्यालयको गुणस्तर माथि उठाउने र निजि विद्यालयहरूको आर्थिक अराजकता नियन्त्रण गर्ने नीति अवलम्बन गर्ने।
४. सामुदायिक विद्यालयहरुको भौतिक संरचना (खानेपानी तथा सरसफाई, आवश्यक कक्षा कोठाहरु, प्रयोगशाला, आवश्यक उपकरण – कम्प्युटर आदि) सुधार गरी सुविधा सम्पन्न बनाउने।
५. विपन्न तथा पछि परेका समुदायका बालबच्चा

**कार्यनीति**

१. विद्यालयको सुधार र निर्माणको लागि विद्यालय व्यवस्थापन समिति शिक्षकहरुलाई नै जिम्मेवार वनाईने छ।
२. शिक्षा र स्वास्थ्य क्षेत्रमा प्रभावकारी रूपमा कामगर्ने र लामो समयसम्म यस गाउँपालिकामा सेवागर्ने व्यक्तिहरूलाई बार्षिक रूपमा पुरस्कारको व्यवस्था गरिने छ
३. विद्यालय तथा स्वास्थ्य चौकिहरूको भवन निर्माण गर्दा सम्बन्धित व्यवस्थापन समितिहरूलाई नै बढी जिम्मेवार बनाईने छ।

### ५.२.४ कार्यक्रम तथा योजना (कार्यान्वयन योजना)

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत, लक्षितवर्ग वा आयोजनाको विवरण |
|---|---|---|---|---|---|
| | | | | | |

| | | आधार बर्ष (०७८/०७९) | कुल लक्ष्य (२०८२/८३) | | |
|---|---|---|---|---|---|
| **शिक्षा** | | | | | |
| आधारभूत तह (६-८) दरबन्दी | वटा | ८९ | १४० | २५०० | आधारभूत विद्यालय उमेरका बालबालिका |
| माध्यमिक तह (९-१०) दरबन्दी | वटा | ५७ | ७५ | १५०० | माध्यमिक विद्यालय (९-१०) उमेरका बालबालिका |
| माध्यमिक तह (११-१२) दरबन्दी | वटा | ३७ | ८० | १२०० | +२ अध्ययनरत बालबालिका |
| सबै वडाहरुमा उच्च मा.वि. (११-१२) सम्म विद्यालय संचालन गर्ने | वटा | २ | ५ | ५००० | १-१२ अध्ययनरत विद्यार्थी |
| प्राविधिक धारको विद्यालय संचालन | वटा | १ | २ | १५००० | १-१२ अध्ययनरत विद्यार्थी |
| सबै विद्यालयमा सूचना प्रविधिको पहुँच विस्तार गर्ने | वटा | | ३६ | ७२०० | १-१२ अध्ययनरत विद्यार्थी |
| E- Library स्थापना गर्ने | वटा | | १८ | ३६०० | १-१२ अध्ययनरत विद्यार्थी |
| बिज्ञान प्रयोगशाला स्थापना गर्ने | वटा | | ३६ | ३६०० | १-१२ अध्ययनरत विद्यार्थी |
| ICT संचालन कक्षा | वटा | | ३६ | ५४०० | १-१२ अध्ययनरत विद्यार्थी |
| ICT को माध्यमबाट शिक्षण सिकाई गर्ने जनशक्ति | जना | | ३६ | १५०० | १-१२ अध्ययनरत विद्यार्थी |
| बालमैत्री कक्षा व्यवस्थापन | वटा | | ३६ | १८०० | १-१२ अध्ययनरत विद्यार्थी |
| शिक्षक पुनर्ताजगी तालिम | जना | | १५ | ४५०० | शिक्षक + विद्यार्थी |
| अभिभावक शिक्षा | जना | | १० | ५०० | अभिभावक र विद्यार्थी |
| कार्यालय सहयोगी | जना | १९ | ३६ | १००० | विद्यालय परिवार |

| | | | | | |
|---|---|---|---|---|---|
| नया विद्यालय भवन निर्माण / सुधार व मर्मत | वटा | | १५ | ७५०० | |
| **शिक्षा क्षेत्रको जम्मा** | | | | ६१८०० | |
| **आधारभूत स्वास्थ्य** | | | | | |
| स्वास्थ्य चौकीको लागि भवन निर्माण | वटा | ४ | ५ | २०००० | |
| प्रसुती केन्द्र विस्तार | वटा | १ | २ | ५००० | |
| पालिकास्तरीय अस्पताल निर्माण | वटा | ० | १ | १००००० | |
| स्वास्थ्य प्रयोगशाला स्थापना तथा विस्तार | वटा | ० | ५ | ५००० | |
| ORC(आउट रिच क्लिनिक )/EPI (खोप केन्द्र ) मर्मत तथा संचालन | वटा | १ | ३ | १२०० | |
| पालिकास्तरीय १५ शैयाको क्वारेन्टाईन भवन निर्माण | वटा | ० | १ | ५००० | |
| स्वास्थ्य तथा शिक्षा छात्रबृति | | ० | १० | ५००० | |
| महिला स्वयमसेवक र स्वास्थ्यकर्मीको क्षमता अभिबृद्धि (FCHV र H.W.) | | १५ | १५ | १५०० | |
| स्वास्थ्य शिविर | वटा | ० | २० | १५०० | |
| प्रसुती सेवा तथा पोषण खर्च | | ० | २०० | ५०० | |
| सेल्टरहोम स्थापना तथा संचालन (प्रसुती सेवा) | वटा | ० | ५ | १००० | |
| योग तथा व्यायाम केन्द्र स्थापना – सामाग्री समेत | वटा | ० | ५ | ५००० | |
| निशुल्क स्वास्थ्य सेवा – औषधि तथा उपकरण | वटा | ६ | ६ | ५००० | |
| अ.न.मी/का.स. को करार सेवा निरन्तरता | | ४ | ५ | ३००० | |
| एम्बुलेन्स खरिद | वटा | ० | २ | ८००० | |
| **स्वास्थ्य क्षेत्रको जम्मा** | | | | **१६६,७००** | |
| **खानेपानी तथा सरसफाइ** | | | | | |
| एक घर, एक धारा, एक मीटरको व्यवस्था | घर धुरी | ० | ३,३७७ | १६८८५ | पालिकास्तरीय |
| बृहत लिफ्टिङ्ग खानेपानी योजना | वटा | ० | २ | ४०००० | पालिकास्तरीय |
| पुराना खानेपानी योजना को ट्याङ्की तथा पाइप मर्मत संभार | | २५ | २५ | १०००० | पालिकाबासी |

| | | | | | |
|---|---|---|---|---|---|
| **खानेपानी तथा सरसफाइ क्षेत्रको जम्मा** | | | | **६६,८८५** | |
| **युवा तथा खेलकुद** | | | | | |
| बालक्लब गठन | | ६ | ११ | ५५५ | गा.पा। भित्रका बालबालिका |
| युवाक्लब व्यवस्थापन | | १५ | २० | २००० | गा.पा. भित्रका युवा |
| क्लब भवन निर्माण | | ० | ५ | ७५०० | गा.पा. भित्रका युवा |
| खेल मैदान निर्माण | | ४ | ५ | २५०० | गा.पा. भित्रका युवा |
| कभर्ड हल निर्माण | | ० | १ | १२००० | सबै जनसमुदाय |
| पालिकास्तरीय खेलकुद परिषद गठन | | ० | १ | १००० | गाउँपालिकाबासी |
| घिरिङ खेलकुद सप्ताह आयोजना तथा संचालन | | ० | ५ | १५०० | गाउँपालिकाबासी |
| **युवा तथा खेलकुद क्षेत्रको जम्मा** | | | | **२७,०५५** | |
| **कला, सँस्कृति, भाषा साहित्य** | | | | | |
| भाषा तथा लिपिको संरक्षण | | ० | १ | ३०० | पालिका भित्रका जनजाती |
| मगर भाषाको प्रवर्दन | | ० | १ | ५००० | |
| कला, संस्कृति, सम्पदा, भाषा र साहित्यको सम्बर्द्धन तथा प्रबर्द्धन | | ० | १ | २०००० | |
| **कला, सँस्कृति, भाषा साहित्य क्षेत्रको जम्मा** | | | | **२५,३००** | |
| **लक्षित वर्ग** | | | | | |
| अपाङ्ग पुनर्स्थापना केन्द्र स्थापना/निर्माण | | ० | १ | १०००० | |
| बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन | | ० | १ | ५०० | |
| एकल महिला, जेष्ठ नागरिक, अपाङ्ग आदि लक्षित वर्गलाई सहायता | | ० | ५ | १००० | |
| **लक्षित वर्ग क्षेत्रको जम्मा** | | | | **११५००** | |
| **सामाजिक क्षेत्रको कुल जम्मा** | | | | **३५९,२४०** | |

# परिच्छेद ६ भौतिक पूर्वाधार विकास योजना

## ६.१ वस्तुस्थिति विश्लेषण

भौतिक योजना एक व्यापक बहु-क्षेत्रीय मास्टर प्लान हो जस्ले भौतिक वातावरणको लागि विकासको योजनाबद्ध स्थानिक रुपरेखा प्रदान गर्दछ जुन भित्र रहेर सामाजिक तथा आर्थिक विकासको सन्तुलित कार्यक्रम सञ्चालन गर्न सकिन्छ।

भौतिक पूर्वाधारहरूको विकासको अभावमा कुनै पनि पालिकाको समग्र विकासका अगाडि बढाउन कठीन हुन्छ। गाउँपालिकास्तरमा पूर्वाधार भन्नाले मूलतः सडक, पुल पुलेसा, भवन, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा तथा सञ्चारसंग सम्बन्धित पूर्वाधारहरू पर्दछन्। यस नगरपालिकामा कच्ची पक्की सबै किसिमका सडकको लम्बाई करिव २४१.४ कि.मी. (घिरिंग गापा यातायात गुरुयोजना, २०१८) छ। यस नगरपालिकाको समग्र पूर्वाधार विकासका आवश्यकता, समस्या र संभावनाहरुलाई देहाय बमोजिम विश्लेषण गरिएकोछ।

### ६.१.१ सडक तथा पुल

#### विद्यमान अवस्था, संभावना तथा अवसर

यहाँ जम्मा२४१.४ कि.मी. सडक संजाल भएको देखिन्छ जस्मा कालोपत्रे सडक ० कि.मी. ग्राभेल सडक ६२.९६ कि.मि. र कच्ची सडक तथा मौसमी सडक १७१.१४ कि.मि. रहेकोछ। यी सबै सडक तथा बाटाहरूबाट गाउँका सबै वडाहरूमा सेवा पुगेतापनि यस गाउँपालिकामा सडकको बिस्तार सन्तोषजनक मानिदैन। धैरै सडकहरुको स्तरोन्नति गर्नु पर्ने तथा नयाँ ट्रयाक खोल्नु पर्ने समेत देखिन्छ। गाउँपालिकामा धेनुंग देउँराली, बेलभज्यांग, मानपुर, पोखरीछाप, घिरिंग हटिया, घिरिंग देउँराली, फुला, धेनुंग, नेवापानी, बैदी, पुट्टार आदि विभिन्न स्थानहरू गरी करिव ११ वटा भन्दा बढी बस स्टप रहेको छ। सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधन, पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ।

#### समस्या तथा चुनौती

यहाँ धैरै सडकहरुमा काम भए तापनि पर्याप्त बजेटको अभावमा समयमा काम नसकिने समस्याबाट यो गाउँपालिका पनि मुक्त छैन। यस गाउँपालिका भएर भिमाद -बैदी सडक, मानपुर-घुम्रिघाट सडक, बैदी -डेडगाउँ सडक हरु मुख्य सडक को रुपमा निर्माण तथा संचालन भएता पनि बर्खा याममा बाढी पहिरोको कारण यातायतमा अवरोध उत्पन्न हुने गरेको देखिन्छ।






"कृषि, पर्यटन, एतिहासिक धरोहर , सम्बृद्ध घिरिङ निर्माणमा हाम्रो सरोकार "

## ६.१.२ आवास, बस्ती तथा बजार एवम सार्वजनिक निर्माण

### विद्यमान अवस्था, संभावना तथा अवसर

यस गाउँपालिकामा सार्वजनिक निर्माणका कामहरु हुँदै गरेको भए तापनि गर्नु पर्ने काम धैरे नै रहेका छन । गाउँपालिका भित्र ठूला पार्क तथा खुला क्षेत्रहरू छैनन गाउँपालिकाले यहाँ रहेका जंगल सहितका सार्वजनिक टापुहरूमा आवश्यक भौतिक पूर्वाधारको निर्माण गरेर पार्क तथा खुला स्थानको पहिचान, प्रवर्धन र संरक्षण गर्नु पर्ने हुन्छ र त्यस्ता स्थानहरूको यहाँ प्रशस्त सम्भावना छ । यस्ता संभावना भएका क्षेत्रहरुमा बालउद्यान, उद्यान, बगैंचा, बसपार्क, पुस्तकालय, औद्योगिक ग्राम निर्माण, पिकनिकस्पटहरु, व्यवस्थित हाटबजार आदि उल्लेख गर्न सकिन्छ ।

### समस्या तथा चुनौती

अहिले गाउँबासीको अपेक्षा निकै बृद्धि भएकोछ र तर सोही अनुपातमा गाउँपालिकाको स्रोत भने बृद्धि हुन सकेको छैन । यसैले जनचाहना अनुरुप काम गर्न योजनाको प्राथमिकता तय वस्तुबादी हिसाबले गर्न सक्नु सबभन्दा ठूलो समस्या र चुनौती रहेकोछ ।

## ६.१.३ बिद्युत तथा बैकल्पिक उर्जा

### विद्यमान अवस्था, संभावना तथा अवसर

गाउँपालिका/ नगरपालिकाको वस्तुगत विवरण, तनहुँ –२०७५ अनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ । गाउँपालिकामा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या ९९ प्रतिशत रहेको छ । त्यस्तै अधिकासं घरधुरीले सोलार प्रयोग गर्ने गरेको ४० प्रतिशत देखियो ।

### समस्या तथा चुनौती

बिधुतिकरण सेवाको गुणस्तर कायम गराउन ध्यान दिनु पर्ने देखिन्छ ।

## ६.१.४ सूचना संचार तथा प्रविधि विकास

### विद्यमान अवस्था, संभावना तथा अवसर

आजको सूचनाका प्रविधिको युगमा गाउँपालिकाको सबै गाउँ बस्तीसम्म संचारको सुबिधा पुगोस् भन्ने व्यापक जनचाहना रहनु स्वभाविकै हो । सोही चाहना अनुसार हालसम्ममा यस गाउँपालिकाको सबै क्षेत्रमा मोवाल नेटवर्क पुगेको छ । ३,२२९ घर परिवारसँग मोबायल तथा ल्याण्डलाईनको सुविधा पुगेकोछ भने १०८२ जनासँग सूचना तथा मनोरन्जनका लागि टेलिभिजनको पहुँच भएको देखिन्छ । सबै वडा कार्यालय भएका ठाउंहरूमा इन्टरनेटसेवा उपलव्ध छ तथापि १८ घर परिवारले मात्र इन्टरनेटको सुविधा प्रयोग गरको पाईन्छ । यद्यपि केही क्षेत्र अत्यन्त भौगोलिक विकट भएको कारणले कतिपय अवस्थामा मोवाइल तथा इन्टरनेटको नेटवर्क पुग्न नसकेको हुनसक्छ । यसलाई पूरा गर्नका लागि सम्बन्धित निकायहरूसंग समन्वय गरी संचार प्रविधिसंग सम्बन्धित उपकरणहरू थप गर्दै कम्तिमा पनि सबै गाउँ बस्तीमा टेलिफोन र सार्वजनिक निकायहरूमा ईन्टरनेट सुबिधा पुऱ्याउन गाउँपालिकाले योजनाबद्ध रूपमा पहल गर्न आवश्यक देखिन्छ ।

**समस्या तथा चुनौती**

गाउँपालिकाले आफूले प्रदान गर्ने सेवा सुविधा संभव भएसम्म Online गर्ने सोच राखेको भएतापनि वर्तमान अवस्थामा उपलब्ध इन्टरनेट सेवा द्रुतगतिको नभएकाले यो एक समस्याको रुपमा रहेकोछ। ग्रामिण क्षेत्रहरूमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइ तथा बढी खर्चिलो हुन सक्ने देखिन्छ। यस्ता स्तानमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

## ६.२ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

### ६.२.१ लक्ष्य

आवश्यक गुणस्तरीय पूर्वाधारहरुको विकास गरी सर्वपक्षीय विकासलाई सुनिश्चित गर्ने

### ६.२.२ उद्देश्य

- घिरिङ गाउँपालिका भित्रका समपूर्ण सडक सञ्जालको सन्तुलित विकास तथा विस्तार गर्ने
- गुणस्तरयुक्त भरपर्दो र सुलभ रुपमा सबै घरपरिवार लगायत अन्य क्षेत्रमा विद्युत सेवा र बैकल्पिक/नवीकरणीय उर्जाको पहुँचमा विस्तार गर्ने
- सुरक्षित वातावरण मैत्री र उपयुक्त आवास तथा सार्वजनिक निर्माण गर्नुका साथै संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा सुरक्षित एकीकृत बस्ति विकास गर्ने
- सबै घिरिङबासीमा सूचना तथा सञ्चार प्रविधिको पहुँच र उपयोगमा विस्तार गर्ने तथा सूचना र सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउन सहजीकरण गर्ने

### ६.२.३ रणनीति तथा कार्यनीति

| १. रणनीति | २. कार्यनीति |
|---|---|
| • सन्तुलित विकास हुने गरी आधुनिक संरचना सहितको सडक गुरुयोजनामा आधारित सडक सञ्जालको विकास गर्ने | • स्थानीय गाँउ गौरवका मार्गहरुको वर्गीकरण तथा सडक मापदण्ड निर्माण गर्ने<br>• प्रदेश तथा केन्द्र सरकारसँगको समन्वय र सहकार्यमा स्थानीय गौरवका मार्गहरुको स्तरोन्नति र कालोपत्रको कामलाई तिब्रता दिइनेछ।<br>• सडक पूर्वाधारको संरचना र सम्बर्धनका लागि सडक हेरालुलाई बाह्रै महिना परिचालन गर्ने<br>• ग्राभेल तथा कच्ची सडकको संरक्षणको लागि अनिवार्य नालाको निर्माण गर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ। |

| | |
|---|---|
| • सूचना र प्रविधिमा सबै जनताको पहुँच र उपयोग सुनिश्चित गर्ने | • सूचनाको पहुँच पुऱ्याउन आवश्यक नीतिगत तथा संरचनात्मक व्यवस्था गरिनेछ।<br>• गैरसरकारी क्षेत्रसँगको सहकार्यमा गाउँपालिका कार्यालय तथा वडा कार्यालयमा रहेका सूचना प्रविधि केन्द्रलाई संरक्षण, सम्बर्ध्दन तथा विस्तार गर्दै लगिनेछ।<br>• सबै जनताहरुमा गाउँपालिकाबाट प्रवाह हुने सूचनामा सहज र सरल पहुँचको व्यवस्था गरिनेछ। |
| स्थानीय जलबिद्युत उत्पादन गर्न निजी क्षेत्रको लगानीलाई आकर्षण गरी स्थानीय बिद्युत उत्पादनमा बृद्धि गर्ने | • नेपाल सरकारको नीतिसँग नबाझिने गरी बिद्युत नीति निर्माण गरी बिद्युत उत्पादनमा निजी क्षेत्रलाई सहजीकरण गर्ने<br>• बिद्यतीकरणको विस्तार तथा जनतामा बिद्युतको पहुँचमा विस्तार गर्न स्थानीय सहकारीहरुसँग साझेदारि गर्ने<br>• स्थानीय सडकमा सुरक्षित र समयमा सहज आवतजावतका लागि सौर्य सडक बत्ती जडान गरिनेछ। |
| सुरक्षित, सुलभ र एकीकृत सार्वजनिक निर्माण र एकीकृत बस्ती विकास गर्ने | • सुरक्षित सार्वजनिक निर्माणका लागि आवश्यक नीतिगत र सँस्थागत विकास गरिनेछ।<br>• सुलभ र सुरक्षित एकीकृत बस्ति निर्माणका लागि समभाव्यता अध्ययन तथा जग्गा प्राप्तीको काममा तिब्रता दिइनेछ।<br>• संघीय र प्रदेश सरकारको समन्वय र सहकार्यमा सुरक्षित पूर्वाधार सहितको एकीकृत बस्ती निर्माण गरिनेछ। |

### ६.२.४ कार्यक्रम तथा योजना

| रणनीतिक कार्यक्रम र आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत, लक्षित वर्ग वा आयोजनाको विवरण |
|---|---|---|---|---|---|
| | | आधार बर्ष (०७८/०७९) | कुल लक्ष्य (२०८२/८३) | | |
| **सडक, पुल तथा यातायात** | | | | | |
| **सडक** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| • क्लास A सडक | कि. मी. | | ४१.३ | ६८५३० | यातायात गुरुयोजना अनुसार |
| • क्लास B सडक | कि. मी. | | ७२.६५ | ६१६३२ | यातायात गुरुयोजना अनुसार |
| • क्लास C सडक | कि. मी. | | २३.४२ | ४६५०८ | यातायात गुरुयोजना अनुसार |
| • MTPP Costing (सडक उन्नति, संचालन तथा मर्मत) | कि. मी. | | २४१.४ | २११९७७ | यातायात गुरुयोजना अनुसार |
| पुल | वटा | | २ | ३०००० | |
| यातायात संचालन | रुट | | ३ | ९००० | |
| **सडक, पुल तथा यातायातको जम्मा** | | | | **४२७६४७** | |
| **आवास बस्ती विकास तथा सार्वजनिक निर्माण** | | | | | |
| बसपार्क | संख्या | ० | २ | ८०००० | |
| एकीकृत बस्ती विकास | संख्या | ० | १ | १००००० | |
| बहुउद्देश्यीय भवन | संख्या | १ | ५ | १००००० | |
| रंगशाला/खेल मैदान | संख्या | २ | ६ | ८०००० | |
| पार्क | संख्या | ० | ६ | ६०००० | |
| सार्वजनिक शौचालय/प्रतिक्षालय | संख्या | ० | १० | २०००० | |
| औद्योगिक ग्राम स्थापना | संख्या | ० | १ | ५०००० | |
| पिकनिक स्पट | संख्या | ० | ५ | १०००० | |
| **आवास बस्ती विकास तथा सार्वजनिक निर्माणको जम्मा** | | | | **५००००० ** | |

| | | | | | |
|---|---|---|---|---|---|
| **बिद्युत तथा वैकल्पिक उर्जा** | | | | | |
| बायोग्यास प्लाण्ट | संख्या | | ५०० | ४०००० | |
| साना तथा मझौला जलविद्युत | मे.वा. | - | १ | ४०००० | सम्भाव्यता अद्ध्यान |
| सौर्य उर्जा | कि.वा. | - | २.५ | ९००० | |
| सुधारिएको चुलो | संख्या | - | २,५०० | ५००० | |
| **बिद्युत तथा वैकल्पिक उर्जाको जम्मा** | | | | **९४०००** | |
| **सूचना तथा संचार प्रविधि** | | | | | |
| इन्टरनेट सेवा विस्तार | **गापा** | | | ५००० | |
| **सूचना तथा संचार प्रविधिको जम्मा** | | | | **५०००** | |
| **पूर्वाधार विकासको कुल जम्मा** | | | | **१०२६६४७** | |

# परिच्छेद ७ वातावरण, वन तथा विपद् व्यवस्थापन योजना

## ७.१ वस्तुस्थिति विश्लेषण

### पृष्ठभूमि

नेपालको संविधानको भाग ३, धारा ३० ले नागरिकलाई स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको छ भने प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्नु पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापनाको व्यवस्था रहेको छ। विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्वतयारीसम्बन्धी अवधारणाहरूको प्रभावकारी कार्यान्वयनमार्फत् विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय सहितको विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ। संविधान वातावरण व्यवस्थापन, राष्ट्रिय वन नीति, कार्बन सेवा, वातावरण अनुकूलन संघको एकल अधिकार क्षेत्रभित्र राखेको छ भने प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्व तयारी, उद्दार तथा राहत पुनर्लाभलाई संघ तथा प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ। अनुसूची ६ अनुसार प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन प्रदेशको अधिकार सूची राखेको छ।

योजनामा यस विषय क्षेत्रसँग  सम्बन्धित संभावना, अवसर, समस्या तथा चुनौती सहित विद्यमान अवस्था, विषय क्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति तथा कार्यनीति एवम् रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरूसमेत संलग्न गरी तर्जुमा गरिएको छ।

### ७.१.१ वन तथा जैविक विविधता

#### विद्यमान अवस्था, संभावना तथा अवसर

गाउँपालिकाको कुल क्षेत्रफल १२६.५ वर्ग कि.मि. मध्ये ५६.९ प्रतिशत  वन जंगलले ओगटेको छ। वनको संचिति र जैविक विविधतायुक्त यहाँको वन सम्पदा हरियाली, जलाधार तथा वातावरणीय महत्वका अतिरिक्त आयआर्जनको अवसर वृद्धिका दृष्टिकोणले समेत प्रशस्त संभावनायुक्त रहेको छ। हाल यस गाउँपालिकामा जम्मा ३५  वटा सामुदायिक वन दर्ता भएको छ। दर्ता भएका सामुदायिक वनहरू बाट ३१०० घरधुरी लाभान्वित भएका छन।  विगतको समयमा थौरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षण भन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ । उपरोक्त सामुदायिक वन समूह मध्ये दुइ  तिहाई जती समूह व्यवस्थापनमा सक्रिय रहेको पाइन्छ।

यसका साथै यहाँ कृषि बनको रुपमा खेतबारीका कान्ला, डिल र खोलामा डाँलेघाँस, बाँस, उत्तीस व्यस्थापन गरिएको छ। प्रर्याप्त मात्रामा जडिबुटी उपलब्ध रहेको यस गाउँपालिकामा काष्ठ र गैरकाष्ठ वन पैदावारको समुचित व्यवस्थापन, खेती र प्रवर्धन गरी वनजन्य उद्यमको विकास गरी जीविकोपार्जनमा सुधार गर्न सकिने सम्भावना रहेको छ। यहाँ पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा साल, चिलाउने,गुराँस, सल्लो, उत्तीस, देवदार, धुपी, कटहर, अम्बा, केरा, कागती, भोगटे आदि हुन्।

यस क्षेत्रमा विशेष गरी पाईने गैरकाष्ठ प्रजातिहरूमा लौठे सल्लो, पाखनवेद, हातेजडी, सतुवा, पाँचऔंले, अत्तिस, चिराइतो, पदमचाल, काकरसिरा, बोझो, डेमच्चा , बनलसुन, भ्याकुर, तामा बाँस आदि प्रमुख हुन्। यसै गरी गाउँपालिकामा पाईने विभिन्न वन्यजन्तुहरूमा दुम्सी ,बाँदर, स्याल, बँदेल, चितुवा, भालु आदि तथा

चराचुरुङ्गीहरूमा ढुकुर, बकुल्ला, चिल, कालिज, सिम कुखुरा, गिद्ध, कोइली, जुरेली, भंगेरा, फिस्टा, सुँगा, चिवे, मयुर, जलेवा, कोकले, धोविचरा, माटिकोरी, तोपचरा, निलकण्ठ आदि प्रजातिका चराचुरुङ्गीहरू पाइन्छन्। घिस्रने जन्तुहरू गोमन, छेपारो, अजिंगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग तथा विभिन्न माछा प्रजातिहरू असला, कत्ले, सहर, बाम, र उभयचरमा पाहा पाइन्छ।

वन क्षेत्रले ग्रामीण जीवनमा दैनिक आवश्यक पर्ने काठ, घाँस दाउराका अतिरिक्त भूक्षयको नियन्त्रण महत्वपूर्ण योगदान पुऱ्याउँछ र वनले कार्वनको सिक्वेट्रेशनको माध्यमद्धारा वातावरणीय स्वच्छता काय गर्नुका साथै कार्वन संचिती गरी कार्वन व्यापार अवसर समेत बढाउँछ। हरियाली, स्वच्छता तथा जैविक विविधतायुक्त यहाँका वन तथा सुन्दर क्षेत्रहरुमा ग्रामीण तथा पर्यापर्यटनको विकास गर्न सकिने सम्भावना रहेको छ। वन क्षेत्रमा विद्यमान यस सम्भावनालाई यथार्थमा रुपान्तरण गर्न वन, जैविक विविधता र संरक्षणसम्बन्धी प्राविधिक ज्ञान, सीपमा वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ।

**समस्या तथा चुनौती**

यस गाउँपालिकाको सामुदायिक तथा सरकारी वन समेतको समूचित व्यवस्थापन हुन सकेको छैन। वनको सीमाना स्पष्ट रहेको छैन र फलस्वरुप वन क्षेत्र अतिक्रमित हुने गरेको अवस्था देखिन्छ। हरेक वर्षजसो डढेलोबाट वन र जैविक विविधताको क्षति हुन गएको छ तर वन डढेलो नियन्त्रणका लागि आवश्यक आधुनिक उपकरण, औजार, सीप तथा नियन्त्रण तथा प्रति कार्ययोजना समेतको अभाव रहेको छ। वन, वातावरण र जलाधारका श्रोतहरुको व्यवस्थापन स्थानीय जनप्रतिनिधि, उपभोक्ता समिति तथा आम उपभोक्ताहरु सचेतना र क्रियाशिलताको कमी रहेको छ।

जलवायुजन्य अतिशय परिणाम (Climate Extremities) तथा अनिश्चितताको सम्बोधन गर्न गाउँपालिका तथा स्थानीय नागरिकहरूमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ। अव्यवस्थित भू–उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार विकासमा वृद्धि, प्राकृतिक श्रोतहरूको अनियन्त्रित दोहन, वन वातावरणसम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सोको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु लगायतका कारणले वन क्षेत्रमाथि चाप बढ्न गएको छ। वन सम्पदाको दीगो तथा वैज्ञानिक व्यवस्थापन गरी यथोचित लाभ लिन नसकिरहेको अवस्था छ। कृषियोग्य उर्वर जमिन अतिक्रमण गरी संरचना निर्माण हुनु, वनको उचित संरक्षण तथा वैज्ञानिक व्यवस्थापन हुन नसक्नु, वनस्रोतको बहुउपयोग हुन नसक्नु, वन डढेलो वर्षेनी बढेर जानु तथा विकास कार्यहरू वातावरणमैत्री नहुनुलगायतका समस्याहरू वन क्षेत्रका थप समस्याका रुपमा रहेका छन्।

वन व्यवस्थापनमा वैज्ञानिकता नभएको हुँदा वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व कम रहेको छ। परम्परागत रुपमा घाँस दाउराबाहेक वन क्षेत्रबाट आयआर्जनका क्रियाकलाप संचालन गरी यथोचित लाभ लिन सएिको छैन। वन र वातावरण संरक्षण र व्यवस्थापन प्रतिको जिम्मेवारी वोधमा ह्रास तथा उदासिनता हालका दिनमा बढेर गरएको छ। चरिचरन क्षेत्रको उचित व्यवस्था नहुँदा वन क्षेत्रमा घरपालुवा जनावर चराउने चलन रहेको छ। वैज्ञानिक वन व्यवस्थापन गरी काठ दाउराको उत्पादन र उपलब्धता बढाउनु, वन तथा कृषि क्षेत्रमा जडिबुटी लगायत आयमूलक क्रियाकलाप संचालन गर्नु तथा वन क्षेत्रलाई ग्रामीण तथा पर्यापर्यटनको आकर्षण केन्द्र बनाउनु यस क्षेत्रका प्रमुख चुनौतीहरु हुन्।

### ७.१.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

#### विद्यमान अवस्था, संभावना र अवसर

यस गाउँपालिकामा कालिगण्डकी नदि र गोफा, फदुवा, नौलीजस्ता मध्यमस्तरका खोलाहरु रहेका छन्। यसबाट सिंचाई सुविधा विस्तारमा केहि टेवा पुगेको छ। उपरोक्त खोलानाला जलाधार क्षेत्रमा जंगलले ढाकेको, कृषि तथा सार्वजनिक क्षेत्रमा समेत हरियाली रहेको हुँदा यस पनि गाउँपालिकामा पानीको श्रोत र जमीनको उर्वरशक्ति मध्यम रुपमा रहेको छ। वन तथा जलाधारको संरक्षणर व्यवस्थापनको माध्यमद्धारा गाउँपालिका आर्थिक विकास र वातावरणीय सन्तुलन कायम गर्न सकिने संभावना रहेको छ।

सहकार्य र समन्वयको माध्यमद्वारा तिनै तहका सरकारहरुले भू तथा जलाधार संरक्षण र व्यवस्थापन योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न सक्ने संभावना रहेको छ। जल, जमीन र जङ्गलको संरक्षण र व्यवस्थापनलाई जलाधार व्यवस्थापनको अवधारणाबाट संचालन गरी उपरोक्त उपक्षेत्रमा प्रभावी नतिजा हासिल गर्न सकिने संभावना रहेको छ।

#### समस्या तथा चुनौती

जलाधार क्षेत्र व्यवस्थापनको अवधारणा अनुसार गाउँपालिका अन्तर्गत उपजलाधार र सुक्ष्म जलाधार क्षेत्रहरु पहिचान, नक्शाङ्कन, आवश्यकता पहिचान, व्यवस्थापन योजना तथा कार्यक्रम तर्जुमा हुन सकेको छैन। फलस्वरुप जमीन र जलाधार क्षेत्रको वैज्ञानिक व्यवस्थापन तथा दीगो संरक्षण सकेको छैन। तदबन्धन तथा नदी नियन्त्रण बाहेक गाउँपालिकाबाट जलाधार व्यवस्थापन तथा भूसंरक्षण सम्बन्धी कार्यक्रम र बजेट नगण्य मात्रामा रहेको छ। जमीन र जलश्रोतको व्यवस्थापन गरी पानीको भण्डारण तथा जमीनको उर्वराशक्ति बढाउनु आवश्यक रहेको छ। वातावरण ऐन र नियमको व्यवस्था बमोजिम वातावरणीय परीक्षण पालना हुन सकेको छैन। सडक तथा पुल, सिंचाई कुलो तथा खानेपानी र भवन निर्माण टेवा पर्खाल लगायत संरक्षणको ध्यान दिन सकेको छैन। भू तथा जलाधार संरक्षण र व्यवस्थापनलाई विकासका पूर्वाधार निर्माणको साझा विषयको रुपमा लिई प्राथमिकता अनुसार संचालन हुन नसक्नु, सुक्ष्म तथा उपजलाधार क्षेत्रको व्यवस्थापन योजना उपलब्ध नहुनु, तिनै तहका सरकार र सरोकारवाला निकायहरु बीच समन्वय र यससम्बन्धमा स्थानीय सरकारका निर्वाचित पदाधिकारी, कर्मचारी र स्थानीय समुदायको ज्ञान, सीप र अनुभवमा कमी यस क्षेत्रका प्रमुख चुनौतीका रुपमा रहेका छन्।

### ७.१.३ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

#### विद्यमान अवस्था, संभावना र अवसर

यस गाउँपालिकामा जल, जमीन, वायु सामान्यतः स्वच्छ रहेको छ। प्लाष्टिकजन्य सामाग्रीको प्रयोगमा बृद्धि वाहेक प्रदूषणको स्थिति प्रारम्भिक अवस्थामा रहेको छ। तसर्थ प्लाष्टिकजन्य सामाग्रीको प्रयोगलाई समयमै प्रतिष्थापन र व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राख्न सकिने अवस्था छ। यस गाउँपालिकामा पूर्ण सरसफाइको नियमित अभ्यास गर्ने ६० प्रतिशत र कुहिने तथा नकुहिने फोहोरमैलाको वर्गीकरण, नकुहिने फोहोरको पुनः प्रयोग र फाहोर प्रशोधनका अभ्यास गर्ने घरपरिवार न्यून वा ५ प्रतिशत भन्दा कम रहेको छ। गाउँपालिका क्षेत्रमा निजि घर तथा संस्थागत फोहोर संकलनको लागि कम्पोष्ट विन, पिट, ल्याण्डफिल साइट आवश्यकता देखिएको छ। गाउँपालिकामा ५६ प्रतिशत जती वन क्षेत्र, सार्वजनिक स्थान र निजि खेतबारीमा हरियालीको अवस्था रहेको हुँदा

हालसम्म वातावरण स्वच्छताको अवस्था देखिन्छ। संघीय संरचना अनुसार वातावरण, स्वच्छता र हरियाली प्रवर्धन सम्बन्धी ऐन, नियम र निर्देशिका उपलब्ध रहेको र आवश्यकता अनुसार बन्ने क्रममा रहेका छन्। राजनैतिक नेतृत्व तथा जनप्रतिनिधि र समुदायमा समेत वातावरण संरक्षण र व्यवस्थामा सचेतना बृद्धि हुँदै गएको छ।

**समस्या तथा चुनौती**

गाउँपालिका क्षेत्रमा प्लाष्टिकजन्य सामाग्री तथा बोतलहरुको प्रयोग बढ्दै गएको छ । दैनिक उत्सर्जन हुने प्लाष्टिकजन्य पदार्थ तथा बोतल गर्दा फोहोरमैला र वातावरणीय प्रदूषण बढ्दो क्रममा रहेको छ। फोहोर वर्गीकरण, पुनःप्रयोग तथा व्यवस्थापन गर्ने बानी, व्यवहार र अभ्यासमा कमी रहेको छ। प्लाष्टिक, सिसा तथा बोतल निरन्तर बढ्दै जाँदा प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थहरु जलाउने अभ्यास रहेको हुँदा वायु प्रदूषित हुनुका अतिरिक्त मानव स्वास्थ्यमा समेत असर पुग्ने भएकाले फोहोर व्यवस्थापनका लागि स्पष्ट अवधारणा र प्रक्रियासहित अघि बढ्नुपर्ने देखिन्छ। कृषि भूमिमा जैविक मल प्रयोग घट्दै गएको भने रासायनिक मलको प्रयोग बढ्दै गएको छ। यसबाट कृषि भूमिको गुणस्तरमा ह्रास हुँदै गएको छ। यसैगरी कृषि उत्पादनमा विषादीको प्रयोग पनि बढ्दै गएको छ। फलस्वरुप मानव स्वास्थ्यमा नकारात्मक असर परिरहेको छ । स्वास्थ्य संस्था तथा संस्थागत क्षेत्रबाट उत्पादन हुने फोहोर व्यवस्थापन प्रभावकारी नहुँदा प्रदूषण बढ्दै गएको छ। वन क्षेत्र, खोला खोल्सामा जथाभावी फोहोर फाल्ने तथा फोहोर जम्मा गरेर नदी, खोलामा बगाउने चलन रहेको हुँदा जल प्रदूषण पनि बढ्दो क्रममा रहको छ।

### ७.१.४ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

**विद्यमान अवस्था, संभावना र अवसर**

महाभुकम्प २०७२ पश्चात् निजिआवास तथा सार्वजनिक भवन निर्माणमा भूकम्प प्रतिरोधी भवन तथा संरचनामा अभिबृद्धिसँगै भूकम्पीय जोखिमका दृष्टिकोणले सुरक्षित निर्माण संस्थागत हुँदै गएको छ। गाउँपालिका र विभिन्न संघ संस्था , स्वास्थ्य संस्था र विद्यालय बीच विपद् पूर्वतयारी तथा व्यवस्थापन सम्बन्धमा समन्वय र सहकार्य भइरहेको छ।

समुदायमा आधारित विपद् जोखिम जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि संघ/संस्था मार्फत तालिमलगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम सञ्चालन गरिएका छन्। स्थानीय समुदायमा विपद् व्यवस्थापनसम्बन्धी परम्परागत ज्ञान, सीप र सचेतनामा बृद्धी हुँदै गएको छ। यस गाउँपालिका XX मध्यस्तरस्को वर्षैभरि पानी बहने खोला रहेका र केही साना तिना खोला खोल्सी रहेका छन् र यसबाट सिंचाई सुविधा विस्तार गरी खडेरीको जोखिम न्यूनीकरण गर्न सकिने सम्भावना रहेको छ। गाउँपालिकामा ताल पोखरी निर्माण संभावना र आवश्यकता रहेको छ।

**समस्या तथा चुनौती**

यस गाउँपालिकामा पहिरो, भूकम्प, चट्याङ, वन डढेलो, हावाहुरी तथा असिना प्रमुख प्रकोपको रुपमा रहेका छन् । यीमध्ये पहिरो, बाढी, वन डढेलो वार्षिक रुपमा दोहोरिरहने प्रकोपको रुपमा रहेका छन् भने अन्य प्रकोपहरुको आवृत्ति पनि उच्च रहेको छ। एकातिर विश्व तथा नेपालका अन्य क्षेत्रमा जस्तै यस गाउँपालिका क्षेत्रमा पनि विपद्जन्य घटनाका आवृत्ति (Frequency) तथा सघनता (Intensity) बढ्दै गएको छ भने अर्कोति विपद्सम्बन्धी प्रर्याप्त ज्ञान र सूचनाको कमी रहेको छ तथा विकास प्रक्रिया विपद् उत्थानशील हुन सकेको छैन। भूउपयोग योजना निर्माण

भई व्यवस्थित तथा वैज्ञानिक रुपमा भूमिकको उपयोग हुन नसक्दा विकासका प्रयासहरू दीगो नहुने जोखिम रहेको छ। विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु विपद् व्यवस्थापनका लागि गाउँपालिकाको प्रमुख चुनौतीका रुपमा रहेको छ।

वनजंगलको संरक्षणसँगै जंगली जनावर विशेष गरी बाँदर, दुम्सी, बँदेल, चितुवाले बालीनाली र पशुपंक्षीको क्षती पुऱ्याउने क्रम पनि बढ्दो क्रममा रहेको छ । विपद् पूर्वतयारी, न्यूनीकरण तथा प्रतिकार्यका स्थानीय तथा समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ। प्रमुख वस्तीहरूमा सामुदायिक आश्रयस्थलहरू रहेका छैनन् । यस क्षेत्रमा जलवायु परिवर्तनजन्य जोखिम उच्च भएता पनि जलवायु परिवतर्न अनुकुल कृषि बाली तथा प्रणालीको विकास र विस्तार हुन सकेको छैन।

## ७.२ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको वन तथा जैविक विविधता, भू तथा जलाधार, वातावरण तथा फोहोरमैला व्यवस्था, विपद व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन लगायत स्थानीय तहको वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ।

### ७.२.१ लक्ष्य

यस गाउँपालिकाको वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ।

- भू तथा जलाधार, फोहोरमैला, विपद व्यवस्थापन, हरियाली र स्वच्छ वातावरण सुनिश्चित गर्ने

### ७.२.२ उद्देश्य

गाउँपालिकाको वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्।

१. जैविक विविधता संरक्षण, वनको संचिती तथा वन पैदावरको उत्पादनमा बृद्धि भएको हुनेछ।
२. जल, जमीन र जलाधारका अन्य श्रोतको संरक्षण तथा उपयोगमा वृद्धि भएको हुनेछ।
३. पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाईमा अभिबृद्धि भएको हुनेछ।
४. विपद् जोखिम तथा विपद्जन्य क्षति न्यूनीकरण भएको हुनेछ।

### ७.२.३ विषयगत रणनीति तथा कार्यनीति

योजनाको वन, वातावरण र विपद् व्यवस्थापन सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम र आयोजना संचालन देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ।

| रणनीति | कार्यनीति |
|---|---|
| **क. जैविक विविधता तथा वन व्यवस्थापन** | |
| १. वन संरक्षण र व्यवस्थापन सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीति कार्यान्वयन गर्न सहयोग गर्ने | १. वन तथा जैविक विविधता सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीति बारे स्थानीय स्तरमा सचेतना अभिबृद्धि गरी कार्यान्वयनमा सहजीकरण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २. नीति कार्यान्वयनका लागि संघ तथा प्रदेश सरकारका सम्बन्धित निकाय र संरचनासँग समन्वय र सहकार्य गरिनेछ।<br>३. कार्बन व्यापारबाट गाउँपालिकालाई पूँजीगत लाभका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय/पहल गरिनेछ।<br>४. संघ, प्रदेश र स्थानीय कानून अनुसार वातावरणीय अध्ययन, वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन र अनुगमनको व्यवस्था गरिनेछ। |
| २. वैज्ञानिक वन व्यवस्थापन प्रणाली अनुसार वन पैदावरको सतत उत्पादन बृद्धि गरी वन पैदावरको आपुर्ती सहज बनाउने र आम्दानीमा बृद्धि गर्ने | १. ५० हेक्टर भन्दा बढी क्षेत्रफल भएका समुदायद्धारा व्यवस्थित वन क्षेत्रमा नमूनाको रुपमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ।<br>२. वैज्ञानिक तथा अन्य वन व्यवस्थापन प्रणालीद्धारा वन व्यवस्थापन गरी स्थानीय स्तरमा काठ, दाउरा, घाँस र सोतरको आवश्यकता परिपूर्ती तथा वनको संरक्षणमा अभिबृद्धि गरिनेछ।<br>३. कार्बन व्यापारबाट वन संरक्षण तथा व्यवस्थापन गर्ने स्थानीय समुदायलाई पूँजीगत लाभ उपलब्ध गराउन प्रदेश तथा संघीय सरकारसँग समन्वय र पैरवी गरिनेछ। |
| ३. वनमा आधारित उद्यम सिर्जना र आयमूलक कार्यक्रम संचालन गरी रोजगारी र आम्दानीको श्रोत बृद्धि गर्ने | १. सामुदायिक वन तथा नीजि जग्गामा टिमुर, सुनकाउली, चिउरी, ओखर, बाँस, निगालो, अम्रिसो, अलैची, कुरिलो, मेन्था, बोझो तथा जडीबुटीजन्य प्रजातीको व्यवसायिक खेती प्रवर्द्धन गरिनेछ।<br>२. वन तथा जडिबुटीमा आधारित आयमूलक कार्यक्रम संचालन गर्न महिला, युवा तथा लक्षित वर्गलाई प्रोत्साहन अनुदान मार्फत् आकर्षित गरिनेछ तथा राम्रो प्रतिफल प्रदर्शन गर्ने उद्यमीलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।<br>३. सार्वजनिक खाली, नाङगा पाखा तथा बाँझो जग्गामा काष्ठ तथा गैर काष्ठ प्रजातीका आयमूलक बोटविरुवाको रोपण विस्तार गरिनेछ।<br>४. डिभिजन तथा सवडिभिजन कार्यालयको प्राविधिक तथा अन्य सहयोगमा गाउँपालिका क्षेत्र वहुउद्देशिय वन नर्सरी स्थापना गरी विरुवा उत्पादन र वितरण सहज बनाइनेछ। |
| **भू संरक्षण तथा जलाधार व्यवस्थापन** | |
| नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन योजना अवधारणा अनुसार भिरालोपनाको स्थायीकरण, पहिरो, गल्छी नियन्त्रण तथा विकासका पूर्वाधार संरक्षण गर्ने | १. खेतबारी र वस्ती संरक्षण तथा पहिरो नियन्त्रणका लागि स्थानीय समुदायसँग सहकार्य गरी जैविक तथा इञ्जिनियरिङ्ग संरचना निर्माण र मर्मत संभार गरिनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| | २. खोला खोल्साको किनार लगायत जोखिम क्षेत्रमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दीगोपना कायम गरिनेछ।<br>३. स्थानीयस्तरमा नर्सरी व्यवस्थापन तथा वृक्षारोपण विस्तार गरी नाङ्गा डाँडा तथा पाखाहरुमा हरियाली वृद्धि तथा क्षतीग्रस्त भूमिको पुनरुत्थान गरिनेछ। |
| सार्वजनिक पूर्वाधार निर्माण, भूमि व्यवस्थापन, खेती प्रणाली र वन व्यवस्थापनसँग एकीकृत गरी भू–संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी कार्य संचालन गर्ने | १. राष्ट्रिय भू उपयोग नीति अनुसार भूउपयोगको क्षेत्र निर्धारण गरी भूमि व्यवस्थापन, वस्ती विकास, भौतिक संरचना तथा पूर्वाधार निर्माणलाई व्यवस्थित र नियमित गरिनेछ।<br>२. भूसंरक्षण तथा जलाधार व्यवस्थापनलाई विकासको साझा विषयको रुपमा एकीकृत गरी संचालन गरिनेछ।<br>३. भू तथा जलाधार व्यवस्थापनमा जल, जमीन र जंगलको संरक्षण तथा उत्पादन बृद्धिमा विशेष जोड दिइनेछ। |
| **वातावरणीय स्वच्छता तथा फोहोरमैला व्यवस्थापन** | |
| वातावरण अनुकुलित विकास, स्वच्छ उर्जा तथा प्रविधि र हरियाली अभिबृद्धि गर्ने | १. गाउँपालिकाभित्र प्लाष्टिकका गिलास तथा प्लेटजस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरीजस्ता स्थानीय वस्तुहरूको प्रवर्द्धनमा जोड दिइनेछ।<br>२. कुहिने र नकुहिने फोहोरमैला छुट्याई कुहिने फोहोरबाट कम्पोष्ट मल र नकुहिने फोहोरको पुनःप्रयोग, प्रशोधन र खाडलको व्यवस्थापन गरिनेछ।<br>३. सार्वजनिक स्थान र सडकको दायाबायाँ वरपिपल, समी, तुलसी, चाँप, पाँकुरी र लाकुरी, आप, लिचि, सुन्तला, नास्पती आरुवखडा जस्ता विरुवा रोप्ने कार्यलाई अभियानका रुपमा संचालन गरी वातावरण स्वच्छता कायम गरिनेछ।<br>४. विद्युत, वायोग्यास, सोलार, सुधारिएको चुल्लो जस्ता स्वच्छ उर्जाको प्रयोग, प्रदुषण कम गर्ने निर्माण प्रविधि र सामाग्रीको प्रयोग, जलवायु परिवर्तन र विपद् उत्थानशील प्रयासहरुलाई स्थानीय विकास प्रक्रियामा एकीकृत गरिनेछ। |
| सचेतना र व्यक्तिगत व्यवहार परिवर्तनको माध्यमबाट वातावरणीय स्वच्छता अभिबृद्धि गर्ने | १. जनचेतना अभिवृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्ति नियन्त्रण गरिनेछ।<br>२. टोलस्तरीय प्रतिस्पर्धामूलक कार्यक्रम सञ्चालन गरी समुदाय र घर र आँगन सरसफाइको अभियान सञ्चालन गरिनेछ।<br>३. टोलस्तरीय समिति तथा संस्थाहरूलाई परिचालन गरी समुदाय र टोल सरसफाईका काम नियमित रुपमा सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| विकास निर्माण तथा उद्यम विकास र श्रोत परिचालन सम्बन्धी कार्यमा कानून अनुसार वातावरणीय परीक्षण सम्बन्धी व्यवस्था पालना अभिबृद्धि गर्ने | १. विकास निर्माण, उद्यम व्यवसाय, श्रोतको उपयोग सम्बन्धी कार्यमा कानून तथा नियमअनुसार वातावरणीय अध्ययनको व्यवस्था पालना तथा अध्ययनबाट सिफारिश संरक्षणका कार्यहरुको अनिवार्य कार्यान्वयनको व्यवस्था गरिनेछ।<br>२. वातावरण व्यवस्थापन सम्बन्धी नीति तथा कानून बारे निर्वाचित जनप्रतिनिधि, कर्मचारी, निर्माण व्यवसायी, उपभोक्ता समिति, उद्यमी र व्यवसायी तथा स्थानीय समुदाय अभिमुखीकरण तथा सचेतना अभिबृद्धि गरिनेछ।<br>३. प्रदूषण (माटो, वायु, जल आदि) तथा यसको रोकथाम र व्यवस्थापनका उपायबारे स्थानीयस्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ। |
| **विपद् जोखिम व्यवस्थापन** | |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अवधारणाहरुलाई विकास व्यवस्थापन प्रक्रियामा मूलप्रवाहीकरण गर्ने | १. वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गरी तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचनाअनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ।<br>३. प्रमुख टोलहरुमा उद्धार सामग्रीहरू भण्डारण र नियमित अद्यावधिक गरिनेछ।<br>४. वायोइन्जिनियरिङ प्रविधि प्रवर्द्धन गरी नदी, गल्छी, खहरे तथा पहिरो नियन्त्रणलाई दिगो बनाइनेछ।<br>५. विकासका गतिविधि सञ्चालन गर्दा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनसम्बन्धी अवधारणाहरूलाई सम्बोधन गरिनेछ।<br>६. आवश्यक पूर्वाधारसहित सामुदायिक भवन निर्माण गरी आपतकालका लागि सामुदायिक आश्रयस्थल सामुहिक सुरक्षित आवासको प्रवन्ध गरिनेछ।<br>७. योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा वडा तथा टोलस्तरीय समितिलाई सहभागी गराई विपद् व्यवस्थापनलाई मूलप्रवाहीकरण गरिनेछ।<br>८. स्थानीय सरकारको क्षमता विकास कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय अनिवार्य रुपमा समावेश गरी संचालन गरिनेछ। |
| विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण, विपद व्यवस्थापनका लागि समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्य अभिबृद्धि गर्ने | १. गाउँपालिका, गैसस र नागरिक समाज संस्था र निजी क्षेत्रको समेत योगदान समावेश गरी स्थापित स्थानीय विपद व्यवस्थापन कोष बृद्धि र परिचालन गरिनेछ।<br>२. टोल टोलमा विद्यार्थी र समुदायलाई मनोसामाजिक परामर्श सम्बन्धी प्रशिक्षण लाई अभियानका रुपमा संचालन गरिनेछ।<br>३. रेडक्रस स्थानीय च्याप्टर र यस क्षेत्रमा कार्य गर्ने स्थानीय संघ/संस्थाको संस्थागत विकास तथा क्षमता अभिबृद्धिमा सहयोग गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. गैर सरकारी संस्था, संचार माध्यम तथा समुदायमा आधारित संस्था लगायत नागरिक समाज संस्थाहरुसँग सहकार्य गरी विपद पूर्व तयारी, जोखिम न्यूनीकरण र व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाईनेछ। |
| जलवायु परिवर्तन अनुकुलन लाई विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग एकीकृत गरी स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ। | १. गाउँपालिकामा वातावरण तथा फोहोरमैला व्यवस्थापनसँग एकीकृत गरी विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन शाखा स्थापना र संचालनको व्यवस्था गरिनेछ।<br>२. जलवायु परिवर्तन अनुकुलनका लागि पानी संलकन प्रविधि, सुख्खा पोखरी, कृषि प्रविधि तथा उत्पादन प्रविधिको विकास र विस्तार गरिनेछ।<br>३. जलवायु परिवर्तन अनुकुलन सम्बन्धी सैद्धान्तिक र व्यवहारिक अभ्यासका बारेमा जनप्रतिनिधि, कर्मचारी र समुदायका अगुवाको लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।<br>४. गाउँपालिकाको विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन र नतिजा अनुगमन गरिनेछ। |

### ७.२.३ प्रमुख रणनीतिक कार्यक्रम आयोजना (कार्यान्वयन योजना)

गाउँपालिकाको यस प्रथम आवधिक विकास योजनाको अपेक्षित नतिजा प्राप्त गर्न स्थानीय सामुदायिक वन उपभोक्ता समूहरु, संजाल, संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ।

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | ईकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार बर्ष (०७८ /०७९) | कुल लक्ष्य (२०८२/८३) | | |
| **प्रतिफल ४.१: जैविक विविधता संरक्षण, वनको संचिती, काष्ठ र गैरकाष्ठ वन पैदावरको उत्पादन बृद्धि भएको हुनेछ।** | | | | | |
| १.१ वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम | हेक्टर | ० | २० | १०,००० | २० हेक्टर भन्दा बढी क्षेत्रफल भएको ५ वटा बन समूहमा लागू गर्ने |
| १.२ जडीबुटी व्यवसायिक खेती प्रवर्द्धन र प्रशोधन (टिमुर, तेजपात, चिउरी, बाँस, निगालो र अम्रिसो, | हेक्टर | ० | २० | ५,००० | संभाव्यता अध्ययन, कार्ययोजना तयारी, उत्पादन, संकलन, प्रशोधनमा केन्द्रित गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| जडिबुडीजन्य प्रजाती, कुरिलो) | | | | | |
| १.३ हरियाली प्रवर्धन तथा वृक्षारोपण कार्यक्रम | हेक्टर | ५ | २० | १०,००० | खाली डाँडापाखा र स्थानमा समुदायको सहभागितामा गर्ने |
| १.४ निजी, कृषि वन र विरुवा उत्पादन कार्यक्रम | हेक्टर | ० | २० | ६,००० | सम्बन्धित निकायको सहयोगमा नर्सरी स्थापना गरी विरुवा उत्पादन गर्ने |
| १.५ वन डढेलो नियन्त्रण कार्यक्रम | हेक्टर | ० | २,२०० | ५,००० | अग्निरेखा निर्माण, सरसफाई र समुदाय सचेतना तथा तालिम संचालन गर्ने |
| १.६ वनजन्तु संरक्षण कार्यक्रम | पटक | ० | ५ | १,५०० | वन समूह र इकोक्लब मार्फत रतुवा मृग लगायत वन्यजन्तुको संरक्षण गर्ने |
| १.७ वन पैदावार चोरी निकासी नियन्त्रण अभियान | संख्या | ० | २१ | ६,००० | हेरालुको व्यवस्था गरी गापा भित्रका वनहरु सवैमा लागु गर्ने |
| १.८ वन व्यवस्थापन कार्यविधि | संख्या | ० | १ | १,००० | गापा स्तरीय |
| **वन तथा जैविक विविधिता जम्मा** | | | | **४४,५००** | |
| **प्रतिफल ४.२: जल, जमीन र जलाधारका अन्य श्रोतको संरक्षण तथा गुणस्तरमा बृद्धि भएको हुनेछ।** | | | | | |
| २.१ नदी, खोला खोल्सा नियन्त्रण तथा तटबन्धन | किमी | ० | १५ | १०,००० | गपामा रहेका खोलाहरुमा संञ्चालन गर्ने |
| २.२ पहिरो नियन्त्रण र व्यवस्थापन | स्थान | ० | १० | १०,००० | गपाको जोखिमयुक्त स्थानमा |
| २.३ पानीका मुहान संरक्षण कार्यक्रम | स्थान | ० | १० | १०,००० | गपाका १० वटा मुख्य मुहानहरु संरक्षण गरिने |
| २.४ विकासका पूर्वाधार संरक्षण | कि.मी. | ० | २० | १०,००० | सडक, सिंचाई, खानेपानी भवन जस्ता पूर्वाधारमा जैविक तथा वायो इञ्जिनियरिङ्ग |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | संरचना निर्माण गरी संरक्षण गर्ने |
| २.५ भू–उपयोग क्षेत्र पहिचान तथा निर्धारण | पटक | ० | १ | १,००० | भूबनौट, क्षमता, उपयुक्तता, वर्तमान उपयोग र आवश्यकताको आधारमा क्षेत्र निर्धारण गर्ने |
| २.६ कालिगण्डकी नदीको नदिजन्य पदार्थको अवैध उत्खनन् नियन्त्रण | | | ५ | २५०० | वातावरण अध्ययन, क्षति न्यूनीकरण तथा प्रभाव अध्ययन मार्फत उत्खनन |
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापन जम्मा** | | | | **४३,५००** | |
| **प्रतिफल ३: पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाईमा अभिबृद्धि भएको हुनेछ ।** | | | | | |
| ३.१ पूर्ण सरसफाईको मापदण्ड र सूचकको पालना अभियान कार्यक्रम | वडा | ० | ५ | १००० | खानेपानी तथा सरसफाई उपभोक्ता समिति र टोल स्तरीय महिला संरक्षण मंच परिचालन गरी गर्ने |
| ३.२ वडा र टोल प्रतिस्पर्धामूलक सरसफाई कार्यक्रम | टोल | ० | ५० | १५००० | वडा समितिको पहलमा महिला संरक्षण मंच र खानेपानी र सरसफाई उपभोक्तासँग साझेदारीमा गर्ने |
| ३.३ ल्याण्डफिल साइटको छनौट, साइट निर्माण र प्रशोधन कार्यक्रम | स्थान | ० | १ | १०००० | संभाव्यता अध्ययनको आधारमा डिपिआर तयार गर्ने |
| ३.४ फोहोरमैला व्यवस्थापन कार्यक्रम (सार्वजनिक स्थल र मुख्य पदमार्गमा डष्ट विन, कम्पोष्ट विन, फोहोर खाडल, तालिम) | परिवार | ० | ३,३७७ | ६७५४ | घरधुरी र संस्थागत स्तरमा व्यवस्थापन गर्ने |
| ३.५ वरपिपल, तुलसी, चाँप र लाकुरी रोपण | वटा | 0 | १,००० | १००० | सार्वजनिक स्थान र सडको दायाँबायाँ केन्द्रित गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.६ पिक्निक स्थल, पार्क तथा उद्यानको निमाण कार्यक्रम | वटा | ८ | २० | ४०००० | गापा स्तर |
| ३.७ सार्वजनिक शौचालय निमाण तथा व्यवस्थापन | संख्या | १० | ४५ | २२५०० | सवै वडामा |
| **वातावरण तथा फोहोरमैला व्यवस्थापन जम्मा** | | | | **९६,२५४** | |
| **प्रतिफल ४ : विपद् जोखिम तथा विपद्जन्य क्षति न्यूनीकरण भएको हुनेछ ।** | | | | | |
| ४.१ वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति गठन, क्षमता विकास (खोज उद्दार सामग्री, कृत्रिम अभ्यास, प्राथमिक उपचार तथा खोज उद्दार तालिम) | संख्या | ० | ४५ | २२५० | टोलस्तरीय महिला संरक्षण मंच परिचालन गर्ने |
| ४.२ बाढी, पहिरो र आगलागीबाट हुने जोखिम क्षेत्र, पहिचान, नक्शाकंन र पूर्व तयारी | पटक | ० | १ | १२०० | गुगल तथा जिआइएस नक्शाकंन विधिबाट गर्ने |
| ४.३ न्यूनतम पूर्वाधारसहितको आपत्कालीन सामुदायीक आश्रयस्थल निर्माण | स्थान | ० | २५ | १२५०० | हरेक टोलमा आवश्यक जग्गाको व्यवस्था सहित संरचना र सामाग्री व्यवस्था गर्ने |
| ४.४ दमकलको व्यवस्थापन | संख्या | ० | १ | ९००० | छिमेकी स्थानीय सरकारसँग समन्वय र सहकार्य गरी दमकलको व्यवस्था गर्ने |
| ४.५ वन्यजन्तु (बाँदर, दुम्सी, चितुवा, बँदेल) बाट सुरक्षा कार्यक्रम | वडा | ० | ५ | १५०० | साइरन, खाडल, तारबार आदिको प्रयोग निमन्त्रणको व्यवस्था गर्ने |
| ४.६ विपद् व्यवस्थापन कोष बृद्धि तथा संचालन | वडा | ० | ६ | ४५००० | गाउँपालिकाको रकम बृद्धि गर्ने र अन्य सरोकारबाला निकाय बाट कोषमा योगदानको लागि पैरबी गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| **विपद् व्यवस्थापन जम्मा** | | | | **७१,४५०** | |
| **वन, वातावरण र विपद् कुल जम्मा** | | | | **१५९,४५०** | |

# परिच्छेद ८ संस्थागत विकास तथा सुशासन योजना

## ८.१ वस्तुस्थिति विश्लेषण

संस्थागत विकास र सेवा प्रवाह एउटा बृहद बिषय क्षेत्र हो । यस अन्तर्गतका समेटिने विषयहरु मानव संसाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार, नागरिक वडापत्र, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखा परीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परीक्षण र सूचना तथा सञ्चार व्यवस्थापन पर्दछन् । माथि उल्लेखित बिषयगत क्षेत्र र उपक्षेत्रहरू उपर यो योजना तर्जुमाको सिलसिलामा बिभिन्न सरोकारवालाहरूसंग भएको छलफलका आधारमा यस नगरपालिकाको वर्तमान अवस्था यस प्रकार बिश्लेषण गरिएको छ ।

### ८.१.१ ऐन कानून तर्जुमा

**विद्यमान अवस्था, संभावना तथा अवसर**

नेपालको संविधान २०७२ ले व्यवस्था गरे अनुसार संघीय व्यवस्था कार्यान्वयनमा आएपछि गठन भएको स्थानीय सरकारलाई स्थानीय स्तरको विकास र निर्माणका लागि योजना तथा बजेट तर्जुमा गर्ने, कार्यान्वयन र अनुगमन गर्ने लगायत विभिन्न ऐन, कानून, निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्ने अधिकार प्राप्त भएको छ । यसै अनुसार घिरिङ गाउँपालिका क्रमश अघि बढिरहेकोछ । समय अनुसार आफूलाई चाहिने कतिपय ऐन, कानून जस्तै आर्थिक, शिक्षा, सहकारी,  बिनियोजन, कृषि  विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन लगायत अन्य ऐन तथा नियमावली तर्जुमा गरेकोछ ।

**समस्या तथा चुनौती**

दक्ष जनशक्तिको अभाव, बिषयबस्तुको ज्ञानको कमीले गर्दा कतिपय आवश्यक ऐन नियम, नियमावलीहरु बनिरहेका छैनन । जनप्रतिनिधिहरुको दक्षता अभिबृद्धि गर्दै त्यस्ता कानूनहरु बनाउनु जरुरी छ ।

### ८.१.२ संस्थागत विकास

**विद्यमान अवस्था, संभावना तथा अवसर**

आफ्नो भूमिकालाई प्रभावकारी रूपमा निर्वाह गर्नका लागि हाल गाउँपालिकाको कार्यालयको काम कारवाही अस्थायी भवनबाट भईरहेकोछ । केहीहद सम्म बिषयगत पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासका तालिमहरु संचालन भएको देखिन्छ।

**समस्या तथा चुनौती**

यो भवनबाट गाउँपालिकाले दिनु पर्ने सबै प्रकारका सेवा सुविधाहरु दिन कठीन हुनाले गाउँपालिका कार्यालयको एक आधुनिक तथा सुविधा सम्पन्न भवन बनाउनु पर्ने देखिन्छ । साथै सबै वडा कार्यालयहरुको आफ्नै भवन नभएकाले वडा कार्यालयको नयाँ भवन बनाउनु पर्ने देखिन्छ । कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूमा बिद्युत वा वैकल्पिक ऊर्जाको भरपर्दो व्यवस्थासहित कम्प्यूटर, स्क्यानर, फोटोकपी, प्रिण्टर, राजस्व रसीद, योजना तथ्यांक, राजस्व, सहितका सफ्टवेयरको व्यवस्था गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

त्यस्तै गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरिएको हुनाले गाउँपालिकालाई बिषयगत शाखा, उपशाखा र इकाई तथा विभिन्न विषयगत तथा तहगत के कति कर्मचारीआवश्यक पर्ने सो निर्क्योल भएको देखिदैन।

### ८.१.३ स्रोत परिचालन

#### विद्यमान अवस्था, संभावना तथा अवसर

गाउँपालिकाको आन्तरिक आय (घर, जग्गा, व्यवसाय, सिफारिस, गिट्टि, बालुवा विक्री) ज्यादै थोरै छ। यो गाउँपालिकाको आवश्यकताको तुलनामा आम्दानी नगन्य छ। नेपाल सरकारबाट आ व २०७६।७७ मा रु ३८ करोड अनुदान प्राप्त भएको थियो। यसैलाई आधार मान्ने हो भने संघिय र प्रदेश सरकारबाट बार्षिक लगभग रु ३८ देखि ४५ करोडसम्म अनुदान आउने सम्भावना देखिन्छ। यस गाउँपालिकामा गैसस तथा अरु विकासका साझेदारहरू थोरै संख्यामा छन्। कृषि उत्पादन, पशुपालन र स्थानीय उद्योगलाई व्यवसायीकरण गरी थोरै भए पनि उद्योगीहरूलाई करको दायरामा ल्याउन सके भविष्यमा नगरपालिकाको आन्तरिक आम्दानीका स्रोतहरू बढाउन सकिने सम्भावना देखिन्छ।

#### समस्या तथा चुनौती

गाउँपालिकाले आफ्नो पर्याप्त आन्तरिक आम्दानीको स्रोत के के हुन सक्छन भनेर निर्क्यौल गरिनसकेको अवस्था समस्या र चुनौतीको रुपमा रहेकोछ। एकीकृत सम्पत्ती कर, व्यवसाय कर र दस्तुर संकलनलाई व्यवस्थित गर्न आवश्यक देखिन्छ।

### ८.१.४ योजना व्यवस्थापन

#### विद्यमान अवस्था, संभावना तथा अवसर

गाउँपालिका गठन भएपछि पहिलोपल्ट घरधुरीको तथ्याङ्कसहित वस्तुगत विवरण तयार भएको छ। स्थानीय सरकार संचालन ऐनले व्यवस्था गरे अनुरुप बार्षिक तथा आवधिक योजना तर्जुमा प्रक्रियालाई व्यवस्थित गर्न पाँचवटा विषयगत योजना तर्जुमा समिति गठन गरी योजना तर्जुमाको अभ्यास शुरु भएको छ।

योजनाहरु संचालन गर्नका लागि उपभोक्ता समिति गठन गरी उनीहरुलाई अभिमुखीकरण गराउने गरिएको देखिन्छ।

#### समस्या तथा चुनौती

योजना संचालनका लागि समय समयमा अनुगमन हुने गरे पनि अनुगमन गर्नु पूर्वतयारी राम्रोसँग हुनुपर्ने देखिन्छ। अनुगमन गर्न जानु अघि चेक लिष्ट बनाई सो को आधारमा अनुगमन गर्ने गरिएको देखिदैन।

### ८.१.५ सुशासन

सुशासन एउटा अन्तरविषयिक अवधारणा हो। नेपालको संविधानको धारा ५१ को खण्ड (ख) ४ मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निश्पक्ष पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउंदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने भनिएको छ। यसै

संवैधानिक परिकल्पना साकार पार्नका लागि केन्द्र सरकारले जनतालाई सुशासन दिन्छौ भन्ने राष्ट्रिय नारा अगाडि सारेको छ। यो राष्ट्रिय नारा केन्द्र सरकारको मात्र नभएर सबै तहका सरकारको हो। सुशासन भन्नाले नीति नियमहरुको व्यवस्था गर्नु र तिनीहरुको कार्यान्वयन भए नभएको नियमित अनुगमन गर्नु नै हो। गाउँको समग्र विकासका लागि नीति नियमहरुको तर्जुमा गर्नु मात्र पर्याप्त हुँदैन तिनीहरुको कार्यान्वयन नै अनिवार्य शर्त हो । सुशासनबाट मात्र नै गाउँपालिकाले आफ्नो उद्देश्य प्राप्त गर्न सक्दछ। त्यसैले गाउँपालिकाले सुशासनका न्यूनतम मापदण्डहरू तयार गरी सबै बिषय र क्षेत्रमा गरिने काममा जनताले अनुभूति गर्ने गरी सुधार गर्न आवश्यक देखिन्छ।

हरेक वडा कार्यालयहरुमा क्षतिपुर्ति सहितको नागरिक वडापत्र राख्नु पर्नेछ। साथै सार्वजनिक लेखा परीक्षण गर्दा आर्थिक पक्ष मात्र नहेरी कामको गुणस्तरको लेखाजोखा पनि हुन जरुरी छ। सेवाग्राहीको सन्तुष्टी मूल्यांकन गर्ने परिपाटी बसाली सुशासनको प्रत्याभूति दिनु अति जरुरी देखिन्छ। नागरिकलाई सूचनाको जानकारीमा सहज पहुँचका लागि गाउँपालिकाले आफ्नो वेवसाईट बनाउने र त्यसलाई नियमित अद्यावधिक गरिरहनु पर्दछ। साथै निर्वाचित पदाधिकारी र कर्मचारीको योजना तर्जुमा, कार्यान्वयन अनुगमन सम्बन्धी क्षमता अभिबृद्धि गर्दै स्थानीय तहको अधिकार क्षेत्रका विषयमा आवश्यकता अनुसार ऐन, नियम, विनियम, निर्देशिका तथा कार्यविधि तर्जुमा गर्ने कामलाई तिव्रता दिई राम्रो सुशासनको क्षेत्रमा अभुतपूर्व फड्को मार्नु जरुरी छ।

## ८.४ लक्ष्य तथा उद्देश्य

सुशासन तथा सँस्थागत विकास बिषयगत क्षेत्रको लक्ष्य र उद्देश्य निम्न अनुसार रहेको छ।

**लक्ष्यः** गाउँपालिका तथा वडा कार्यालयहरुलाई सशक्त स्थानीय सरकारका रूपमा स्थापित गरी यसका वरीपरी रहेर कामगर्ने सबै सरोकारवालाहरुको कार्यसम्पादनमा पारदर्शीता, सहभागिता, सामाजिक समावेसीकरण र जवाफदेहिताको स्तर जनताले प्रत्यक्ष अनुभूति गर्न सक्ने स्तरमा बृद्धि गर्ने।

**उद्देश्यः** सुशासन तथा सँस्थागत विकास बिषयगत क्षेत्रको लक्ष्य प्राप्त गर्नको लागि निम्न अनुसारका उद्देश्यहरु निर्धारण गरिएको छ।

१. गाउँपालिका तथा वडा कार्यालयहरूको संस्थागत क्षमता, मानव संशाधन र कार्य दक्षतामा बृद्धि भएको हुनेछ।
२. स्थानीय कानून, नीति तर्जुमा चुस्त दुरुस्त र पालना अभि बृद्धि भएको हुनेछ।
३. गाउँपालिकाको आन्तरिक तथा वाह्य श्रोत परिचालनमा बृद्धि भएको हुनेछ।
४. योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन नतिजामूलक र प्रभावकारी भएको हुनेछ।

## ८.५ रणनीति तथा कार्यनीति

सुशासन तथा सँस्थागत विकास बिषयगत क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्त गर्नका लागि आवश्यक रणनीति तथा कार्यनीतिको तर्जुमा गर्नु पर्ने हुन्छ। यस्का लागि निम्न अनुसारका रणनीति तथा कार्यनीतिहरु तर्जुमा गरिएका छन्।

**रणनीति**

१. विगतको बजेट भागबण्डाको संस्कारलाई निरुत्साहित गर्दै भागबण्डा र प्राथमिकतामा सन्तुलन ल्याउने नीति लिने ।

२. सम्बृद्ध नेपालको सन्दर्भमा काम गर्ने तरिका विकसित प्रविधिको अत्याधिक प्रयोगगरी व्यापक सुधार र प्रभावकारिता ल्याउने ।

३. पालिकामा पैसा (बजेट) आउँछ भन्दैमा जसले जे दिए पनि लिने संस्कारबाट मुक्त हुदै बहिरबाट थोपरिएको कार्यक्रमले कालान्तरमा ठूलो मूल्य चुकाउनु पर्ने पक्षमा सुरुदेखि नै सचेत हुने ।

**कार्यनीति**

१. यस गाउँपालिकामा बेरुजु आउने अवस्था सिर्जना नहुने गरी कार्यक्रमहरू संचालन गरिनेछन् । कतैबाट सैद्धान्तिक बेरुजु आएमा जसका कारणले बेरुजु आएको छ उसैलाई जिम्मेवार वनाई यथाशीघ्र फर्छयौटको कदम चालिने छ ।

२. गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरूले गर्ने काममा कुनै पनि खालको ढिला सुस्ती हुन नपाउने व्यवस्था गरिने छ ।

३. कुनै व्यक्तिका कारणले जनताले दुखसास्ती र क्षति भोग्नुपरेमा त्यस्तो व्यक्तिबाट पीडितलाई क्षतिपुर्ति पाउने व्यवस्था सहितको नियम बनाउने ।

**विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्याक्रम तथा आयोजना (सुशासन तथा संस्थागत विकास)**

| रणनीतिक कार्यक्रम र आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत, लक्षित वर्ग वा आयोजनाको विवरण |
|---|---|---|---|---|---|
| | | आधार बर्ष (२०७८/०७९) | कूल लक्ष्य (२०८२/०८३) | | |
| **सुशासन, ऐन कानून तर्जुमा तथा जवाफदेहिता** | | | | | |
| क. विभिन्न ऐन,नियमावली, कार्यविधि, निर्देशिका निर्माण | संख्या | ३४ | ५० | २५०० | |
| ख. सार्वजनिक सुनुवाई | संख्या | | १५ | ७५० | बार्षिक रुपमा गरिने |
| ग. सामाजिक परीक्षण | संख्या | | ५ | १००० | बार्षिक रुपमा गरिने |
| घ. बार्षिक प्रगति समीक्षा | संख्या | ० | ५ | २५० | बार्षिक रुपमा गरिने |
| ङ. वेवसाईट संचालन | संख्या | १ | ५ | १५० | बार्षिक रुपमा गरिने |

| | | | | | |
|---|---|---|---|---|---|
| च. बजेट पुस्तिका प्रकाशन तथा सार्वजनिकीकरण | संख्या | ० | ५ | १००० | |
| छ. क्षतिपूर्ति सहितको नागरिक बडापत्र | संख्या | ० | ५ | १२०० | |
| ज. गाउँपालिकाको पार्श्वचित्र आध्यावाधिक तथा डिजिटल , मोबाइल यापमा आधारित निर्माण | संख्या | १ | २ | ८००० | |
| **सुशासन, ऐन कानून तर्जुमा तथा जवाफदेहिता को जम्मा रकम** | | | | **१४,८५०** | |
| **मानव संसाधन तथा संस्थागत विकास** | | | | | |
| क. पदाधिकारीको क्षमता विकास | संख्या | **०** | | | |
| पदाधिकारीहरुको तालिम आवश्यकताको पहिचान | | | | | |
| ● क्षमता अभिबृद्धि तालिम | संख्या | | १० | २८०० | नेतृत्व विकास, वस्तुस्थिति विश्लेषण क्षमता, योजना तर्जुमा |
| ● अवलोकन भ्रमण | संख्या | १ | ५ | २५०० | |
| ख. कर्मचारीको क्षमता विकास | | | | | |
| ● बृत्ति विकास सम्बन्धी तालिम | संख्या | ० | ३ | १५०० | |
| ● सेवा प्रवाह सम्बन्धी आवश्यक सीप विकास तालिम | संख्या | ० | ५ | १८०० | |
| ग. प्रशासकीय भवन | | | | | |
| ● गाउँपालिका भवन संचालन तथा मर्मत | संख्या | ० | १ | १५०० | |
| ● वडा कार्यालय भवन संचालन तथा मर्मत | संख्या | ५ | ५ | ८०० | |
| घ. कार्यालय भवनका लागि आवश्यक उपकरण | | | | | |
| ● गाउँपालिका कार्यालय | सँख्या | १ | | ३००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ● वडा कार्यालय | सँख्या | ५ | | ३००० | मेलमिलाप केन्द्र समेत |
| ● मेलमिलाप केन्द्रको व्यवस्थापन | सँख्या | ६ | ६ | ३००० | |
| **मानव संसाधन तथा संस्थागत विकासको जम्मा रकम** | | | | **१९,९००** | |
| **वित्तीय स्रोत परिचालन** | | | | | |
| क. राजस्व स्रोत पहिचान तथा प्रक्षेपण | अध्ययन | ० | १ | ५०० | |
| योजना व्यवस्थापन | | | | | |
| क. योजना तर्जुमा सम्बन्धी गोष्ठी | संख्या | ५ | २५ | ८०० | वडा तहमा गरिने |
| ख. बार्षिक योजना तयारी | संख्या | १ | ५ | १५०० | |
| ग. योजना तर्जुमामा गर्न समन्वय | संख्या | १ | ५ | ६२५ | |
| घ.बिषयगत समितिको बैठक | संख्या | ३ | २५ | २५० | |
| **वित्तीय स्रोत परिचालन को जम्मा** | | | | **३,६७५** | |
| **कुल जम्मा** | | | | **३८,४२५** | |

# परिच्छेद ९  गाउँपालिका गौरवका योजना

घिरिंग गाउँपालिकाको आवधिक योजनाले निर्धारण गरेको लक्ष्य तथा उदेश्य प्राप्तिका लागि विकासका क्षेत्रगत कार्यक्रमहरुका साथै गाउँपालिका स्तरीय गौरवका योजना तथा कार्यक्रमहरु छनौट गरिएको छ। यी आयोजन तथा कार्यक्रमहरु पालिकाको विकासका लागि महत्वपुर्ण रुपमा हेरिएको छ। यी आयोजना तथा कार्यक्रमहरु कार्यन्वयनका लागि पालिकाबाट बिशेष पहलकदमी गर्नु पर्चा साथै घिरिंगको समग्र बिकासका लागि थप उपलब्धि हासिल गर्न स्थानीय, प्रदेश तथा संघिय स्तरमा समन्वय र साझेदारी गर्नुपर्छ। जसबाट श्रोत व्यवस्थापनमा ठुलो सहयोग पुग्ने अनुमान गरिएको छ। यस आवधिक योजनाको अवधिमा कार्यन्वयन गरिने पालिका स्तरीय गौरवका योजनाहरु तल समावेश गरिएको छ।

| सि नं | आयोजनाको नाम | अनुमानित लागत (रु हजारमा ) | उदेश्य | सम्पन्न अवधि | सम्भावित श्रोत | क्षेत्र |
|---|---|---|---|---|---|---|
| १ | अत्रौली शीत भणंडार | २०,०००।०० | कृषि विकास | २०८२/८३ | संघ र गाउँपालिका | आर्थिक |
| २ | अदुवा प्रसोधन केन्द्र | १०,०००।०० | कृषि विकास | २०८२/८३ | संघ प्रदेश गाउँपालिका | आर्थिक |
| ३ | सुन्तला पकेट क्षेत्र | ३०,०००।०० | कृषि विकास | २०८२/८३ | प्रदेश र गाउँपालिका | आर्थिक |
| ४ | वाख्रा पालन पकेट क्षेत्र | ५०,०००।०० | कृषि विकास | २०८२/८३ | प्रदेश र गाउँपालिका | आर्थिक |
| ५ | घुमाउने ताल | ५,०००।०० | पर्यटन प्रवर्धन | २०८२/८३ | संघ, प्रदेश, गाउँपालिका | भौतिक पूर्वाधार |
| ६ | कालिगण्डकी र्याफ्टिङ्ग | ५,०००।०० | पर्यटन प्रवर्धन | २०८२/८३ | प्रदेश र गाउँपालिका | भौतिक पूर्वाधार |
| ७ | थानी देवी मन्दिर निर्माण | ५,०००।०० | पर्यटन प्रवर्धन, धर्म संस्कृति सन्रक्षन् | २०८२/८३ | प्रदेश र गाउँपालिका | भौतिक पूर्वाधार |
| ८ | कालाभैरव मन्दिर संरक्षण | ६,०००।०० | पर्यटन प्रवर्धन, धर्म संस्कृति सन्रक्षन् | २०८२/८३ | प्रदेश र गाउँपालिका | सामाजिक |
| ९ | राजभयर मन्दिर संरक्षण | ५,०००।०० | पर्यटन प्रवर्धन, धर्म संस्कृति सन्रक्षन् | २०८२/८३ | प्रदेश र गाउँपालिका | सामाजिक |
| १० | बालीघाट  संरक्षण | ८,५००।०० | पर्यटन प्रवर्धन, धर्म संस्कृति सन्रक्षन् | २०८२/८३ | प्रदेश र गाउँपालिका | सामाजिक |
| ११ | घुमरीघाट संरक्षण | ८,५००।०० | पर्यटन प्रवर्धन, धर्म संस्कृति सन्रक्षन् | २०८२/८३ | प्रदेश र गाउँपालिका | सामाजिक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **१२** | भन्टार बालउद्धन | १५,०००।०० | बालबालिका, युवाहरुको वृत्ति विकास | २०८२/८३ | प्रदेश र गाउँपालिका | सामाजिक |
| **१३** | शालिग्राम करिडोर | २४०,०००।०० | यातायात व्यवस्था सर्वसुलभ र सहज बनाउन | २०८२/८३ | संघिय सरकार | भौतिक पूर्वाधार |
| **१४** | कृष्ण मोटर मार्ग | १८०,०००।०० | यातायात व्यवस्था सर्वसुलभ र सहज बनाउन | २०८२/८३ | संघ, प्रदेश, गाउँपालिका | भौतिक पूर्वाधार |
| **१५** | चक्रदेवी मोटर मार्ग | ३०,०००।०० | यातायात व्यवस्था सर्वसुलभ र सहज बनाउन | २०८२/८३ | प्रदेश र गाउँपालिका | भौतिक पूर्वाधार |
| **१६** | भिमाद घुमारीघाट सडक | ५०,०००।०० | यातायात व्यवस्था सर्वसुलभ र सहज बनाउन | २०८२/८३ | संघ, प्रदेश, गाउँपालिका | भौतिक पूर्वाधार |
| **१७** | गा पाका B लेबलको बाटो | ६१,६३२।१५ | यातायात व्यवस्था सर्वसुलभ र सहज बनाउन | २०८२/८३ | प्रदेश र गाउँपालिका | भौतिक पूर्वाधार |
| | **जम्मा** | **७२९,६३२।१५** | | | | |






"कृषि, पर्यटन, एतिहासिक धरोहर , सम्बृद्ध घिरिङ निर्माणमा हाम्रो सरोकार "

# परिच्छेद १० कार्यान्वयन व्यवस्था

## १०.१ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

आवधिक विकास योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न संघीय शासन व्यवस्था अनुसार संवैधानिक अधिकारसहित स्थापित यस गाउँपालिकाले तत्काल संवैधानिक व्यवस्था बमोजिम कार्यविभाजन तथा कार्यसम्मादन नियमावली तयार तथा स्वीकृत गरी लागू गर्नु पर्ने देखिन्छ । यसैगरी कर्मचारी समायोजन भैसकेको अवस्थामा वडा कार्यालय समेत गाउँ कार्यपालिकाबाट प्रवाह गर्ने सेवा सुविधा र सम्पादन गर्ने कार्यलाई प्रभावकारी र नतिजामुखी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यालयको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण तयार गर्नु पर्ने देखिन्छ । यस गाउँपालिकाको सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित नमूना संगठन संरचना तथा कर्मचारी दरबन्दीलाई अनुशरण गर्ने प्रयास गरिएको छ ।

उक्त संगठन संरचना अनुसार यस गाउँपालिकाको सन्दर्भमा सामान्य प्रशासन शाखा, राजस्व तथा आर्थिक प्रशासन शाखा, सहरी पूर्वाधार विकास शाखा, आर्थिक विकास शाखा, सामाजिक विकास शाखा, वन, वातावरण तथा फोहोरमैला व्यवस्थापन शाखा, भुमि व्यवस्था तथा भवन नियमन शाखा, न्याय कानुन तथा मानव अधिकार शाखा, योजना अनुगमन तथा तथ्यांक शाखा गरी ९ वटा शाखाहरु प्रस्ताव गरिएका छन् । प्रस्तावित संगठन अनुसार कतिपय शाखा, उपशाखा, इकाई स्थापना भई संचालनमा रहेका छन् भने कतिपय गठनको प्रक्रियामा रहेका छन् । यसैगरी प्रस्तावित दरबन्दी अनुसार केही शाखा, इकाई र केन्द्रमा कर्मचारीको पदपूर्ती भएको छ भने कतिपयमा हुन बाँकी रहेको छ । उपलब्ध विवरण अनुसार यस गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत समेत १३जना अधिकृत ४० जना सहायकस्तर र १५ जना कार्यालय सहयोगी कार्यरत रहेका छन् । यस गाउँपालिकाको संगठन संरचना देहायअनुसार रहेको छ ।


गाउँसभा
गाउँकार्यपालिका
न्यायिक समिति
अध्यक्ष
उप-प्रमुख
वडा समिति
गाउँपालिका कार्यालय
वडा कार्यालय
वडा सचिव
प्रमुख प्रशासकीय अधिकृत
सामान्य प्रशासन शाखा
राजश्व तथा आर्थिक प्रशासन शाखा
शहरी पूर्वाधार विकास शाखा
आर्थिक विकास शाखा
सामाजिक विकास शाखा
वन,वातावरणतथा फोहोरमैला व्यवस्था
भूमि व्यवस्थापन तथा भवन नियमन
न्याय,कानून तथा मानव अधिकार
योजना,अनुगमन तथा तथ्याङक शाखा

### १०.२ स्रोत अनुमान तथा प्रक्षेपण

गाउँ कार्यपालिकाको नेतृत्वमा तर्जुमा भएको यस प्रथम आवधिक विकास योजना गाउँपालिका लगायत स्थानीय स्तरका सबै सरोकारवालाहरुको सार्थक सहयोग र प्रयत्नबाट कार्यान्वयन हुनेछ। नतिजा तालिकामा उल्लेखित नतिजा प्राप्त गर्न तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा गाउँपालिकाले आन्तरिक र वाह्य श्रोतबाट हासिल गर्ने आयका अतिरिक्त सबै सरोकारवाला स्रोतहरुको प्रक्षेपण गरी योजनाको लागि उपलब्ध हुन सक्ने कूल स्रोतको प्रक्षेपण गरिएको छ। आवधिक योजनाको ५ वर्ष अवधिका लागि आन्तरिक, वाह्य श्रोत, जनसहभागिता र अन्य स्रोतबाट जम्मा रु २ अरब ८७ करोड ७७ लाख ५ हजार स्रोत उपलब्ध हुन सक्ने अनुमान गरिएको छ। स्रोत अनुसारको संभाव्य आय प्रक्षेपण विस्तृतमा देहायअनुसार प्रस्तुत गरिएको छ।

## तालिका  प्रक्षेपण गरिएको आवधिक बार्षिक बजेट

| बजेटका स्रोतहरु | अघिल्लो आव | आधार वर्ष | बार्षिक श्रोत  प्रक्षेपण (आर्थिक बर्ष अनुसार रकम रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | कूल |
| आन्तरिक आय रकम | १७४२३ | ७११९१ | ७८३१० | ८६१४१ | ९४७५५ | १०४२३१ | **४३४,६२८** |
| संघ सरकारको राजस्व बाँडबाँड | ६८१११ | ६८५९१ | ७५४५० | ८२९९५ | ९१२९५ | १००४२४ | **४१८,७५५** |
| प्रदेश सरकारको राजस्व बाँडबाँड | ३२३१ | ४५६६ | ५०२३ | ५५२५ | ६०७७ | ६६८५ | **२७,८७६** |
| संघ सरकार वित्तीय समानीकरण अनुदान | ८६६०० | ९०००० | ९९००० | १०८९०० | ११९७९० | १३१७६९ | **५४९,४५९** |
| संघ सरकारको सशर्त अनुदान | १५०७०० | १५७१०० | १७२८१० | १९००९१ | २०९१०० | २३००१० | **९५९,१११** |
| संघ सरकारको समपुरक अनुदान | ११५०० | १२५०० | १३७५० | १५१२५ | १६६३८ | १८३०१ | **७६,३१४** |
| प्रदेश सरकार वित्तीय समानीकरण अनुदान | १२१६३ | ९९५२ | १०९४७ | १२०४२ | १३२४६ | १४५७१ | **६०,७५८** |
| प्रदेश सरकारको ससर्त अनुदान | ५००० | ० | ० | ० | ० | ० | **०** |
| प्रदेश सरकारको समपुरक अनुदान | ० | ८००० | ८८०० | ९६८० | १०६४८ | ११७१३ | **४८,८४१** |
| प्रदेश सरकारको विशेष अनुदान | ० | २००० | २२०० | २४२० | २६६२ | २९२८ | **१२,२१०** |
| अन्य | ० | २७५०० | ३०२५० | ३३२७५ | ३६६०३ | ४०२६३ | **१६७,८९०** |
| गत बर्षको अ ल्या | ५३०२५ | ७११९१ | | | | | **७१,१९१** |
| जि स स तनहुँबाट प्राप्त हुने | ११००० | ८३०० | ९१३० | १००४३ | ११०४७ | १२१५२ | **५०,६७२** |
| **कुल बार्षिक बजेट** | **४१८,७५४** | **५३०,८९१** | **५०५,६७०** | **५५६,२३७** | **६११,८६१** | **६७३,०४७** | **२,८७७,७०५** |



रु हजार
१२०००००
१००००००
८०००००
६०००००
४०००००
२०००००
०
४३४६२८
४१८७५५
२७८७६
५४९४५९
९५९१११
७६३१४
६०७५८
०
४८८४१
१२२१०
१६७८९१
७११९१
५०६७२
आन्तरिक आय रकम
संघ सरकारको राजस्व बाँडबाँड
प्रदेश सरकारको राजस्व बाँडबाँड
संघ सरकार वित्तीय समानीकरण अनुदान
संघ सरकारको सशर्त अनुदान
संघ सरकारको समपुरक अनुदान
प्रदेश सरकार वित्तीय समानीकरण अनुदान
प्रदेश सरकारको ससर्त अनुदान
प्रदेश सरकारको समपुरक अनुदान
प्रदेश सरकारको विशेष अनुदान
अन्य
गत बर्षको अ ल्या
जि स स तनहुँबाट प्राप्त हुने
15%
15%
1%
19%
33%
3%
2%
0%
2%
0%
6%
2%
2%
आन्तरिक आय रकम
संघ सरकारको राजस्व बाँडबाँड
प्रदेश सरकारको राजस्व बाँडबाँड
संघ सरकार वत्तीय समानीकरण अनुदान
संघ सरकारको सशर्त अनुदान
संघ सरकारको समपुरक अनुदान
प्रदेश सरकार वत्तीय समानीकरण अनुदान
प्रदेश सरकारको ससर्त अनुदान
प्रदेश सरकारको समपुरक अनुदान

## १०.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट

| | |
|---|---|
| आर्थिक विकास | 20% |
| सामाजिक विकास | 12% |
| पूर्वाधार विकास | 34% |
| वन तथा वातावरण | 9% |
| संस्थागत विकास र सुशासन | 1% |
| गाउँपालिका गौरवका योजना | 24% |



योजनाको प्रतिफल क्षेत्रअनुसारको अनुमानित रकम देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.स. | बिषय क्षेत्र तथा उप क्षेत्र | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| **उदेश्य १** | **आर्थिक विकास** | **५८८२२४** | **१९.६२%** |
| प्रतिफल १.१ | कृषि विकास | १४७८२४ | ४.९३% |
| प्रतिफल १.२ | सिंचाई विस्तार | १७७०० | ०.५९% |
| प्रतिफल १.३ | पशु विकास | १७५५०० | ५.८५% |
| प्रतिफल १.४ | पर्यटन प्रवर्द्धन | १११२०० | ३.७१% |
| प्रतिफल १.६ | उद्योग र व्यापार | ११५००० | ३.८४% |
| प्रतिफल १.७ | वित्तीय सेवा, श्रम र रोजगार | २१००० | ०.७०% |
| **उदेश्य २** | **सामाजिक विकास** | **३५९२४०** | **११.९८%** |
| प्रतिफल २.१ | शैक्षिक विकास | ६१८०० | २.०६% |
| प्रतिफल २.२ | स्वास्थ्य तथा पोषण | १६६७०० | ५.५६% |
| प्रतिफल २.३ | खानेपानी तथा सरसफाई | ६६८८५ | २.२३% |
| प्रतिफल २.४ | कला, सँस्कृति तथा भाषा साहित्य | २५३०० | ०.८४% |
| प्रतिफल २.५ | लक्षित वर्ग तथा समावेशीकरण | ११५०० | ०.३८% |
| प्रतिफल २.६ | युवा तथा खेलकुद | २७०५५ | ०.९०% |
| **उदेश्य ३** | **पूर्वाधार विकास** | **१०२६६४७** | **३४.२५%** |
| प्रतिफल ३.१ | सडक तथा यातायात | ४२७६४७ | १४.२७% |
| प्रतिफल ३.२ | आवास, भवन र शहरी विकास | ५००००० | १६.६८% |
| प्रतिफल ३.३ | विद्युत तथा वैकल्पिक उर्जा | ९४००० | ३.१४% |
| प्रतिफल ३.४ | सूचना तथा संचार | ५००० | ०.१७% |
| **उदेश्य ४** | **वन तथा वातावरण** | **२५५७०४** | **८.५३%** |
| प्रतिफल ४.१ | वन तथा जैविक विविधता | ४४५०० | १.४८% |
| प्रतिफल ४.२ | भू तथा जलाधार व्यवस्थापन | ४३५०० | १.४५% |
| प्रतिफल ४.३ | वातावरण तथा फोहोर व्यवस्थापन | ९६२५४ | ३.२१% |
| प्रतिफल ४.४ | विपद व्यवस्थापन र जलवायु | ७१४५० | २.३८% |
| **उदेश्य ५** | **संस्थागत विकास र सुशासन** | **३८४२५** | **१.२८%** |

| | | | |
|---|---|---|---|
| प्रतिफल ५.१ | सुशासन, ऐन कानून तर्जुमा तथा जवाफदेहिता | १४८५० | ०.५०% |
| प्रतिफल ५.२ | मानव संसाधन तथा संस्थागत विकास | १९९०० | ०.६६% |
| प्रतिफल ५.३ | श्रोत परिचालन | ३६७५ | ०.१२% |
| **उदेश्य ६** | **गाउँपालिका गौरवका योजना** | **७२९६३२** | **२४.३४%** |
| **कुल जम्मा** | | **२९९७८७३** | **100%** |

## १०.४ स्रोत परिचालन रणनीति

आवधिक विकास योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रम संचालन गरी अपेक्षित नतिजा हासिल गर्न कूल २ अरब ९९ करोड ७८ लाख ७३ हजार रुपैया आवश्यक पर्ने अनुमान गरिएको छ। आवधिक विकास योजनाको अवधि ५ बर्षमा विभिन्न स्रोतहरुबाट रु २ अरब ८७ करोड ७७ लाख ५ हजार श्रोत प्रक्षेपण गरिएकोमा १२ करोड १ लाख ६६ हजार रुपैया अर्थात ४ प्रतिशत रकम अपुग हुने देखिन्छ। यस सम्बन्धी विवरण देहायअनुसार तालिमामा प्रस्तुत गरिएकोछ।

| आवश्यक श्रोत अनुमान तथा उपलब्ध हुन सक्ने बजेट अनुमान | रकम | प्रतिशत |
|---|---|---|
| आवधिक योजनाको आवश्यक श्रोत अनुमान | २,९९७,८७२,५००.०० | १०० |
| आवधिक योजना अवधिमा उपलब्ध हुन सक्ने श्रोतको प्रक्षेपण | २,८७७,७०६,०००.०० | ९६ |
| अपुग श्रोत | १२०,१६६,५००.०० | ४ |

आवधिक योजना कार्यान्वयनका लागि आवश्यक तथा नपुग श्रोत रकमको परिचालनका लागि देहायअनुसारको रणनीति अख्तियार गरिनेछ।

- आन्तरिक श्रोत (सम्पत्ति कर तथा भूमि कर, वहाल कर तथा विटौरी शुल्क, जडिबुटी कर, अन्य विक्री, विद्युत तथा खानेपानी महशुल, सेवा शुल्क शुल्क) दायरा र दर बढाउने
- संघीय र प्रदेश सरकारसँग अनुदान रकम बढाउन पैरवी गर्ने
- समपुरक तथा विशेष अनुदानको लागि परियोजना प्रस्ताव तयार गरी नेपाल सरकार तथा प्रदेश सरकारबाट अनुदान प्राप्त गर्ने
- गैसस तथा विकास साझेदारसँग थप साझेदारी र सहकार्य गर्ने
- स्वदेश तथा विदेशमा भएका संस्था तथा व्यक्तिबाट सहयोग जुटाउने
- जनश्रम, स्थानीय स्रोत र सामग्री योगदानमा बृद्धि गर्ने

- नीति क्षेत्रको लगानी र साझेदारी अभिवृद्धि गर्ने
- उत्पादनमूलक तथा आयमूलक आयोजनाको लागि आन्तरिक ऋण परिचालन गर्ने
- ताल पोखरी, सिंचाई र विद्युत उत्पादन लगायत आयमूलक आयोजनामा लगानी गरी आयआर्जनको व्यवस्था गर्ने
- छिमेकी स्थानीय सरकारसँग संयुक्त लगानीका आयोजना छनौट गरी श्रोत परिचालन गर्ने
- समुदाय तथा निजी क्षेत्रसँग लागत साझेदारी (६०: ४०) मा कार्यक्रम तथा आयोजना संचालन गर्ने
